ख) खेलमैदान तथा फिल्ड निर्माण गर्दा विनियोजित बजेटबाट निर्माण सम्पन्न पश्चात् तत्काल प्रयोगमा आउने कार्य गर्ने तथा संरचना बनाउने। ग) सम्बन्धित लाभग्राही समूह/उपभोक्ता समितिसँगको समन्वयमा ड्रइङ डिजाइन तयार गर्ने। घ) सो अनुसारको लागत अनुमान तयार गर्ने। ङ) प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र आर्थिक मामिला मन्त्रालयको आ. व. २०८३/८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन अनुसार खरिद प्रक्रिया सञ्चालन गर्ने। च) चालु आ. व. मा नै निर्माण सम्पन्न हुने गरी समयमै खरिद प्रक्रिया सञ्चालन गर्ने। आगामी आ. व. मा दायित्व सिर्जना हुने गरी खरिद कार्य नगर्ने नगराउने। छ) लाभग्राही समूह/उपभोक्ता समितिले अनुगमन समिति गठन गरी सो समितिबाट नियमित अनुगमन गरी गराइ प्रत्येक किस्ता भुक्तानीका लागि सिफारिस गरेको हुनु पर्ने। ज) कार्यालयले निर्माण कार्यको नियमित अनुगमन गरी स्वीकृत ड्रइङ डिजाइन अनुसारको निर्माण कार्य र गुणस्तर कायम गराउने।	• तोकिएको गुणस्तरमा निर्माण कार्य सम्पन्न भएको • प्रतिवेदन समयमै पेश भएको हुने।
८. शालिक निर्माण	
क) शालिक निर्माण गर्ने सम्बन्धमा स्पष्ट नभएको अवस्थामा सम्बन्धित लाभग्राही समूह/उपभोक्ता समिति/संस्थाको सिफारिसका आधारमा मन्त्रालयले संस्थाको उदेश्यसँग मेल खाने विषयको शालिकको विषय यकिन गरी पठाउने। ख) सम्बन्धित संस्था/लाभग्राहीसँगको समन्वयमा कार्यालयले सालिकको आकार, उचाइ, बनावट , प्रयोग हुने सामाग्री तथा आधार संरचनाको ड्रइङ डिजाइन तयार गर्ने गराउने। ग) संस्था/ लाभग्राहीसँगको समन्वयमा उक्त ड्रइङ डिजाइन सम्बन्धित स्थानीय तहबाट स्वीकृत गराउने। घ) सो अनुसारको लागत अनुमान कार्यालयले तयार गर्ने। ङ) प्रचलित सार्वजनिक खरिद ऐन तथा नियम र आर्थिक मामिला मन्त्रालयको आ. व. २०८३/८४ को बजेट कार्यान्वयन सम्बन्धि मार्गदर्शन अनुसार खरिद प्रक्रिया सञ्चालन गर्ने।	• स्वीकृत ड्रइङ डिजाइन र सार्वजनिक खरिद ऐन तथा नियमको पालना भएको। • तोकिएको गुणस्तरमा निर्माण कार्य सम्पन्न भएको • प्रतिवेदन समयमै पेश भएको हुने।

च) चालु आ.व मा नै निर्माण सम्पन्न हुने गरि समयमै खरिद प्रक्रिया सञ्चालन गर्ने। आगामी आ. व. मा दायित्व सिर्जना हुने गरी खरिद कार्य नगर्ने नगराउने। छ) लाभग्राही समूह/उपभोक्ता समितिले अनुगमन समिति गठन गरी सो समितिबाट नियमित अनुगमन गरी गराइ प्रत्येक किस्ता भुक्तानीका लागि सिफारिस गरेको हुनु पर्ने। ज) कार्यालयले निर्माण कार्यको नियमित अनुगमन गरि स्वीकृत ड्रइङ डिजाइन अनुसार गुणस्तरीय निर्माण कार्य गराउने।	
९. खसड इन्जिनियरिङ्ग क्याम्पस, सिलगढी डोटीको शैक्षिक एवम प्रशासनिक भवन निर्माण	
क) क्याम्पससँगको समन्वयमा निर्माण गर्नु पर्ने भवनको ड्रइङ डिजाइन तयारी तथा स्वीकृत गर्ने गराउने। ख) कार्यालयले निर्माण गर्नुपर्ने संरचनाको स्वीकृत ड्रइङ डिजाइन अनुसारको लागत अनुमान तयार गर्ने। ग) प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र आर्थिक मामिला मन्त्रालयको आ.व. २०८३/८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन अनुसार खरिद प्रक्रिया सञ्चालन गर्ने। घ) निर्माण कार्यका लागि आवश्यक पर्ने जग्गा क्याम्पसको नाममा जग्गाधनी पूर्जा वा भोगाधिकार सम्बन्धी कागजात भएको हुनु पर्ने । ङ) चालु आ.व. मै निर्माण सम्पन्न हुने गरी समयमै खरिद प्रक्रिया सञ्चालन गर्ने। चालु आ. व. मा निर्माण सम्पन्न हुन सक्ने अवस्था नभएमा बहुवर्षीय ठेक्काको लागि स्रोत सुनिश्चितता प्राप्त गरी सोही अनुसार गर्ने। च) क्याम्पस प्रशासनबाट समेत निर्माण कार्यको नियमित अनुगमन गरी गराई कार्यालयलाई जानकारी गराउने तथा निर्माण कार्यमा आवश्यक सहजीकरण गर्नु पर्ने। छ) कार्यालयले निर्माण कार्यको नियमित अनुगमन गरी तोकिएको ड्रइङ डिजाइन र गुणस्तर कायम गराउने। ज) निर्माण सम्पन्न गरी कार्यालयले नियमानुसार क्याम्पसलाई भवन हस्तान्तरण गर्ने।	• स्वीकृत ड्रइङ डिजाइन,ठेक्का सम्झौता, निर्मित संरचना, कार्य सम्पन्न प्रतिवेदन, निकासा विवरण, हस्तान्तरण सम्बन्धी कागजात
१०. अधुरा संरचना (भवन/भौतिक संरचना निर्माण/तला थप/प्रिफ्याव तला थप)	

क) सामाजिक विकास मन्त्रालय वा मातहत निकाहरुबाट गतविगत आ.व. मा निर्मित अधुरा संरचना सम्पन्न गर्नुपर्ने वा तला थप गर्नु परेमा कार्यालयको प्राविधिकले स्थलगत अवलोकन र नाँपजाँच गरी थप निर्माण कार्य गर्न प्राविधिक रुपले उपयुक्त भए नभएको जाँचबुझ गरी प्रतिवेदन पेश गर्ने। ख) सामाजिक विकास मन्त्रालय वा मातहत निकायहरुबाट निर्मित भवन बाहेक अन्यको हकमा स्वीकृत ड्रइङ/ डिजाइन र सम्बन्धित स्थानीय तहको प्राविधिकबाट निर्माण कार्य गर्न प्राविधिक रुपले उपयुक्त भएको प्रतिवेदन सहितको सिफारिस भई आएमा सम्बन्धित कार्यालयको प्राविधिकबाट समेत निर्माण कार्य गर्न उपयुक्त भएको प्रतिवेदन लिने। ग) सामाजिक विकास कार्यालयबाट प्राविधिक खटाइ निर्माणाधिन अधुरो संरचनाको स्थलगत अवलोकन गरी स्वीकृत ड्रइङ्ग डिजाइन, नर्म्स एवम् स्पेसिफिकेसन बमोजिम लागत अनुमान तयार गर्न लगाउने। घ) प्राविधिक रुपले अधुरो भवनको बाँकी कार्य गर्न उपयुक्त भएमा विनियोजित बजेटको परिधि भित्र रही सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र आर्थिक मामिला मन्त्रालयको आ. व. २०८३/८४ को बजेट कार्यान्वयन सम्बन्धि मार्गदर्शन बमोजिम निर्माण कार्य गर्ने। च) चालु आ. व. मा नै निर्माण सम्पन्न हुने गरी समयमै खरिद प्रक्रिया सञ्चालन गर्ने। आगामी आ. व. मा दायित्व सिर्जना हुने गरी खरिद कार्य नगर्ने नगराउने । छ) लाभग्राही समूह/उपभोक्ता समिति/वि.व्य.स.ले अनुगमन समिति गठन गरी सो समितिबाट नियमित अनुगमन गरी गराइ प्रत्येक किस्ता भुक्तानीका लागि सिफारिस गरेको हुनु पर्ने। ज) कार्यालयले निर्माण कार्यको नियमित अनुगमन गरी स्वीकृत ड्रइङ डिजाइन अनुसारको निर्माण कार्य र गुणस्तर कायम गराउने ।	• अधुरा भौतिक संरचनाको निर्माण सम्पन्न भइ प्रयोगयोग्य भौतिक सुविधा विस्तार भएको हुने ।
११. भौतिक संरचना/भौतिक पूर्वाधार निर्माण/पूर्वाधार विकास निर्माण	
क) विद्यालय/संस्थाले कार्यालयसँग समन्वय गरी निर्माण गर्नु पर्ने भौतिक पुर्वाधारको ड्रइङ डिजाइन तयार गरी स्वीकृत गर्ने। ख) सो अनुसार लागत अनुमान कार्यालयले स्वीकृत गर्ने।	• गुणस्तरीय भौतिक पुर्वाधार निर्माण कार्यक्रम कार्यान्वयन भई

ग) प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र आर्थिक मामिला मन्त्रालयको आ. व. २०८३/८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन अनुसार खरिद प्रक्रिया सञ्चालन गर्ने । घ) जग्गा प्राप्तिको सुनिश्चितताका लागि आवश्यक जग्गाको जग्गाधनी पूर्जा वा सम्बन्धित स्थानीय तहको कार्यपालिका बैठकबाट निर्णय गरी भोगचलन गर्न दिइएको कागजात आवश्यक हुने । ङ) चालु आ व मै निर्माण सम्पन्न हुने गरी समयमै खरिद प्रक्रिया सञ्चालन गर्ने । अर्को आ. व. मा दायित्व सिर्जना हुने गरी खरिद कार्य नगर्ने नगराउने । च) लाभग्राही समूह/उपभोक्ता समिति/वि.व्य.स.ले अनुगमन समिति गठन गरी सो समितिबाट नियमित अनुगमन गरी गराइ प्रत्येक किस्ता भुक्तानीका लागि सिफारिस गरेको हुनु पर्ने। छ) कार्यालयले निर्माण कार्यको नियमित अनुगमन गरी स्वीकृत ड्रइङ डिजाइन अनुसारको निर्माण कार्य र गुणस्तर कायम गराउने ।	प्रयोगयोग्य भौतिक पुर्वाधार तयार भएको हुने ।
१२. भौतिक संरचना मर्मत सम्भार	
क) सम्बन्धित संस्थासँग समन्वयमा कार्यालयले मर्मत गर्नुपर्ने संरचनाको स्थलगत अनुगमन गरी लागत अनुमान तयार गरी स्वीकृत गर्ने। ख) सार्वजनिक खरिद ऐन ,नियमावली र आर्थिक मामिला मन्त्रालयको आ.व.२०८३/८४को बजेट कार्यान्वयन सम्बन्धि मार्गदर्शन अनुसार मर्मत सम्भार कार्य गर्ने। ग) लाभग्राही समूह/उपभोक्ता समिति/वि.व्य.स.ले अनुगमन समिति गठन गरी नियमित अनुगमन गरी गराइ प्रत्येक किस्ता भुक्तानीका लागि सिफारिस गरेको हुनु पर्ने। घ) कार्यालयले मर्मत सम्भार कार्यको नियमित अनुगमन गरी स्वीकृत ड्रइङ डिजाइन अनुसारको निर्माण कार्य र गुणस्तर कायम गराउने।	• भौतिक संरचना गुणस्तरीय रुपमा मर्मत कार्य सम्पन्न भएको हुने ।
१३. बाल उद्यान निर्माण/चिल्ड्रेन पार्क सामग्री खरिद तथा निर्माण/प्ले स्टेसन निर्माण	

क) जलवायु मैत्री स्थानीय सामग्री प्रयोग गरी टिकाउ, सुरक्षित र बालबबालिका, ज्येष्ठ नागरिक, अपाङ्गतामैत्री पार्क निर्माण गर्न सम्बन्धित विद्यालय/संस्थासँगको समन्वयनमा कार्यालयले बाल उद्यान निर्माण/चिल्ड्रेन पार्क/प्लेस्टेसनको ड्रइङ डिजाइन तयार गरी सो अनुसार लागत अनुमान स्वीकृत गर्ने। ख) विद्यालय तथा संस्थासँग उपयुक्त आकारको जग्गा हुनु पर्ने। विद्यार्थीका लागि फुटबल, भलिबल लगायत विविध खेल खेल्न तथा प्रार्थना सत्रमा सबै विद्यार्थी उपस्थित हुन परिसरको अभाव नहुने गरी छुट्टै सुरक्षित स्थानमा निर्माण गर्नु पर्ने। ग) निर्माण गर्न सकिने सामग्री जस्तैः • Balance Track, Stepping Path, Mud Play Area, पिङ, व्यायामशाला आदि बनाउन सकिने। • प्राकृतिक छायाँदार विश्रामस्थल बनाउने। • स्थानीय परम्परागत घरका नमूना, चौतारी, स्थानीय वास्तुकलाका प्रदर्शनी हुने गरी माटो र ढुङ्गाको Mini Village क्षेत्र बनाउन सकिने। • यसरी निर्माण गरिएको क्षेत्रमा वरीपरि प्राकृतिक वा स्थानीय कच्चा पदार्थको प्रयोग गरी सुरक्षित घेरबार गर्ने। • काठ तथा बाँसको खेल संरचना। • प्राकृतिक झुला तथा चिप्लेटी काठको रोटे पिङ। • ढुङ्गा तथा माटोका खेल संरचना। • बालमैत्री हरित उद्यान। • स्थानीय कला र सिर्जनात्मक क्षेत्र। घ) निर्माण तथा खरिद गर्दा सुरक्षा मापदण्ड अनिवार्य पालना गर्ने। बालबालिकामा हुन सक्ने चोटपटकका सम्बन्धमा ध्यान दिने।	• पर्यावरण मैत्री (Eco-Friendly) बालमैत्री उद्यान तथा चिल्ड्रेन पार्क निर्माण भई प्रयोगमा ल्याइएको हुने ।

ङ) यी निर्माण सामग्री खरिद गर्न, मजदुरको ज्याला र अन्य कच्चा पदार्थ खरिद गर्न वि.व्य.स.को निर्णय अनुसार सार्वजिनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद तथा व्यवस्थापन कार्य गर्ने। च) खरिद गरिएका सामग्री तथा निर्मित संरचनाको कार्यालयबाट अनुगमन गर्नु पर्ने। छ) अनुगमन प्रतिवेदन, खरिद प्रक्रियाका कागजात, बाल उद्यान निर्माण/चिल्ड्रेन पार्क/प्लेस्टेसनको स्पष्ट फोटो विव्यसको निर्णय सहितका कागजात प्राप्त भए पश्चात नियमानुसार करकट्टी गरी विद्यालय/संस्थालाई अन्तिम भुक्तानी दिने। ज) प्रचलित सार्वजनिक खरिद ऐन तथा नियम र आर्थिक मामिला मन्त्रालयको आ. व. २०८३/८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन अनुसार खरिद प्रक्रिया सञ्चालन गर्ने। झ) चालु आ. व. मा नै निर्माण सम्पन्न हुने गरी समयमै खरिद प्रक्रिया सञ्चालन गर्ने। आगामी आ. व. मा दायित्व सिर्जना हुने गरी खरिद कार्य नगर्ने नगराउने। ठ) कार्यालयले निर्माण कार्यको नियमित अनुगमन गरि स्वीकृत ड्रइङ डिजाइन अनुसार गुणस्तरीय निर्माण कार्य गराउने।	
१४. एम्बुलेन्स खरिद सवारी साधन खरिद (२ पाङ्ग्रे र ४ पाङ्ग्रे)	
क) सार्वजनिक खरिद ऐन र नियमावली अनुसार गर्ने।	
आ)चालु प्रकृतिका कार्यक्रमहरु (शिक्षा क्षेत्र तर्फ)	
१५. ICT/Multimedia/Smart Board (आइसिटी) कार्यक्रम	
क) विद्यालय/क्याम्पसले आफ्नो आवश्यकता अनुसार र विनियोजित बजेटको परिधि भित्र रही कार्यालयसँगको समन्वयमा सम्बन्धित विज्ञबाट Specification तयार गर्न लगाई वि.व्य.स./क्याम्पस संचालक समितिबाट स्वीकृत गर्ने। आंगिक क्याम्पसको हकमा क्याम्पस प्रमुखले स्वीकृत गर्ने। ख) कार्यालयले विद्यालय/क्याम्पससँग स्वीकृत Specification बमोजिमका सामग्री खरिद गर्न सम्झौता गर्ने। ग) सम्झौता बमोजिम प्रचलित खरिद सम्बन्धी कानुन अनुसार विद्यालय/क्याम्पसले खरिद कार्य गर्ने।	स्वीकृत Specification, विज्ञको प्रतिवेदन, खरिद सम्बन्धी कागजात, फोटाहरू निर्णय माइन्यूट, जडान

घ) स्वीकृत Specification अनुसारका सामग्री खरिद भई प्रयोगमा आएको सम्बन्धित विषयको विज्ञको प्रतिवेदन, खरिद सम्बन्धी कागजात र विल भरपाई, दाखिला प्रतिवेदन, सामग्रीहरू स्पष्ट देखिने रंगिन फोटाहरू, वि.व्य.स./क्याम्पस संचालक समिति (आंगिक क्याम्पसको हकमा क्याम्पस प्रमुख) को कार्य सम्पन्न भई भुक्तानी माग गरेको निर्णयका आधारमा नियमानुसारको करकट्टी गरी विद्यालय/क्याम्पसलाई भुक्तानी गर्ने। ङ) कार्यक्रम कार्यान्वयन सम्बन्धमा कार्यालयले अनुगमन गर्ने गराउने।	तथा प्रयोगमा आएका आइ.सि.टी सामग्री
१६. सामुदायिक सञ्चार विकास तथा अध्ययन केन्द्रको सामाग्री खरिद एवम कार्यक्रम सञ्चालन(३११५९)	
क) सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुन अनुसार गर्ने।	
१७. परिवार बाल गृह सञ्चालन र व्यवस्थापन (३११५९)	
सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुन अनुसार व्यवस्थापन गर्ने।	
१८. चैतलो भेटौलो महाकाली साहित्य संगमलाई सहयोग (३११५९)	
सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुन अनुसार गर्ने।	
१९. खेलकुद सामग्री खरिद	
क) सम्बन्धित संस्थाले कार्यालयको समन्वयमा खरिद गर्नुपर्ने खेलकुद सामग्रीहरूको सूची र स्पिसेफिकेसन तयार गरी स्वीकृत गर्ने। ख) सार्वजनिक खरिद ऐन, नियमावली र आर्थिक मामिला मन्त्रालयको आ.व.२०८३/८४को बजेट कार्यान्वयन सम्बन्धि मार्गदर्शन अनुसार खरिद कार्य गर्ने। ग) सम्बन्धित संस्थालाई नियमानुसार हस्तान्तरण गर्ने। **विद्यालय/क्याम्पसहरूको हकमा** क) सम्बन्धित विद्यालय/क्याम्पसबाट स्वीकृत Specification सहितको प्रस्ताव माग गर्ने। ख) कार्यालयले पेस भएको प्रस्ताव अनुसार सम्बन्धित विद्यालय/क्याम्पससँग सम्झौता गर्ने। ग) सम्झौता बमोजिम प्रचलित खरिद ऐन तथा नियम अनुसार विद्यालय/क्याम्पसले खरिद कार्य गर्ने।	• नियमानुसार गुणस्तरीय खेलकुद सामग्री खरिद भई प्रयोगमा आएको हुने ।

घ) स्वीकृत Specification अनुसारका सामग्री खरिद भई प्रयोगमा आएको सम्बन्धित विषयको विज्ञको प्रतिवेदन, खरिद सम्बन्धी कागजात र विल भरपाई, दाखिला प्रतिवेदन, सामग्रीहरू स्पष्ट देखिने रंगिन फोटाहरू, वि.व्य. स. को कार्य सम्पन्न भई भुक्तानी माग गरेको निर्णयका आधारमा नियमानुसारको करकट्टी गरी विद्यालय/क्याम्पसलाई भुक्तानी गर्ने। ङ) कार्यक्रम कार्यान्वयन सम्बन्धमा कार्यालयले अनुगमन गर्ने गराउने।	
२०. प्रयोगशाला प्रणाली सुदृढीकरण विज्ञान तथा प्रविधि संकाय सुदूरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पसमा ICT भि.न.पा., कञ्चनपुर	
विनियोजित रकमबाट बुदाँ नं. १५ अनुसार गर्ने।	
२१. सुदूरपश्चिम विश्वविद्यालय School Of Engineering लाई ICT कार्यक्रम	
विनियोजित रकमबाट बुदाँ नं. १५ अनुसार गर्ने।	
२२. सुदूरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पसमा M.Sc. Environmental Science का लागि प्रयोगशाला उपकरण व्यवस्थापन (ख.शि.नं. ३११२२)	
क) कार्यालयले सुदूरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पसबाट M.Sc. Environmental Science प्रयोगशालाको लागि आवश्यक सामाग्रीहरूको विवरण र स्वीकृत Specification सहितको प्रस्ताव माग गर्ने। प्रस्तावमाथि दुवै पक्षले छलफल गरी आवश्यक परेमा प्रस्ताव परिमार्जन गर्न गराउन सकिने। ख) कार्यालयले प्रस्ताव स्वीकृत गरी प्रस्ताव अनुसारका सामाग्री खरीद र जडान गर्न क्याम्पससँग सम्झौता गर्ने। ग) सम्झौता अनुसार क्याम्पसले प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून अनुसार खरीद कार्य गर्ने। घ) स्वीकृत Specification अनुसारका सामग्री खरिद भई प्रयोगमा आएको सम्बन्धित विषयको विज्ञको प्रतिवेदन, खरिद सम्बन्धी कागजात र विल भरपाई, दाखिला प्रतिवेदन, सामग्रीहरू स्पष्ट देखिने रंगिन फोटाहरू, भुक्तानी माग गरेको पत्रको आधारमा नियमानुसारको करकट्टी गरी क्याम्पसलाई भुक्तानी गर्ने। ङ) कार्यक्रम कार्यान्वयन सम्बन्धमा कार्यालयले अनुगमन गर्ने गराउने।	प्रस्ताव, सम्झौता, कार्य सम्पन्न प्रतिवेदन, निकासा विवरण, खरीद र जडान गरिएका सामाग्री
२३. अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन	

क) यस कार्यक्रमलाई अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ को कार्यान्वयनको रूपमा विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान, विद्यालय भर्ना र निरन्तरताको सुनिश्चितता हुने गरी तीनै तहका सरकारी तथा गैरसरकारी स्रोत साधन परिचालन गरी अभियानको रूपमा सञ्चालन गर्ने। ख) मन्त्रालयले शिक्षा विभागको एकीकृत शैक्षिक सूचना प्रणाली IEMIS को प्रतिवेदनबाट प्राप्त विद्यालय बाहिर रहेका बालबालिकाको (OOSC) जिल्लागत तथा पालिकागत विवरण उपलब्ध गराउने। ग) मन्त्रालयले विद्यालय बाहिर रहेका वास्तविक बालबालिकाको पहिचान गर्न आवश्यक पर्ने तथ्याङ्क संकलन फाराम विकास गरी सामाजिक विकास कार्यालय मार्फत स्थानीय तहलाई उपलब्ध गराउन सक्ने। घ) स्थानीय तहले प्रत्येक विद्यालयको IEMIS Verification बाट तथ्याङ्क शुद्धीकरण गरी विद्यालय बाहिर रहेका (५-१२) वर्ष उमेर समूहका वास्तविक बालबालिकाको नामनामेसी र विद्यालय बाहिर रहनुका मुख्य कारण सहितको विवरण सामाजिक विकास कार्यालयलाई २०८३ फागुन मसान्त भित्र उपलब्ध गराउने। ङ) कार्यालयले स्थानीय तहबाट विद्यालय बाहिर रहेका बालबालिकाहरूको तथ्याङ्क प्राप्त गर्ने र सो विवरण निर्देशनालय र मन्त्रालयमा पठाउने। च) उक्त तथ्याङ्कमा रहेका बालबालिका विद्यालय भर्ना भई नियमित भएको सुनिश्चित भएपछि कार्यालयले विनियोजित बजेटको परिधि भित्र रही दामासाहीका हिसाबले विद्यालय पोशाक र शैक्षिक सामग्री बापतको रकम विद्यार्थी/अभिभावकको खातामा निकासा दिने। छ) विद्यालय बाहिर रहेका बालबालिकाको विवरण संकलन गरी निजहरूको समस्या पहिचान गरी आवश्यकताका आधारमा नजिकका विद्यालय, अनाथालय, छात्रावास तथा आवासीय विद्यालय, अपाङ्गता/विशेष /स्रोत कक्षा रहेका विद्यालयहरुमा भर्ना गर्ने। ज) विद्यालय उमेर समूहका सबै बालबालिका विद्यालयमा भर्ना भएको सुनिश्चतता गरी अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन भएको वडा, स्थानीय तह, जिल्ला घोषणा गर्न प्रोत्साहित गर्ने। झ) विद्यालय बाहिर रहेका बालबालिकाको संख्या न्यूनीकरण गर्दै शून्यमा झार्ने।	• IEMIS जिल्लागत र पालिकागत तथ्याङ्क • तथ्याङ्क संकलन फाराम • समन्वय बैठक गरी योजना तयारी • विद्यालय वाहिर रहेका बालबालिकाको विवरण • सरकारी तथा गैरसरकारी स्रोत साधन • IEMIS शुद्धीकरण • विद्यालय बाहिर रहनुका कारण पहिचान • सबै बालबालिका विद्यालय भर्ना भएको हुने । • अनिवार्य तथा निःशुल्क शिक्षा लागू भएका क्षेत्र घोषणा हुने ।

२४. शैक्षिक विषयमा स्थानीय तहका शिक्षा तथा सामाजिक विकास शाखासँग समन्वय बैठक	
क) स्थानीय तहका शिक्षा युवा तथा खेलकुद शाखा र महिला विकास शाखाका कर्मचारीहरुसँग शैक्षिक तथा सामाजिक विषयमा समन्वय बैठक आयोजना गर्ने। ख) पहिलो बैठक कार्यक्रम कार्यान्वयनको प्रारम्भ मै आयोजना गर्ने र अर्को बैठक आर्थिक वर्षको बिचमा उपयुक्त समयमा आयोजना गर्ने। पहिलो बैठकमा प्रदेशबाट स्थानीय तहमा वित्तिय हस्तान्तरण भएका कार्यक्रमहरुको कार्यान्वयन प्रक्रियाका बारेमा अभिमुखीकरण, प्रदेश मार्फत स्थानीय तहमा कार्यान्वयन हुने योजना तथा कार्यक्रमको जानकारी र अन्तरतह समन्वयको विषय, शिक्षा तथा सामाजिक क्षेत्रका वार्षिक कार्यक्रम कार्यान्वयनमा समन्वय र साझेदारी, अनिवार्य तथा निःशुल्क शिक्षा, सामाजिक विकृति विसङ्गती नियन्त्रण सिप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम कार्यान्वयनको अवस्था समीक्षा गर्ने। ग) जिल्ला स्थित संघीय कार्यालय प्रदेश तथा स्थानीय तहका कर्मचारी र पदाधिकारीलाई बैठकमा आमन्त्रण गरी कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि योजना बनाइ लागू गर्ने। घ) बैठक भत्ता आतेजाते खाजा लगायतमा यो शीर्षकको बजेट खर्च गर्न सकिने ।	• समन्वय बैठक संचालन भएको हुने • कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्न योजना तथा निर्णय भई कार्यान्वयन
२५. अनाथ असहाय बालबालिकाको लागि आवासीय छात्रावास संचालन तथा व्यवस्थापन कार्यक्रम	
क) विद्यालयमा अनाथ असहाय बालबालिकाहरु भर्ना भइ छात्रावासमा आवासीय रुपमा बस्ने विद्यार्थीका लागि छात्रावास सञ्चालन व्यवस्थापन बापत देहाय अनुसार विद्यालयलाई निकासा दिने र विद्यालयले वि.व्य.स.को निर्णयानुसार सम्बन्धित शिर्षकमा खर्च गर्ने: i) प्रत्येक छात्रावासका लागि प्रति महिना वार्डेनका लागि रु. ७,०००।- भान्सेका लागि रु.७,०००।- र पालेका लागि रु.४,०००।- का दरले १२ महिनाको रकम उपलब्ध गराउने। ii) छात्रावासमा धारा, पानी, विजुली बत्ती, मर्मत सम्भार र प्राथमिक उपचार लगायतका कार्यमा खर्चका लागि एकमुष्ठ रुपमा रु.३०,०००।- iii) भान्सा सामग्री व्यवस्थापनका लागि रु.१९,०००।- iv) छात्रावास व्यवस्थापन समितिको बैठक खाजा खर्च (बढीमा वार्षिक ४ वटा) रु.१०,०००।-	• विद्यालयबाट प्रतिवेदन र प्रस्ताव माग गरिएको हुने । • विद्यार्थी विवरण छात्रावासमा आवश्यक भान्छाका सामग्रीको विवरण • खर्चका यथार्थ विल भर्पाइहरु तथा अनुगमन प्रतिवेदनका आधारमा भुक्तानी दिइएको हुने ।

v) नयाँ विद्यार्थीका लागि पलङ, सिरक, डसना लगायतका बालबालिकाका लागि आवश्यक लत्ताकपडा बसाई व्यवस्थापन गर्न एकमुष्ठ रु.७५,०००। रकम भान्साका सामग्री तथा सिरक पलङ डसना लगायतका रकम आवश्यकता अनुसार मात्रै उपलब्ध गराउने।

vi) छात्रावासमा भर्ना भएका विद्यार्थीहरुलाई प्रति महिना प्रति विद्यार्थी रु. ४,५००।० का दरले १२ महिनाको रु. ५४,०००।० विद्यालयको खातामा थप उपलब्ध गराउने। सो रकम मध्ये प्रति महिना रु. ५००।० विद्यार्थीलाई दैनिक आवश्यकताका सामग्री किन्न नगदै उपलब्ध गराउने र बाँकी रकमबाट विद्यार्थीहरुको खाने बस्ने व्यवस्थापन गर्नुपर्ने।

उल्लेखित रकमहरुको खर्चको बिल भरपाई लगायतका आवश्यक कागजात कार्यालयमा पेश भए पश्चात भुक्तानी दिने।

- विद्यालयले छात्रावासमा रहेका बालबालिकाहरूको लागि साप्ताहिक खाना खाजाको मेनु (Veg and Non Veg) तयार गरी कार्यालयबाट स्वीकृत गराउने र सोही अनुसार व्यवस्था गर्नुपर्ने।
- खाद्यान्न ताजा, स्वस्थकर, गुणस्तरीय र स्थानीय उत्पादनमा आधारित हुनु पर्ने।
- खानाको गुणस्तर तथा उपलब्ध रकमको सदुपयोग भए नभएको बारे कार्यालयले नियमित अनुगमन गर्नु पर्ने ।
- छात्रावास व्यवस्थापन समितिका बैठकबाट खर्च सम्बन्धी निर्णय गरिएको हुनु पर्ने।
- खर्चका बिल भरपाई विद्यार्थी उपस्थिति लगायत अनुगमन प्रतिवेदनका आधारमा अन्तिम भुक्तानी दिनु पर्ने ।
- आवश्यक परेको खण्डमा कार्यालयले गत वर्षका विल भरपाइको प्रतिवेदन माग गर्नु पर्ने ।

२६. विद्यालय तहमा विद्यार्थीका लागि जिल्ला स्तरीय प्रतिभा पहिचान कार्यक्रम

क) स्वीकृत बजेटको परिधि भित्र रही सकभर सबै स्थानीय तहको प्रतिनिधित्व हुने गरी माध्यमिक तहमा अध्ययनरत विद्यार्थीलाई भाषा,संस्कृती तथा साहित्य, गणित, विज्ञान, संगीत तथा नृत्य र विशेष कला क्षेत्र जस्ता विधाहरुमध्ये प्रतिभा पहिचान कार्यक्रम संचालन गर्ने ख) स्वीकृत नर्म्स बमोजिम बजेटको परिधिभित्र रही कार्यालयले आवश्यक निर्णय गरी कार्यक्रम कार्यान्वयन गर्ने।	• बालबालिकाहरूको अन्तरनिहित क्षमता प्रस्फुटन र विकासका लागि अवसर प्रदान गरिने।
२७. प्रदेश नमूना विद्यालय कार्यक्रम (चालु)	
क) प्रदेश नमूना विद्यालय छनौट तथा विकास एवम् सञ्चालन निर्देशिका, २०८२ बमोजिम कार्यान्वयन गर्ने। ख) यस कार्यक्रमबाट विद्यालय नर्स कार्यक्रमका लागि PCL Nursing वा सो सरह हुनु योग्यता भएको स्वास्थ्य कर्मचारी नियुक्त गर्ने र यसरी नियुक्त कर्मचारीलाई सहायक पाँचौं तहको मासिक शुरू तलब स्केल उपलब्ध गराउनु पर्नेछ। यो कार्यक्रमबाट थप अन्य कुनै सेवा सुविधा उपलब्ध गराउन पाइने छैन। (ग) यसरी नियुक्त कर्मचारीहरूलाई कार्यरत विद्यालयका विद्यार्थीहरूका साथै नजिकका विद्यालयका विद्यार्थीहरूको स्वास्थ्य जाँच तथा परीक्षण, विद्यालयमा स्वास्थ्य सेवा, प्राथमिक उपचार, स्वास्थ्य सम्बन्धी परामर्श सेवा लगायत विषय क्षेत्र सम्बन्धित विषय शिक्षण सिकाइमा प्रयोग गर्नु पर्नेछ। घ) नमूना विद्यालयको शैक्षिक पुर्वाधार खण्डमा उल्लिखित क्रियाकलापको व्यवस्थापन, विद्यालयमा कार्यरत जनशक्तिको अतिरिक्त काम गरेबापत पारिश्रमिक सेवा सुविधा विद्यालयले स्वीकृत विनियमावली बमोजिम व्यवस्थापन यस शीर्षकबाट संचालन गर्नु पर्ने। ङ) निर्देशिका तथा विनियमावलीमा उल्लिखित परिधिभित्र रही खर्च गर्ने गरी कार्यालयले विद्यालयसँग सम्झौता गरी आवश्यकता अनुसार पेश्की दिनु पर्नेछ। च) बार्षिक प्रगति प्रतिवेदन, जनशक्ति नियुक्त जिम्मेवारी बाँडफाट, निर्देशिकामा उल्लिखित शैक्षिक पुर्वाधार व्यवस्थापन गरिएका कागजात, खर्चका विल भरपाई, फोटोहरुका आधारमा अन्तिम भुक्तानी गर्नु पर्नेछ । छ) यस कार्यक्रमको प्रभावकारी कार्यान्वयन भए नभएको सम्बन्धमा स्थानीय तहका शिक्षा शाखाका कर्मचारीसँगको बैठकमा छलफल गर्नु पर्नेछ ।	• नमूना विद्यालयको शैक्षिक पुर्वाधार व्यवस्थापन • जनशक्ति व्यवस्थापन • अतिरिक्त कार्यजिम्मेवारी दिइएको हुने • थप कक्षा सञ्चालन तथा अतिरिक्त कृयाकलाप नियमित सञ्चालन भएको हुने ।

ज) कार्यालयले समय समयमा कार्यक्रमको प्रभावकारी अनुगमन गरी निर्देशनालय र मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।	
२८. परम्परागत धार्मिक तथा वैकल्पिक विद्यालयहरुलाई प्रोत्साहन कार्यक्रम	
क) कार्यालयले १५ दिने सार्वजनिक सूचना जारी गरी नियमानुसार अनुमति प्राप्त गरी सञ्चालनमा रहेका अनुदान प्राप्त गर्न इच्छुक परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयहरूबाट आवश्यक कागजात सहित प्रस्ताव माग गर्नुपर्ने। ख) यस कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गर्न देहाय अनुसारका सर्त पुरा भएको हुनुपर्नेछ: • विद्यालय नियमानुसार अनुमति प्राप्त गरी गुरूकुल, आश्रम, मदरसा गुम्बाको रुपमा सञ्चालनमा रही नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गरेको। • विद्यालयले शिक्षक दरवन्दी वा राहत अनुदान शिक्षक कोटा प्राप्त नगरेको। तर शिक्षक दरवन्दी वा राहत अनुदान शिक्षक कोटा प्राप्त भएको विद्यालयको हकमा विद्यार्थीहरूको लागि आवासीय व्यवस्था गरेको भए त्यस्ता विद्यालयलाई अनुदान दिन सकिने। • कार्यालयले प्राप्त निवेदनहरू मध्ये माथिका शर्त पुरा गरेका विद्यालयहरूमा अध्ययनरत विद्यार्थी संख्याको आधारमा प्राथमिकताक्रम निर्धारण गरी बजेटको सिमाभित्र रही अनुदान प्राप्त गर्ने विद्यालयहरू छनौट गर्नुपर्ने। • कार्यालयले छनौट भएका विद्यालयहरूमा बजेटको परीधि भित्र रही विद्यालयहरूको खातामा एकमुष्ट निकासा दिनुपर्ने। • विद्यालयले व्यवस्थापन समितिको निर्णय अनुसार अनुदान रकम विद्यार्थीहरूको आवासीय व्यवस्थापन तथा शैक्षिक गतिविधिहरूको लागि खर्च गर्नुपर्ने। • अनुदान प्राप्त गर्ने विद्यालयले अनुदान रकमबाट गरिएको कार्यको प्रतिवेदन र विल भर्पाईपेश गर्नु पर्ने।	• प्राप्त आवेदन संख्या • छनौट भएका विद्यालय संख्या • विद्यालयमा अनुदान दिइ धार्मिक तथा परम्परागत विद्यालयहरुको मूल प्रवाहीकरण भएको प्रतिवेदन • विद्यालयलाई अनुदान निकासा विवरण

२९. बादी समुदाय उत्थान छात्रवृत्ति	
क) सुदूरपश्चिम प्रदेश वादी उत्थान छात्रवृत्ति वितरण कार्यविधि, २०८१ अनुसार हुने ।	• लक्षित बादी समुदायका बालबालिबालाई छात्रवृत्ती प्रदान गरि शिक्षालयमा भर्ना र निरन्तरता अभिवृद्धि भएको हुने ।
३०. विशेष शिक्षा सञ्चालित स्रोतकक्षाहरुको सुदृढीकरण अनुदान	
क) कार्यालयले विशेष आवश्यकता भएका वालवालिकाहरुको पठनपाठन हुने स्रोतकक्षा, विशेष विद्यालय तथा एकीकृत विद्यालयहरूलाई अनुदानका लागि क्रियाकलाप सहितको प्रस्ताव पेश गर्न कम्तिमा १५ दिने सार्वजनिक सूचना गर्ने । ख) कार्यालयले प्रस्ताव पेस गर्ने विद्यालयहरूमध्ये देहायका आधारमा विद्यालयहरू अनुदानका लागि छनौट गर्ने । • अपाङ्गता भएका विद्यार्थी भर्ना भइ अध्ययन गरिरहेको, • स्रोत शिक्षकको व्यवस्था गरिएको, • विद्यार्थीको आवश्यकता अनुसार थप समय शिक्षण सिकाइ गर्ने गरिएको, • बालबालिकाको स्याहार सुसारका लागि जनशक्ति व्यवस्थापन गरिएको, • शैक्षिक तथ्याङ्क EMIS नियमित भरेको । • विगत आ.व.मा खरिद नगरिएका सामग्रीहरू खरिद गर्नुपर्ने भएको । ग) कार्यालयले छनौट भएका विद्यालयहरुसँग सम्झौता गरी विद्यालय सञ्चालन र व्यवस्थापनका लागि प्रति विद्यालय बजेट सीमा हेरि रकम बाँडफाट गर्ने । अनुदान रकम बैङ्क खाता मार्फत निकासा दिने । घ) उक्त रकमको खर्चको विल, भर्पाई, स्थानीय तहको सिफारिस, कार्यसम्पादनको फोटो लगायतका खर्चका कागजात पेश गर्नु पर्ने ।	• स्रोत कक्षाहरुको सुदृढीकरण मार्फत अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच सहज हुने । • समावेशी तथा गुणस्तरीय शिक्षाको उपलब्धता भई अपाङ्गता भएका बालबालिकाको बालअधिकार सुदृढीकरण र संरक्षण भएको हुने ।

३१. बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन तथा रणनीति अभिमुखीकरण (कार्यक्रम भएका जिल्ला)	
क) बालिका तथा समावेशी शिक्षा सञ्जालको कार्यविधि २०८२ अनुसार जिल्लाका स्थानीय तहहरुमा सञ्जाल गठन गर्ने । ख) सञ्जालका पदाधिकारीहरुलाई काम कर्तव्य र भूमिकाबारे अभिमुखीकरण गर्ने । घ) विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय शिक्षामा भर्ना र निरन्तरताका लागि सञ्जालका पदाधिकारी सदस्यहरुलाई क्रियाशील बनाउने । ङ) अनिवार्य तथा निशुल्क शिक्षा लागू भएको स्थानीय तह घोषणाका लागि माथि (क) नम्बरमा उल्लेखित क्रियाकलाप अनुसार कार्यान्वयन गर्ने गराउने ।	• सबै पालिकामा बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन भै क्रियाशील भएको हुने । • विद्यालय बाहिर रहेका बालबालिकाहरुको खोजि विद्यालय भर्ना र निरन्तरता भएको हुने ।
३२. जिल्ला युवा सशक्तिकरण समितिका पदाधिकारीको सुविधा	
क) प्रदेश युवा परिषद ऐन तथा नियमावली बमोजिम नियुक्त भएका जिल्ला युवा सशक्तिकरण समितिका अध्यक्षहरु नियमानुसार सुविधा भुक्तानी दिने । ख) युवा सशक्तिकरण, क्षमता विकास, सीप विकास, उद्यमशीलता विकास जस्ता युवालक्षीत कार्यक्रम सञ्चालन गर्न तथा सामाजिक साँस्कृतिक विकृति, लागू औषध दुर्व्यसन, इन्टरनेट एडिक्सन, सामाजिक सञ्जालको दुरुपयोग, साइबर अपराध लगायतका युवा तथा समाजमा देखिएका विकृति विसंगती उन्मुलनका लागि युवा जनशक्ति परिचालन लगायतका कार्यक्रममा युवा सशक्तिकरण समितिका पदाधिकारीहरूको सहयोग कार्यालयले लिनु पर्ने ।	• युवा परिचालन तथा युवा सशक्तिकरणमा जिल्ला युवा सशक्तिकरण समितिका पदाधिकारीहरुको सहयोग लिइएको हुने ।
३३. लटिनाथ मा.वि. चौपाता शैक्षिक प्रवर्धन तथा गुणस्तर वृद्धि लेकम गा.पा. ५, दार्चुला	
क) कार्यालयले शिक्षा तालिम केन्द्र, दिपायलसँगको समन्वयमा लटिनाथ मा.वि., चौपाताका शिक्षक तथा विद्यार्थीहरूलाई शैक्षिक प्रवर्धन तथा गुणस्तर अभिवृद्धिमा सहयोग पुग्ने निम्नानुसारका तालिम सञ्चालन गर्ने।	• शैक्षिक गुणस्तर अभिवृद्धि भएको हुने। • नतिजामा बढोत्तरी भएको हुने

• शिक्षकलाई विद्यार्थी वृत्ति मार्ग निर्देशन (Career Guidence and Councelling) सम्बन्धी तालिम दिई विद्यार्थीहरूलाई वृत्ति मार्ग निर्देशन सेवा उपलब्ध गराउने। • मनोसामाजिक परामर्श, योग तथा ध्यान, सकारात्मक सोच सम्बन्धी तालिम। • शैक्षिक सामग्री निर्माण र विकास सम्बन्धी तालिम। • विद्यार्थीहरूको लेखन सीप विकासका साथै अन्य कला सम्बन्धी तालिम। • तालिम सम्बन्धी खर्च प्रचलित कानुन बमोजिम गर्ने। ख) शैक्षिक गुणस्तर अभिवृद्धिका लागि अतिरिक्त कक्षा सञ्चालन गर्न सकिने। ग) कार्यालयले स्थलगत अनुगमन गरी शैक्षिक प्रवर्धन तथा गुणस्तर वृद्धिमा प्रत्यक्ष सहयोग पुग्ने उपयुक्त कार्यक्रम सञ्चालन गर्न सक्ने।	
इ) चालु प्रकृतिका कार्यक्रमहरु (सामाजिक विकास क्षेत्र तर्फ)	
३४. एकल महिलाहरूका लागि सीपमुलक तालिम कार्यक्रम अनुदान सहित/अनुदान रहित	
क) कार्यालयले विनियोजित वजेट र स्वीकृत नम्सको परिधि भित्र रहि जिल्लाभरिका स्थानीयतहरुबाट प्रतिनिधित्व हुने गरि विपन्न एकल महिलाका लागि सीप तथा उद्यमशिलता तालिम सञ्चालन गर्ने । ख) कार्यालयले स्थानीय सम्भावना, बजारको माग र सहभागीहरूको आवश्यकताका आधारमा तालिम क्षेत्र र विषय निर्धारण गर्ने। ग) जिल्ला भित्रका स्थानीय तहहरूले कार्यालयले तोकेको संख्यामा विपन्न एकल महिला छनौट गरी पठाउने। घ) तालिममा उद्धमशीलता र व्यवसायसँग सम्बन्धित विषयवस्तुमा जम्मा ७ दिनको प्रशिक्षण दिने । ङ) अनुदान सहितको तालिमका लागि बजेट विनोयोजन भएको कार्यक्रममा व्यवसाय स्थापनाका लागि कार्यालयले प्रति सहभागी रु.२० हजारका दरले व्यवसाय स्थापना अनुदान सम्बन्धित व्यक्तिको बैंक खातामा उपलब्ध गराउनु पर्ने। च) तालिम संचालन खर्च नेपाल सरकार अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिधि भित्र रही गर्नुपर्नेछ।	सहभागी हाजिरी, विल भरपाई, निकासा विवरण, कार्यसम्पन्न प्रतिवेदन

छ) कार्यक्रम संचालनको लागि स्थानीय तह र महिलाको क्षेत्रमा काम गर्ने संस्थाहरुसँग समन्वय गर्न सकिने। ज) तालिम पश्चात व्यवसाय गरे नगरेको सम्बन्धमा कार्यालयबाट निरन्तर अनुगमन तथा Follow up गर्ने।	
३५. एकल महिलाका लागि पञ्चेबाजा तथा तालिम गोदावरी नगरपालिका सबै वडा कैलाली	
क) कार्यालयले सम्बन्धित स्थानीय तह भित्रका एकल महिलाको क्षेत्रमा काम गर्ने संघसंस्था/समूहसँगको समन्वयमा सबै वडाहरूबाट प्रतिनिधित्व हुने गरी बजेटको परिधि भित्र रही पञ्चेबाजा बजाउन इच्छुक एकल महिला सहभागीहरुको विवरण संकलन गरी समूहगत विवरण तयार गर्ने। ख) कार्यालयले सम्बन्धित संस्थासँग समन्वय गरी सार्वजनिक खरिद ऐन तथा नियम र आर्थिक मामिला मन्त्रालयको आ. व. २०८३/२०८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन अनुसार पञ्चेबाजा खरिद गर्ने र तालिम समाप्त पश्चात् पञ्चेबाजा सहभागी समूहलाई हस्तान्तरण गर्ने। ग) कार्यालयले विनियोजित वजेट र स्वीकृत नम्सको परिधि भित्र रहि पञ्चेबाजा तालिम सञ्चालन गर्ने। घ) कार्यालयले तालिम सञ्चालनका लागि सम्बन्धित क्षेत्रका समूह/संस्थासँग समन्वय र सहकार्य गर्न सक्ने।	तालिमका सहभागी हाजीरी, सामाग्री बुझेको भरपाई, खरिद सम्बन्धी कागजात
३६.अल्पकालीन सेवा केन्द्र संचालन तथा व्यवस्थापन	
क) मन्त्रालयबाट स्वीकृत अल्पकालीन सेवा केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ अनुसार गर्ने। ख) स्थानीय तहले संचालन गरेको सेफहाउसको सम्बन्धमा सम्बन्धीत स्थानीय तहको खातामा रकम निकासा गर्न सकिने र सम्बन्धित स्थानीय तहले विल भरपाई पेश गर्ने।	सम्झौता, कार्यसम्पन्न प्रतिवेदन, निकासा विवरण
३७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण	
क) लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८० अनुसार सामाजिक विकास कार्यालयको परीक्षण गर्ने। ख) प्रतिवेदन तयार गरी १-१ प्रति निर्देशनालय र मन्त्रालयमा पेश गर्ने।	लै.स.सा.स. परीक्षण प्रतिवेदन
३८. मर्यादित महिनावारी व्यवस्थापन कार्यक्रम	

क) व्यवस्थित महिनावारीको लागि स्थानीय तह, सरकारी तथा गैरसरकारी संघ/ सँस्थाहरुको समन्वयमा महिनावारी सम्बन्धी अन्धविश्वास तथा कुरितिहरूको अभ्यास भएका स्थानीय तह तथा समुदाय पहिचान गरी अभियानमूलक / सचेतीकरण कार्यक्रम सञ्चालन गर्ने । ख) महिनावारी सम्बन्धी सरसफाई, स्वास्थ्य, पोषण, कानुनी व्यवस्था लगायतका विषयमा कार्यक्रम संचालन गर्ने ।	सहभागी हाजिरी, कार्यसम्पन्न प्रतिवेदन, विल भरपाई
३९. जेष्ठ नागरिक दिवा सेवा केन्द्र तथा वृदाश्रम संचालन तथा व्यवस्थापन	
क) कार्यालयले जिल्ला भित्र रहेका जेष्ठ नागरिक दिवा सेवा केन्द्रहरूबाट संचालन तथा व्यवस्थापन, मर्मत संभार लगायतका कार्यहरु गर्नको लागि सूचना प्रकाशन गरी प्रस्ताव माग गर्ने । ख) प्रस्तावहरु पेश गर्ने संस्थाहरुको स्थलगत अनुगमनका आधारमा मूल्यांकन गरी अनुदानका लागि संस्था छनौट गर्ने र यसरी संस्था छनौट गर्दा एक भन्दा बढी संस्था छनौट गर्न सकिने । ग) छनौट भएका संस्थाहरुसंग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने, कार्य सम्पन्न भए पश्चात भुक्तानी गर्ने ।	सूचना, सम्झौता, कार्यसम्पन्न प्रतिवेदन, विल भरपाई, रकम निकासा विवरण
४०. विभिन्न दिवस तथा अभियान	
क) लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, अन्तर्राष्ट्रिय महिला दिवस, बाल दिवस लगायत बालविवाह, घरेलु हिंसा, छाउपडी कुप्रथा जस्ता कुरीति न्यूनीकरणका लागि सचेतना कार्यक्रम तथा दिवस सञ्चालन गर्ने । ख) कार्यक्रम सञ्चालन गर्दा स्थानीय तह, स्वास्थ्य कार्यालय, गैर सकारी संस्था तथा विकास साझेदार संस्थाहरू संग समन्वय र सहकार्य गर्न सकिने ।	सहभागी हाजिरी, कार्यसम्पन्न प्रतिवेदन, विल भरपाई
४१. सचेतना तथा जानकारी एवम् सुचनामुलक सन्देश प्रकाशन/प्रशारण तथा सम्प्रेषण/वितरण	
क) लैङ्गिक हिंसा, बालविबाह, बालश्रम, छाउपडी प्रथा लगायतका सामाजिक कुरितीहरू विरुद्ध सचेतना तथा जानकारी एवम् सुचनामुलक सन्देशहरुको एफएम र पत्रपत्रिकाहरुबाट प्रकाशन/प्रशारण गर्ने तथा पम्पलेट/शैक्षिक बुलेटिन/ पोष्टरहरुको छपाइ गरी वितरण गर्ने ।	सम्झौता, प्रसारण सर्टफिकेट, विल भर्पाई

ख) विनियोजित बजेटबाट प्रचलित खर्चको नर्म्स अनुसार कार्यक्रम संचालन गर्ने।	
४२. जिल्लास्तरीय बाल सञ्जालको बैठक सञ्चालन	
क) जिल्ला स्तरीय बाल सञ्जालको नियमित बैठक संचालन गर्ने। ख) बैठक सञ्जालन गर्दा अर्थ मन्त्रालयको नर्म्स अनुसार खर्च गर्ने।	बैठकको माइन्यूट,खर्चको विल भरपाई।
४३. सानै छु बढ्न देउः बाल विवाह हैन पढ्न देउ	
क) बजेटको परिधि भित्र रही कार्यालयले बालविवाह बढी हुने स्थानीय तह छनौट गरी स्थानीय तहसँगको समन्वय र सहकार्यमा बालविवाह न्यूनीकरण सम्बन्धी विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ख) कार्यक्रममा समुदायका अगुवा, महिला, अभिभावक, किशोर किशोरी, सम्बन्धित सरोकारवाला लगायतलाई सहभागी गराउने। ग) अर्थ मन्त्रालयबाट स्वीकृत नर्म्स अनुसार बजेट खर्च गर्ने। घ) स्थानीय तह छनौट गर्दा बाल विवाह अन्त्य सम्बन्धी कार्यक्रमका लागि संघीय सरकार वा प्रदेश सरकारबाट बजेट विनियोजन भएको एकीन गरी दोहोरो नपर्ने गरी छनौट गर्ने।	सहभागी हाजिरी, कार्यसम्पन्न प्रतिवेदन, विल भरपाई
४४. महिला उद्यमीहरुलाइ उद्यमशीलता तालिम	
क) कार्यालयले सबै स्थानीय तहबाट सहभागिता हुने गरी सम्बन्धित स्थानीय तहसँगको समन्वयमा उद्यम गरिरहेका महिलाहरूलाई तालिमका लागि छनौट गर्ने। ख) छनौट भएका महिला उद्यमीहरुलाई उद्यम प्रवर्धन, विस्तार, बजारीकरण, वित्तीय साक्षरता र डिजिटल प्रविधिको प्रयोग लगायतका विषयमा बजेटको परिधि भित्र रही ३ दिने तालिम सञ्चालन गर्ने । ग) अर्थ मन्त्रालयबाट स्वीकृत नर्म्स अनुसार बजेट खर्च गर्ने।	सहभागी हाजिरी, कार्यसम्पन्न प्रतिवेदन, विल भरपाई
४५. दलित जनप्रतिनिधिहरुलाई मानव अधिकार तथा कानुनी साक्षरता सम्बन्धी अभिमुखीकरण कार्यक्रम	

क) विनियोजित बजेटको परिधि भित्र रही जिल्लाका सबै स्थानीय तहसँगको समन्वयमा स्थानीय तहका दलित जनप्रतिनिधिहरुको लागि ३ दिने मानव अधिकार तथा कानुनी साक्षरता सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्ने । ख) अर्थ मन्त्रालयबाट स्वीकृत नर्म्स अनुसार बजेट खर्च गर्ने ।	सहभागी हाजिरी, कार्यसम्पन्न प्रतिवेदन, विल भरपाई
४६. वृद्धाश्रम /अनाथालय/मानसिक असन्तुलन भएका व्यक्तिहरुलाई संचालित आवास गृह संचालन	
क) यस शिर्षकमा बजेट विनियोजन भएका कार्यालयले सार्वजनिक सूचना गरी वृद्धाश्रम/अनाथालय / मानसिक असन्तुलन भएका व्यक्तिहरुका लागि संचालित आवास गृहहरूबाट संचालन अनुदानको लागि प्रस्ताव माग गर्ने । ख) पेश भएका प्रस्तावहरूको अध्ययन गरी आवश्यक परेमा स्थलगत अनुगमन समेत गरी अनुदानका लागि संस्था छनौट गर्ने । यसरी संस्था छनौट गर्दा एक भन्दा बढी संस्था छनौट गर्न सकिने । ग) छनौट भएका संस्थाहरुसंग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने, कार्य सम्पन्न भए पश्चात भुक्तानी गर्ने ।	सूचना, सम्झौता, कार्यसम्पन्न प्रतिवेदन, भुक्तानी विवरण
४७. बाल सुधार गृह डोटीमा रहेका बालबालिकाहरुलाइ सकारात्मक सोच सम्वन्धी अभिमुखीकरण कार्यक्रम	
क) बाल सुधार गृह डोटीमा रहेका बालबालिकाका लागि सकारात्मक सोच सम्वन्धी अभिमुखिकरण सञ्चालन गर्ने । ख) बजेटको परिधिभित्र रही तालिमको विषयवस्तु र समय निर्धारण गर्ने । ग) कार्यक्रम सञ्चालन गर्दा सुधार गृहका सरोकारवाला निकाय र संघसंस्था सँग समन्वय तथा सहकार्य गर्न सकिने । घ) अर्थ मन्त्रालयबाट स्वीकृत नर्म्स अनुसार बजेट खर्च गर्ने ।	सहभागी हाजिरी, कार्यसम्पन्न प्रतिवेदन, विल भरपाई
४८. महिला उद्यमी सेनेटरी प्याड कार्यक्रम दिसिनपा ६ डोटी	

क) दिपायल सिलगढी नगरपालिका ६ न वडा कार्यालयबाट सेनेटरी प्याड निर्माण गर्न इच्छुक वा निर्माण गरिरहेका महिलाहरूको समूह छनौट गरी महिला उद्यमीहरुलाई बजेटको परिधि भित्र रहेर स्यानिटरी प्याड निर्माण सम्वन्धी उद्यमशीलता तालिम संचालन गर्ने प्रयोजनका लागि सहभागीहरुको विवरण माग गर्ने ख) तालिम अवधि र विषयबस्तु कार्यालयले निर्धारण गर्ने । ग) निर्धारित विषयबस्तु अनुसार तालिम संचालन गर्ने । तालिम सञ्चालन गर्दा सम्वन्धित क्षेत्रमा कार्यरत संघसंस्था सँग समन्वय गर्न सकिने । घ) अर्थ मन्त्रालयबाट स्वीकृत नर्म्स अनुसार तालिमको बजेट खर्च गर्ने । ङ) तालिम लिएका समुहलाई सेनेटरी प्याड निर्माण सम्बन्धी उद्यम सञ्चालन गर्न कार्यालयको निर्णयानुसार अनुदान उपलब्ध गराउने। अनुदान निकासा गर्दा सम्बन्धित समूहबाट कार्यक्रमको उद्देश्य अनुसार अनुदान उपयोग गर्न प्रतिवद्धता लिने। च) उद्यमी समूहहरूले अनुदानको रुपमा प्राप्त रकम मेसीन ,औजार तथा नयाँ प्रविधि सम्बन्धी उपकरण खरीद कार्यमा खर्च गर्ने र सो को प्रतिवेदन कार्यालयमा पठाउने। छ) कार्यालय र सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्ने।	सहभागी विवरण, तालिमको हाजिरी, खर्चको विल भर्पाई, अनुदान निकासा सम्बन्धी कागजात, खरीद गरिएका मेसिन औजार, उपकरण, अनुगमन प्रतिवेदन
४९. बहिरा अपाङ्गता भएका व्यक्तिहरुका लागि सांकेतीक भाषा तालिम	
क) कार्यालयले बहिरा संघसँगको समन्वयमा सहभागी छनौट गर्ने। ख) तालिमको विषयवस्तु, अवधि र तालिम सञ्चालन गर्ने स्थान कार्यालयले सम्बन्धित संघसँगको समन्वयमा निर्धारण गर्ने। ग) अर्थ मन्त्रालयको स्वीकृत नर्म्स अनुसार तालिम सञ्चचालन गर्ने।	सहभागी हाजिरी, कार्यसम्पन्न प्रतिवेदन, विल भरपाई
५०. डोटी जिल्ला क्रिकेट संघमा खेलकुद सामाग्री खरिद सिलगढी डोटी	
क) यस शिर्षकमा विनियोजित रकम प्रदेश खेलकुद परिषद्लाई अख्तियारी हस्तान्तरण गर्ने। ख) प्रदेश खेलकुद परिषद्ले सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुन अनुसार खेलकुद सामग्री खरिद गरी डोटी जिल्ला क्रिकेट संघ लगायत अन्य जिल्लाका खेलकुद समिति/संघ संस्थाहरुलाई हस्तान्तरण गर्ने।	• क्रिकेट सामग्री खरिद गरी वितरण गरिएको हुने ।

५१. खेलकुद सामाग्री खरिद तथा कार्यालय ब्यवस्थापन (साविका डोटी लगायत)	
क) जिल्ला खेलकुद समितिको समन्वयमा खरिद गर्नुपर्ने खेलकुद सामग्रीहरूको सूची र स्पिसेफिकेसन तयार गरी स्वीकृत गर्ने। ख) सार्वजनिक खरिद ऐन ,नियमावली र आर्थिक मामिला मन्त्रालयको आ. व. २०८३/२०८४ को बजेट कार्यान्वयन सम्बन्धि मार्गदर्शन अनुसार खेलकुद सामग्री तथा सामाजिक विकास कार्यालयकोकार्यालय व्यवस्थापनका लागि आवश्यक पर्ने सामग्री खरिद कार्य गर्ने। कार्यालय ब्यवस्थापन भन्नाले सामाजिक विकास कार्यालयको कार्यालय ब्यवस्थापन भन्ने बुझिने । ग) खरिद गरिएका खेल सामाग्रीहरु आवश्यकता अनुसार जिल्ला खेलकुद समितिलाई नियमानुसार हस्तान्तरण गर्ने। घ) जिल्ला खेलकुद समितिले वितरण गरेका सामग्रीहरुको भरपाई कार्यालयमा पेश गर्नु पर्ने। ङ) खेलकुद सामग्री र कार्यालय व्यवस्थापनमा कार्यालयले अवश्यकता अनुसार खर्च गर्न सकिने।	• खेलकूद सामग्री खरिद गरि संस्था तथा विद्यालयहरुमा वितरण गरि प्रयोग गरिएको हुने ।
५२. मानसखण्ड अन्तराष्ट्रिय गोष्ठी संचालन दार्चुला	

क) सुदूरपश्चिम प्रदेश प्रज्ञा प्रतिष्ठानमा अख्तियारी हस्तान्तरण गर्ने । ख) प्रतिष्ठानले सामाजिक विकास कार्यालय दार्चुलाको समन्वयमा दार्चुला जिल्लामा मानसखण्ड अन्तर्राष्ट्रिय गोष्ठी सञ्चालन गर्नु पर्ने । ग) सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र भारतको उत्तराखण्डको कुमाउँ क्षेत्र (पौराणिक मानसखण्ड)को ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक, साहित्यिक तथा सामाजिक महत्वको अध्ययन अनुसन्धान अभिलेखिकरणमा योगदान दिएका उक्त क्षेत्रका प्राज्ञ, इतिहासविद र संस्कृतिविद, भूगोलविद सम्मिलित अन्तर्राष्ट्रिय गोष्ठी सञ्चालन गर्ने । घ) गोष्ठीका लागि विनियोजित बजेटको सीमा भित्र रही गोष्ठीको समय, सहभागी संख्या आमन्त्रण गर्ने । ङ) गोष्ठीमा भारत उत्तराखण्डबाट ३ जना विज्ञ, सुदूरपश्चिम प्रदेशबाट ७ जना विज्ञ र कर्णाली प्रदेशबाट ३ जना विज्ञलाई कार्यपत्र, अनुसन्धान प्रतिवेदन, साहित्य, संस्कृति विषयमा प्रस्तुतिकरणका लागि आमन्त्रण गर्ने तथा बजेटको सीमा हेरी ७० जना सम्मको संख्यामा सहभागी तथा पत्रकार आमन्त्रण गर्ने । च) कार्यपत्र, अनुसन्धानको नतिजा, साहित्यिक तथा सांस्कृतिक प्रदर्शनीमा सहभागीहरुको यातायात, आवास, खाना, खाजा र पारिश्रमिकमा विनियोजित बजेट खर्च गर्ने ।	• दार्चुला जिल्लामा ऐतिहासिक मानसखण्ड सम्मेलन आयोजना गरी मानसखण्डको पौराणिक, ऐतिहासिक, साँस्कृतिक पुराततात्विक विषयबस्तुको संरक्षण प्रचारप्रसार भएको हुने ।
५३. सामुदायिक तथा सार्वजनिक पुस्तकालयलाई कार्यसम्पादनको आधारमा अनुदान सहायता कार्यक्रम	
क) कार्यालयले सामुदायिक सार्वजनिक पुस्तकालय व्यवस्थापन अनुदानका लागि इच्छुक सामुदायिक सार्वजनिक पुस्तकालयलाई प्रस्ताव पेश गर्न १५ दिने सार्वजनिक सूचना गर्ने । ख) प्राप्त प्रस्तावहरूको कार्यसम्पादनको मूल्याङ्कन कार्यालयले गर्ने । ग) पुस्तकहरुको संख्या, दैनिक सेवाग्राही भिजिटको आवृत्ति, व्यवस्थित रुपमा पुस्तकालय संचालनमा रहेको, भवन दराज च्याक लगायत उपयुक्त पुर्वाधार भएको, पुस्तक तथा पाठ्यसामग्री पर्याप्त व्यवस्थापन गरेको नियमित रुपमा खुल्ने गरेको कर्मचारी व्यवस्थापन गरिएको आदि आधारमा पुस्तकालयको कार्यसम्पादनको मूल्याङ्कन गर्नु पर्ने । घ) मूल्याङ्कनका आधारमा सेवाग्राहीहरुको चाप माग र प्रयोगको अवस्था अनुसार बजेटको सिमा र आवेदकको संख्या हेरी उपयुक्त संख्यामा पुस्तकालय छनौट गरी अनुदान उपलब्ध गराउने ।	• पुस्तकालय व्यवस्थापन भई सेवाग्राहीलाई प्रयोगमा सहज हुने ।

ङ) उक्त अनुदानबाट पुस्तकालयको पुस्तक, पत्रपत्रिका, विद्यूत तथा खानेपानी फर्निचर व्यवस्थापन लगायतका कार्यमा खर्च गर्ने गरी कार्यालयले पुस्तकालयसँग सम्झौता गर्ने । च) सार्वजनिक खरिद ऐन तथा नियम अनुसार पुस्तकालयले खरिद कार्य सम्पन्न गर्नु पर्ने । छ) स्थानीय तहको कार्यसम्पन्न प्रतिवेदन, पुस्तकालय व्यवस्थापन समितिको निर्णय, निर्मित तथा खरिद गरिएका सामग्रीको बिल भरपाइ खरिद कागजात सामग्रीको तस्बीर सहितको फाइल पेश भए पश्चात कार्यालयले भुक्तानी दिनु पर्ने ।	
घ) सामाजिक विकास मन्त्रालयबाट आ. व. २०८३/०८४ मा कार्यान्वयन गरिने कार्यक्रमहरुको कार्यान्वयन प्रक्रिया	
अ) चालु तर्फका कार्यक्रम (सामाजिक विकास तर्फ)	
१. अपाङ्गता भएका व्यक्तिहरुका लागि सीप विकास तालिम (अपाङ्गता अधिकार प्रवर्धन)	
क) शिक्षा विकास निर्देशनालयलाई अख्तियारी हस्तान्तरण गर्ने । ख) शिक्षा विकास निर्देशनालयले राष्टिय अपाङ्ग महासंघसंगको समन्वयमा अपाङ्गता भएका व्यक्तिहरुको सहभागितामा मागमा आधारित तालिम संचालन गर्ने । ग) तालिमको विषयवस्तु र अवधी शिक्षा विकास निर्देशनालयको निर्णयानुसार हुनेछ ।	सहभागी हाजिरी, कार्यसम्पन्न प्रतिवेदन, विल भरपाई
२. दृष्टि सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरुका लागि कम्प्युटर तालिम	
क) शिक्षा विकास निर्देशनालयलाई अख्तियारी हस्तान्तरण । ख) शिक्षा विकास निर्देशनालयले राष्टिय अपाङ्ग महासंघसंगको समन्वयमा दृष्टि सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरुको सहभागितामा कम्प्युटर सम्बन्धी तालिम संचालन गर्ने ग) तालिमको विषयवस्तु र अवधी शिक्षा विकास निर्देशनालयको निर्णयानुसार हुनेछ ।	सहभागी हाजिरी, कार्यसम्पन्न प्रतिवेदन, विल भरपाई

३. स्थानीय तहसंगको सहकार्यमा शारीरिक अपाङ्गता र अटिजम लगायतका बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुको स्क्रीनिङ परामर्श सेवा सहायक सामग्री वितरण लगायतका कार्यक्रम	
क) स्वास्थ्य निर्देशनालयलाई अख्तियारी हस्तान्तरण गर्ने । ख) स्वास्थ्य निर्देशनालयले स्थानीय तहसंगको सहकार्य र राष्टिय अपाङ्ग महासंघसंगको समन्वयमा शारीरिक अपाङ्गता र अटिजम लगायतका बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुको स्क्रिनिङ्ग र परामर्श सेवा संचालन गर्ने । ग) कार्यक्रम सञ्चालनको समय र प्रक्रिया स्वास्थ्य निर्देशनालयको निर्णयानुसार हुनेछ ।	सेवा प्राप्त गरेका व्यक्तिहरूको विवरण, कार्यसम्पन्न प्रतिवेदन
४. अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामग्री वितरण	
क) स्वास्थ्य निर्देशनालयलाई अख्तियारी हस्तान्तरण गर्ने । ख) स्वास्थ्य निर्देशनालयले राष्टिय अपाङ्ग महासंघसंगको समन्वयमा अपाङ्गता भएका व्यक्तिहरूको लागि अत्यावश्यक सहायक सामाग्रीहरूको सुची र स्पेसीफिकेसन तयार गर्ने । ग) विनियोजित बजेटको परिधी भित्र रही सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम सामाग्री खरीद गर्ने । घ) खरीद गरिएका सहायक सामाग्री राष्ट्रिय अपाङ्ग महासंघ संगको समन्वयमा अपाङ्गता भएका व्यक्तिहरूलाई वितरण गर्ने । ङ) सामाग्री वितरण गर्दा हाल सम्म सहायक सामग्री प्राप्त नगरेका, विपन्न र सामग्रीको अभावमा जीवनयापनमा कठिनाई भएका व्यक्तिहरूलाई प्राथमिकता दिने ।	खरिद सम्बन्धी कागजात, सामाग्री प्राप्त गर्ने व्यक्तिहरूको विवरण र भरपाई
५. अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम (CBR) कार्यक्रम	
क) संघीय सरकारबाट तर्जुमा गरेको *"अपाङ्गता रोकथाम तथा पुनर्स्थापना लागत साझेदारी (संघ, प्रदेश, स्थानीय तह) कार्यक्रम संचालन कार्यविधि २०८३"* अनुसार कार्यक्रम संचालन गर्ने । ख) कार्यक्रम कार्यान्वयन गर्न मन्त्रालयले आवश्यकता अनुसार कार्यगत शर्त तोक्न सक्नेछ ।	स्वीकृत कार्यविधि, बजेट हस्तान्तरण सम्बन्धी कागजात, कार्यक्रम अनुगमन प्रतिवेदन
६. अपाङ्गता भएका व्यक्तिहरुलाई कृत्रिम अंग उत्पादन तथा वितरण कार्यक्रम	

क) स्वास्थ्य निर्देशनालयलाई अख्तियारी हस्तान्तरण गर्ने । ख)राष्ट्रिय अपाङ्ग महासंघको समन्वयमा कृत्रिम अंग आवश्यक भएका अपाङ्गता भएका व्यक्तिहरू र आवश्यक पर्ने कृत्रिम अंगहरूको विवरण संकलन गर्ने । ग) कृत्रिम अंग उत्पादन गर्ने संस्थाहरूबाट कृत्रिम अंग उत्पादन र फिटिङ कार्य गर्न प्रस्ताव माग गर्ने । घ) पेश भएका प्रस्तावहरूको मूल्याङ्कन गरी संस्था छनौट गर्ने । ङ) छनौट भएको संस्थासंग सम्झौता गर्ने । च) सम्झौता बमोजिम कार्य सम्पन्न भए पश्चात भुक्तानी दिने ।	कृत्रिम अंग वितरणको लागि प्राप्त विवरण, संस्था संग भएको सम्झौता, सेवा प्राप्त गरेका व्यक्तिहरूको विवरण, भुक्तानी विवरण
७. राष्ट्रिय अपाङ्गता महासंघ नेपाल सुदूरपश्चिम प्रदेशको बहुआयामिक पुनस्थापना भवन निर्माणको लागि सम्भाव्यता अध्ययन र DPR निर्माण	
क) राष्ट्रिय अपाङ्ग महासंघ नेपाल सुदूरपश्चिम प्रदेशको बहुआयामिक पुन:स्थापना भवन निर्माणको लागि महासंघको नाममा दर्ता जग्गाको कागजात माग गर्ने । ख) भवन निर्माणको लागि प्रयाप्त जग्गा उपलब्ध रहेको सुनिश्चित गरी मन्त्रालयले सार्वजनिक खरीद सम्बन्धी प्रचलित कानून अनुसार भवन निर्माणको लागि DPR तयार गर्ने ।	सम्झौता, DPR
८. यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरुको लागि मागमा आधारित स्वरोजगार तालिम	
क) व्यावसायिक तथा सीप विकास केन्द्र कैलालीलाई अख्तियारी हस्तान्तरण गर्ने । ख) व्यावसायिक तथा सीप विकास केन्द्र कैलालीले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका संस्थाहरुसंगको समन्वयमा मागमा आधारित स्वरोजगार तालिम संचालन गर्ने ।	तालिम प्राप्त व्यक्तिहरूको विवरण, तालिमको हाजिरी
९. यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको तथ्यांक सङ्कलन	
क) यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका संघ संस्थाहरू संग समन्वय गरी संकलन गर्नु पर्ने विवरण यकिन गर्ने । ख) सार्वजनिक खरीद सम्बन्धी प्रचलित कानून अनुसार परामर्श सेवा खरिद गरी तथ्याङ् संकलन गर्ने ।	कार्यक्षेत्रगत शर्त, सम्झौता, तथ्याङ्क प्रतिवेदन
१०.बाल विवाह मुक्त सुदूरपश्चिम कार्यक्रम	

क) कार्यक्रम सञ्चालन गर्न मन्त्रालयको निर्णय अनुसार ३ वटा स्थानीय तहहरू छनौट गरी प्रति स्थानीय तह रू ३ लाख वित्तीय हस्तान्तरण गर्ने । ख) नेपाल सरकारबाट चालु आ.व. २०८३/८४ मा बालविवाह अन्त्यका लागि सशर्त अनुदान उपलब्ध नभएका स्थानीय तह छनौट गर्नु पर्ने। ग) वित्तिय हस्तान्तरण मार्फत अनुदान प्राप्त गरेको स्थानीय तहले नेपाल सरकार, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयबाट स्वीकृत " बालविवाह अन्त्यका लागि स्थानीय तहलाई उपलब्ध गराइएको सशर्त अनुदान कार्यविधि, २०८३" अनुसार बालविवाह अन्त्यका लागि अभियान सञ्चालन गर्ने। घ) मन्त्रालयले कार्यक्रमको अनुगमन र सहजीकरण गर्ने । ङ) मन्त्रालयले आवश्यकता अनुसार कार्यगत शर्त तोक्न सक्नेछ ।	रकम निकासा विवरण, स्थानीय तहको कार्ययोजना, कार्य सम्पन्न प्रतिवेदन
११. सु·प·का सबै पालिकालाई बालमैत्री पालिका घोषणाका लागि तयारी कार्यक्रम	
क) मन्त्रालयले बालमैत्री स्थानीय तहको मापदण्ड पुरा गरी घोषणा गर्ने तयारीमा रहेका इच्छुक स्थानीय तहहरूबाट प्रतिवद्धता पत्र माग गर्ने। ख) मन्त्रालयले प्रतिवद्धता पत्र पेश गर्ने स्थानीय तहहरू मध्ये ५ वटा स्थानीय तहहरू छनौट गर्ने। ग) छनौट भएका स्थानीय तहरूलाई कार्यक्रम सञ्चालन गर्न प्रति स्थानीय तह रू. २ लाखका दरले रकम हस्तान्तरण गर्ने। घ) सम्बन्धित स्थानीय तहले बालमैत्री स्थानीय तह घोषणा कार्यक्रम सम्पन्न गरी प्रतिवेदन मन्त्रालयमा पठाउने।	छनौट भएका स्थानीय तह, रकम निकासा विवरण, बालमैत्री स्थानीय तह घोषणा प्रतिवेदन
१२.प्रदेश स्तरीय बाल सञ्जालको बैठक संचालन र सञ्जाल को क्षमता विकास	
क) प्रदेश स्तरीय बाल सञ्जालको नियमित बैठक संचालन गर्ने । ख) विनियोजित बजेटबाट प्रदेश स्तरीय बाल सञ्जालका पदाधिकारीहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। ग) क्षमता विकास कार्यक्रमको विषयवस्तु, अवधि र स्थान मन्त्रालयको निर्णय अनुसार हुने। घ) बैठक र कार्यक्रम सञ्चालन गर्दा अर्थ मन्त्रालयको स्वीकृत नर्म्स अनुसार खर्च गर्ने ।	बैठकको माइन्यूट, कार्यक्रमको हाजिरी, कार्यसम्पन्न प्रतिवेदन, विलभर्पाई

ङ) कार्यक्रम सञ्चालन गर्दा बालबालिकाको क्षेत्रमा कार्यरत गै स स तथा विकास साँझेदार संघ संस्थाहरूसंग सहकार्य गर्न सकिने।	
१३. प्रदेश स्तरीय बाल कोष संचालन	
बालकोष संचालन कार्यविधि २०८२ अनुसार संचालन गर्ने ।	लाभग्राही बालबालिकाहरुको विवरण, खर्चको विल भर्पाई तथा निकासा विवरण
१४. राजनीतिक तथा सामाजिक नेतृत्वमा महिला सहभागिता अध्ययन तथा कार्यक्रम	
क) शिक्षा विकास निर्देशनालयमा अख्तियारी हस्तान्तरण गर्ने । ख) निर्देशनालयले राजनीतिक तथा सामाजिक नेतृत्वमा महिला सहभागिता अध्ययनका लागि विनियोजित रकमको बढीमा १० प्रतिशत रकम खर्च गर्न सकिने बाकि रकम बाट सबै जिल्ला समेट्ने गरि राजनीतिक तथा सामाजिक नेतृत्वमा महिला सहभागिता वृद्धि गर्न अध्ययनको सिफारिस अनुसारका कार्यक्रमहरु संचालन गर्ने ।	स्वीकृत कार्यक्षेत्रगत शर्त, सार्वजनिक सूचनाहरू, खरीद सम्बन्धी निर्णय, सम्झौता, अध्ययन प्रतिवेदन, भुक्तानी विवरण
१५. महिला हिंसा न्युनिकरण तथा मनोपरामर्श सहित आत्मनिर्भरता कार्यक्रम	
क) मन्त्रालयले कैलाली, कञ्चनपुर, डोटी, डडेल्धुरा र बैतडी जिल्लाका सामाजिक विकास कार्यालयहरूलाई रू ५ लाखका दरले रकम हस्तान्तरण गर्ने। ख) सामाजिक विकास कार्यालयले सम्बन्धित जिल्लाको अल्पकालीन आवास गृह तथा एकद्वार संकट व्यवस्थापन केन्द्रसँग समन्वय गरी हिंसा पिडित तथा प्रभावित १५ जना महिलाहरूको लागि मनोपरामर्श सहित आत्म निर्भरता कार्यक्रम सञ्चालन गर्ने। ग) सहभागी छनोट गर्दा यस भन्दा अगाडि कुनै सरकारी तथा गैर सरकारी निकायबाट यस प्रकारको तालिम र अनुदान नलिएको महिलालाई प्राथमिकता दिने।	छनौट भएका व्यक्तिहरूको विवरण, तालिमको हाजिरी, अनुदान निकासा विवरण, कार्य सम्पन्न प्रतिवेदन

घ) कार्यक्रम सञ्चालन गर्दा हिंसा पिडित तथा प्रभावित महिलाहरूको लागि प्रति व्यक्ति बढीमा रु २० हजार व्यवसाय स्थापना अनुदान उपलब्ध गराउने।	
१६. दुर्गम तथा सिमान्तकृत महिलाहरुका लागि आत्मनिर्भर विशेष कार्यक्रम	
क) अछाम, बझाङ्ग, बाजुरा र दार्चुला जिल्ला स्थित सामाजिक विकास कार्यालयहरुलाई रु ५ लाखका दरले अख्तियारी हस्तान्तरण गर्ने । ख) कार्यालयले जिल्लाको दुर्गम स्थानीय तह छनौट गर्ने। सम्बन्धित स्थानीय तहसँग समन्वय गरी सो स्थानीय तह भित्रका १५ जना आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिलाहरूको लागि ७ दिनको उद्यमशीलता तालिम सञ्चालन गर्ने। ग) सहभागी छनोट गर्दा यस भन्दा अगाडि कुनै सरकारी तथा गैर सरकारी निकायबाट यस प्रकारको तालिम र अनुदान नलिएको महिलालाई प्राथमिकता दिने। घ) कार्यक्रम सञ्चालन गर्दा विपन्न तथा सिमान्तकृत समुदायका महिलाहरूको लागि प्रति व्यक्ति बढीमा रु २० हजार व्यवसाय स्थापना अनुदान उपलब्ध गराउने।	छनौट भएका व्यक्तिहरूको विवरण, तालिमको हाजिरी, अनुदान निकासा विवरण, कार्य सम्पन्न प्रतिवेदन
१७. महिला लघु उद्यमशिलता करिडोर सम्भाव्यता अध्ययन	
क) मन्त्रालयले सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुन बमोजिम परामर्श सेवा खरिद गरी सम्भाव्यता अध्ययन गर्ने।	सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त भएको हुने ।
१८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्तिहरुको अनुभव तथा सिकाइ आदान प्रदान र क्षमता विकास कार्यक्रम	
क) लै.स.सा.स. परीक्षण कार्यविधि २०८० अनुसार तोकिएका जेसी सम्पर्क व्यक्ति र कार्यालय प्रमुखको सहभागितामा १ दिने सिकाई आदान प्रदान तथा क्षमता विकास कार्यक्रम संचालन गर्ने । ख) कार्यक्रमको विषयवस्तु र स्थान मन्त्रालयको निर्णयानुसार हुनेछ ।	कार्यक्रमको हाजिरी, विलभरपाई, कार्यसम्पन्न प्रतिवेदन
१९. एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC)सेफ हाउस र महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरुको समिक्षा	

क) एकद्वार संकट व्यवस्थापन केन्द्र, सेफ हाउस, सामाजिक विकास कार्यालय र नेपाल प्रहरीको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका प्रतिनिधिहरूको सहभागितामा १ दिनको समिक्षा कार्यक्रम सञ्चालन गर्ने। ख) कार्यक्रमको विषयवस्तु र स्थान मन्त्रालयको निर्णयानुसार हुनेछ। ग) कार्यक्रम सञ्चालनको खर्च नेपाल सरकार अर्थ मन्त्रालयको मापदण्ड अनुसार हुने।	कार्यक्रमको हाजिरी, विलभरपाई, कार्यसम्पन्न प्रतिवेदन
२०. मानव बेचबिखन तथा ओसार पसार वा लैङ्गिक हिंसा पिडित/प्रभावितहरुको लागि साझेदारीमा पुर्स्थापना/पुनः एकीकरण कोष	
क) मानव बेचबिखन तथा ओसार पसार वा लैङ्गिक हिंसा पिडित/प्रभावितहरुको लागि साझेदारीमा पुर्स्थापना/पुनः एकिकरण कोष सञ्चालन सम्बन्धी कार्यिविधि अनुसार सञ्चालन गर्ने।	स्वीकृत कार्यविधि, लाभग्राही व्यक्तिहरूको विवरण, खर्चको विल भर्पाई तथा निकासा विवरण
२१. दलित अधिकार दशक कार्यक्रम सञ्चालन	
क) "दलित अधिकार दशक रणनीतिक कार्ययोजना (२०८३/८४-२०९२/९३)" तयारी तथा स्वीकृतका लागि सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोगलाई अख्तियारी हस्तान्तरण गर्ने।	स्वीकृत रणनीतिक कार्ययोजना, कार्यक्रमहरूको उपस्थिति, विल भरपाई।
२२. सहयोगापेक्षी सडक मानव उद्धार तथा पुर्नस्थापनाको क्षेत्रमा काम गर्ने सामाजिक संस्थाहरुलाई अनुदान।	
क) "सहयोगापेक्षी सडक मानव उद्धार तथा पुर्नस्थापनाको क्षेत्रमा काम गर्ने सामाजिक संस्थाहरुलाई अनुदान सम्बन्धी कार्यविधि, २०८३" निर्माण गरी सोही कार्यविधि अनुसार संचालन गर्ने।	स्वीकृत कार्यविधि, अनुदान सम्बन्धी सूचना, प्रस्तावहरू, सम्झौता, कार्य सम्पन्न प्रतिवेदन, विल भरपाई, निकासा विवरण।
२३. विभिन्न समितिका बैठक खर्च (प्रादेशिक अपांगता समन्वय समिति, संरक्षण विषयगत क्षेत्र लगायत)	

क) प्रादेशिक अपाङ्गता समन्वय समिति, जेसी समिति, प्रदेश बाल अधिकार समिति, संरक्षण विषयगत क्षेत्र तथा अन्य समितिहरुको बैठक संचालन गर्ने । ख) नियमानुसार बैठकका सहभागीहरूको बैठक भत्ता र खाजा खर्चमा यस क्रियाकलाप शिर्षकमा विनियोजन भएको रकम खर्च गर्ने ।	बैठकका माइन्यूट, विल भर्पाई, निकासा विवरण
२४. सामाजिक विकास महाशाखासंग सम्बन्धित विभिन्न दिवसीय कार्यक्रम	
क) लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, अन्तर्राष्ट्रिय महिला दिवस, बाल दिवस लगायत बालविवाह, घरेलु हिंसा, छाउपडी प्रथा जस्ता कुरीति न्युनीकरणका लागि सचेतना कार्यक्रम तथा दिवस सञ्चालन गर्ने । ख) कार्यक्रम सञ्चालन गर्दा स्थानीय तह, गैर सकारी संस्था तथा विकास साझेदार संस्थाहरू समन्वय र सहकार्य गर्न सकिने ।	टिप्पणी/आदेश, कार्यक्रमको उपस्थिति, कार्यसम्पन्न प्रतिवेदन, विल भर्पाई, श्रव्यदृश्य सामाग्री
२५.सामाजिक विकास महाशाखासँग सम्बन्धित मापदण्ड, नीति, नियम, निर्देशिका कार्यविधि, कार्यदेश आदि निर्माण खर्च	
क) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, यौनिक तथा लैंगिक अल्पसंख्यक, सामाजिक समावेशीकरण तथा समाज कल्याण लगायतका सामाजिक विकासका क्षेत्रमा प्रादेशिक मापदण्ड, नीति, नियम, निर्देशिका, कार्यविधि, आदि निर्माण गर्न यस शिर्षकमा विनियोजित रकम मन्त्रालयको निर्णय अनुसार खर्च गर्ने । ख) मस्यौदा लेखन, परामर्श, छलफल, बैठक सञ्चालन गर्न स्वीकृत खर्चको मापदण्ड अनुसार रकम खर्च गर्ने । ग) मन्त्रालय भन्दा बाहिरबाट विज्ञ सेवा लिनु पर्ने अवस्थामा विज्ञ परामर्श सेवा लिन सकिने ।	मन्त्रालयको निर्णय, बैठकका माइन्यूट, मस्यौदा तथा स्वीकृत दस्तावेज, कार्यशालाका उपस्थिति, भुक्तानी विवरण
२६. अनुगमन, मुल्यांकन तथा सुपरिवेक्षण खर्च	
क) यस शिर्षकमा विनियोजन भएको रकम सामाजिक विकास क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरुको अनुगमन कार्यमा खर्च गर्ने । ख) मन्त्रालयबाट भ्रमण आदेश स्वीकृत गरी अनुगमन गर्ने । ग) अनुगमनमा देखिएका विषयवस्तुहरुमा विश्लेषण गरि पृष्टपोषण प्रदान गर्ने र मन्त्रालयमा प्रतिवेदन पेश गर्ने ।	स्वीकृत भ्रमण आदेश, अनुगमन प्रतिवेदन

२७. मन्त्रालयमा स्तनपान कक्ष व्यवस्थापन, अपाङ्गता/लैङ्गिक तथा यौनिक अल्पसंख्यक मैत्री शौचालय व्यवस्थापन कार्यक्रम	
क) मन्त्रालयको निर्णय अनुसार सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुन बमोजिम मन्त्रालयमा स्तनपान कक्ष, अपाङ्गता/लैङ्गिक तथा यौनिक अल्पसंख्यक मैत्री शौचालयको व्यवस्थापन गर्ने।	खरिद सम्बन्धी कागजात, भुक्तानी विवरण, प्रयोगमा आएको स्तनपान कक्ष, अपाङ्गता/लैंगिक तथा यौनिक अल्पसंख्यक मैत्री शौचालय
२८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण	
क) लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८० अनुसार सामाजिक विकास मन्त्रालयको परीक्षण गर्ने।	लै.स.सा.स. परीक्षण प्रतिवेदन
आ) चालु प्रकृतिका कार्यक्रम (शिक्षा क्षेत्र तर्फ)	
२९. बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन तथा रणनीति कार्यान्वयन, अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयनका लागि घरधुरी सर्वेक्षण गरी सबै बालबालिका विद्यालयमा भर्ना भएको पालिका घोषणा कार्यक्रम।	
क) सामाजिक विकास कार्यालयहरुबाट कार्यान्वयन गरिने अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रमको परिपुरक कार्यक्रमको रुपमा यस कार्यक्रमलाई कार्यान्वयन गर्ने। ख) कार्यालयले बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन नभएका स्थानीय तहहरूमा सञ्जाल गठन गर्ने गराउने। ग) स्थानीय तहबाट प्राप्त विद्यालय बाहिर रहेका बालबालिकाको नामनामेसी सहितको विवरण सामाजिक विकास कार्यालयले निर्देशनालय र मन्त्रालयलाई समयमै उपलब्ध गराउने। घ) कार्यालयबाट उपलब्ध विद्यालय बाहिर रहेका विद्यार्थीको विवरणका आधारमा रकम बाँडफाँड गरी खर्च गर्ने अख्तियारी हस्तान्तरण गर्ने।	• बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन भएको हुने । • विद्यालय बाहिर रहेका सबै बालबालिका विद्यालयमा भर्ना र निरन्तरता भएको हुने • अनिवार्य तथा निःशुल्क शिक्षा लागु भएका स्थानीय तह वडा घोषणा भएको हुने

ङ) कार्यालयहरुलाई अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम क्रियाकलाप नं. २३ अनुसार कार्यान्वयन गर्न पत्राचार गर्ने।	
३०. शिक्षा तथा सामाजिक विकास सम्बद्ध मातहत निकायहरुको प्रगति समीक्षा कार्यक्रम	
क) निर्देशनालय, शिक्षा तालिम केन्द्र, सामाजिक विकास कार्यालयका कार्यालय प्रमुख र प्राविधिक कर्मचारीहरुको उपस्थितिमा २ दिने प्रगति समीक्षा कार्यक्रम आयोजना गर्ने । ख) गत तथा चालु आवको कार्यक्रम कार्यान्वयनको प्रगतिको अवस्था, वित्तीय र भौतिक प्रगति, मुख्य समस्या तथा चुनौतिबारे प्रस्तुतिकरण, छलफल गरी समस्या समाधानका विषयमा छलफल तथा अन्तर्क्रिया गर्ने । ग) सहभागिको दैनिक भ्रमण खर्च खाजा तथा कार्यक्रम व्यवस्थापनको खर्च मन्त्रालयको निर्णयअनुसार यो शीर्षकबाट भुक्तानी गर्ने ।	• अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हुने । • प्रगति समिक्षा गरिने • समस्याहरुको पहिचान गरी समाधानका उपायबारे स्पष्ट भएको हुने ।
३१. संघ, प्रदेश र स्थानीय तहका शिक्षा शाखाका कर्मचारीहरुसँग शिक्षा योजना कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा सहकार्य र समन्वय सम्बन्धी प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम	
क) मन्त्रालयले शिक्षा विकास तथा समन्वय एकाई, स्थानीय तहका शिक्षा शाखा महाशाखाका कर्मचारी र प्रदेश शिक्षाका कर्मचारी सम्मिलित २ दिने अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने। बजेटको सीमा हेरी उपुक्त संख्यामा सहभागी आमन्त्रित गर्ने । ख) अन्तरक्रियामा स्थानीय शिक्षा योजना, प्रदेश शिक्षा योजनाका विषयबस्तु बारे छलफल गर्ने। शिक्षा क्षेत्रमा पालिका तहबाट गरिएको लगानीका योजनाहरुको कार्यान्वयन अवस्था, प्रदेश सशर्त योजनाका कार्यक्रम कार्यान्वय अवस्था, प्रदेशको शिक्षा क्षेत्रका मुख्य मुख्य समस्या तथा चुनौती र तीनको समाधानका लागि तीनै तहका सरकारबाट समन्वयात्मक योजना प्रणाली बारे प्रस्तुतिकरण र छलफल गर्ने । ग) अन्तरक्रिया कार्यक्रममा विकास साझेदार संस्थाहरुको स्रोत परिचालनका लागि समन्वय गरिने तथा विकास साझेदार संस्थाहरुलाई समेत सहभागी गराउन सकिने ।	• तीनै तहका सरकारका शिक्षा सम्बद्ध नीति योजना तथा कार्यक्रममा समन्वय र सहकार्य भएको हुने । • शिक्षा सम्बन्धी प्रदेशका साझा समस्या तथा चुनौतिको बारेमा छलफल भई समाधानमा सहयोग पुग्ने ।

घ) सरकारी तथा गैर सरकारी क्षेत्रको सहभागितामा शिक्षाका समसामयिक मुद्दा र विषय जस्तै सबै बालबालिकालाई विद्यालयमा भर्ना सुनिश्चितता, उत्तीर्ण दर, टिकाउदरमा सुधार, ड्रपआउट दर घटाउने , शिक्षामा समावेशीकरण, परीक्षाको नतिजा सुधार, शिक्षामा लगानी र उपलब्धीमा बढोत्तरी गर्ने विषयमा प्रदेशस्तरीय साझा प्रतिवद्धता गरी लागु गर्ने । ङ) स्थानीय तहहरुको शिक्षा योजना तथा कार्यक्रम कार्यान्वयनमा देखिएका असल अभ्यासहरुको आदानप्रदान गरी अनुभव आदान प्रदान गर्ने । च) बजेटको सीमा हेरी यस कार्यक्रममा प्रदेश सरकारका विषयगत मन्त्रालयका मन्त्रीज्यू, प्रदेश सभा सदस्यज्यूहरु, सामाजिक विकास समितिका पदाधिकारी लगायत उच्च पदस्थ कर्मचारीहरुको समेत उपस्थिति गराउने । छ) कार्यक्रममा सहभागीको दैनिक भ्रमण खर्च, खाना खाजा तथा व्यवस्थापकीय कार्यमा यस शीर्षकको रकम मन्त्रालयको निर्णयअनुसार खर्च गर्नु पर्ने ।	• कार्यक्रम कार्यान्वयनमा सहजीकरण र समन्वय तथा सहकार्य अभिवृद्धि भै परिणाममुखी हुने ।
३२. विद्यालय Clustering कार्यक्रम	
क) मन्त्रालयले विद्यालय Clustering कार्यक्रम सञ्चालन गर्न इच्छुक स्थानीय तहबाट प्रस्ताव माग गर्ने । ख) माग गरिएका प्रस्ताव मध्ये एउटा स्थानीय तह छनौट गर्ने । ग) छनौट भएको स्थानीय तहलाई यस शीर्षकको रकम वित्तीय हस्तान्तरण गरी पठाउने । घ) मन्त्रालयले छनौट भएका स्थानीय तहलाई देहायका आधारमा कार्यक्रम कार्यान्वयन गर्न कार्यप्रक्रिया तोकि जानकारी दिने । • विद्यालयको भौगोलिक अवस्था, विद्यार्थी शिक्षक संख्या, भौतिक पूर्वाधार, सामाजिक अवस्था आदिका आधारमा ५ वटा विद्यालयको एउटा समूह (क्लष्टर) बनाउने । क्लष्टरका सदस्य विद्यालयमध्ये भौगोलिक रुपमा सबै सदस्यका लागि पायक पर्ने, विद्यार्थी संख्या बढी भएको, विषयगत योग्यता प्राप्त शिक्षक भएको, भौतिक तथा शैक्षिक पूर्वाधारमा अब्बल भएको विद्यालयलाई क्लष्टरको नेतृत्व र अन्य विद्यालयलाई क्लष्टरका सदस्यको रुपमा तोक्ने ।	• विद्यालयहरुको क्लष्टर गठन भएको हुने । • क्लष्टरको कार्ययोजना तयार भई कार्यान्वयन हुने • असल अभ्यासहरु आदानप्रदान हुने • अनुभव आदान प्रदान र क्षमता विकास कार्यक्रम मार्फत क्लष्टरका सबै सदस्य

• सबै सदस्य विद्यालयका प्रअ र अनुभवी शिक्षक सम्मिलित क्लष्टर व्यवस्थापन समिति गठन गर्ने। • क्लष्टर व्यवस्थापन समितिले क्लष्टरस्तरीय वार्षिक शैक्षिक कार्ययोजना निर्माण गर्ने। • शैक्षिक कार्ययोजनामा मासिक प्रधानाध्यापक बैठक, विषयगत शिक्षक बैठक, शिक्षकको पेशागत विकास तथा तालिम, कक्षा अवलोकन र पृष्ठपोषण, नमूना कक्षा तथा असल अभ्यास आदानप्रदान, विद्यार्थी सिकाइ उपलब्धी विश्लेषण, कमजोर सिकाइ उपलब्धी भएका विद्यार्थीका लागि सुधारात्मक शिक्षण, नवनियुक्त शिक्षकको कक्षा अवलोकन तथा मेन्टरिङ लगायतका विषय समावेश गर्ने। • क्लष्टर विद्यालयका प्रधानाध्यापक, अनुभवी विज्ञ शिक्षकहरुलाई क्लष्टरका कमजोर कार्यसम्पादन भएका विद्यालयका शिक्षक तथा विद्यार्थीहरुलाई माथि उल्लिखित कार्ययोजनामा भएका कार्यक्रम कार्यान्वयन गरी विद्यार्थी तथा शिक्षकको क्षमता विकास तथा पेशागत सहयोग तथा अनुभव आदान प्रदान गर्ने कार्यमा यस शिर्षकबाट विनियोजित बजेट सम्बन्धित क्लष्टरको नेतृत्व गर्ने विद्यालयको खातामा रकम निकासा गर्ने। • कार्यक्रम सञ्चालनका कागजात, बैठक बसेका माइन्युट, भरपाई विल फोटो कार्ययोजना तयार गरी कार्यान्वयन गरेको प्रमाणका आधारमा सम्बन्धित स्थानीय तहले अन्तिम भुक्तानी दिने।	विद्यालयहरुको शैक्षिक उपलब्धीमा सुधार भएको हुने ।
३३. सबै बालबालिकाको विद्यालय भर्ना सुनिश्चितता तथा निरन्तरता कार्यक्रम	
क) सामाजिक विकास कार्यालयहरुबाट कार्यान्वयन गरिने अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रमको परिपुरक कार्यक्रमको रुपमा यस कार्यक्रमलाई कार्यान्वयन गर्ने। ख) स्थानीय तहबाट प्राप्त विद्यालय बाहिर रहेका बालबालिकाको नामनामेसी सहितको विवरण सामाजिक विकास कार्यालयले निर्देशनालय र मन्त्रालयलाई समयमै उपलब्ध गराउने। ग) कार्यालयबाट उपलब्ध विद्यालय बाहिर रहेका विद्यार्थीको विवरणका आधारमा रकम बाँडफाँड गरी खर्च गर्ने अख्तियारी हस्तान्तरण गर्ने।	• OOSC को यथार्थ तथ्याङ्क र विवरण तयार भएको हुने। • सबै बालबालिका विद्यालयमा भर्ना भएका हुने।

घ) कार्यालयहरुलाई अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम क्रियाकलाप नं. २३ अनुसार कार्यान्वयन गर्न पत्राचार गर्ने।	
३४. Digital शिक्षा सुदृढीकरण कार्यक्रम	
क) शिक्षा विकास निर्देशनालयमा अख्तियारी हस्तान्तरण गर्ने । ख) निर्देशनालयले सार्वजिनक सूचना गरी दुर्गम क्षेत्रको, विद्यार्थी संख्या बढी भएको, विद्युतको पावर व्याकअप सुविधा भएको, डिजिटल शिक्षामा रुचि भएका शिक्षक भएको, हालसम्म कम्प्युटर, ल्यापटप, स्मार्टबोर्ड तथा डिजिटल सामग्री उपलब्ध हुन नसकेको कक्षा ८ सम्मको एउटा आधारभूत सामुदायिक विद्यालय छनौट गरी यो कार्यक्रम कार्यान्वयनका लागि सम्झौता गर्ने। ग) छनौट भएका विद्यालयसँगको सम्झौतामा ६५ इन्चको स्मार्ट टिभि/बोर्ड १ थान, ल्यापटप, UPS/ Power backup, Internet networking, Speaker webcam तथा अन्य सामग्री, डिजिटल शैक्षिक सामग्री व्यवस्थापन, शिक्षक क्षमता विकास तालिम, विद्यूतीय वाइरिङ तथा अन्य आवश्यक सामग्री व्यवस्थापन गर्ने विषय सुनिश्चित गर्ने। घ) यी सामग्री सहित एउटा डिजिटल लर्निङ रुम छुट्टै कोठाको व्यवस्थापन गर्न लगाउने । ङ) विद्यालयका शिक्षकलाई डिजिटल सामग्रीको प्रयोग गरी शिक्षण सीप सम्बन्धी ३ दिनको तालिम दिने। तालिममा पावरपोइन्ट, शैक्षिक भिडियो, डिजिटल शैक्षिक सामग्री निर्माण तथा AI को शैक्षिक प्रयोग सम्बन्धी व्यवहारिक तालिम दिने। च) डिजिटल शैक्षिक सामग्री प्रयोग गरी पठनपाठन भए नभएको तथा सामग्रीहरुको गुणस्तर आदि विषयको प्रभावकारी अनुगमन गर्ने गरी आवश्यक विल भर्पाई कागजात प्राप्त भए पश्चात विद्यालयलाई भुक्तानी दिने।	• डिजिटल शिक्षा कार्यक्रमका लागि उपयुक्त विद्यालय छनौट भइ डिजीटल सामग्री व्यवस्थापन भै सो को प्रयोगबाट शिक्षण सिकाइ रुचिकर, प्रविधिमैत्री हुने । • डिजिटल शिक्षामा शिक्षकहरुको क्षमता विकास भएको हुने । • विद्यार्थीको सिकाइ उपलब्धीमा वृद्धि भएको हुने ।
३५. सु.प. इतिहास लेखन तथा खोज अनुसन्धान कार्यक्रम	
क) सुदूरपश्चिम प्रदेश प्रज्ञा प्रतिष्ठानमा अख्तियारी हस्तान्तरण गर्ने। ख) प्रज्ञा प्रतिष्ठानले मन्त्रालयको समन्वयमा सुदूरपश्चिम प्रदेशको:-	• सुदूरपश्चिमको समग्र इतिहास समेटिएको , अनुसन्धान तथ्य र तथ्याङ्कमा आधारित पहिलो प्रमाणिक दस्तावेज तयार भै

• राजनीतिक इतिहास जस्तैः बाइसे चौबिसे राज्य, डोटी राज्य, ऐतिहासिक शासन व्यवस्था, प्रशासनिक विकास र राजनीतिक आन्दोलन। • सामाजिक इतिहासः जातीय तथा समुदायगत इतिहास, बसाँई सराइ, परम्परागत जीवनशैली, परम्परागत उपचार पद्धति, सामाजिक संरचना र सामाजिक रुपान्तरण। • धार्मिक तथा सांस्कृतिक इतिहासः देउडा, गौरा, जात्रा, मेला, मठमन्दिर, धार्मिक, परम्परा र संस्कार। • भाषा तथा साहित्यः डोटेली, बैतडेली, अछामी, बझाडी, बाजुरेली, थारु, राना थारू लगायतका भाषिक साहित्यिक परम्परा। • आर्थिक इतिहासः कृषि, व्यापार, परम्परागत बजार, नुन व्यापार, जडीबुटी, भोट, ताक्लाकोटसँगको व्यापार भेडामा नून, चामल, ढुवानीको परम्परा, जडिबुटी तथा जीविकोपार्जन आदि। • पुरातात्विक तथा ऐतिहासिक सम्पदाः शिलालेख, ताम्रपत्र, पुराना दरबार, किल्ला मन्दिर र ऐतिहासिक बस्ती। • मौखिक इतिहासः अग्रज पुस्ताका अनुभव ऐतिहासिक घटना स्थानीय किंवदन्ती र जनस्मृति आदि। ग) माथिका विषयमा प्रदेशका नौ वटै जिल्ला र क्षेत्र समेट्ने गरी अनुसन्धान गर्न विज्ञ र प्राज्ञहरु परिचालन गर्ने। घ) विज्ञ र प्राज्ञ छनौट गर्दा खुला प्रतिस्पर्धामार्फत योग्य र दक्ष व्यक्तिहरु छनौट गर्ने। विज्ञ टोली ९ वटै जिल्लामा खटाइ स्थलगत अध्ययन, अनुसन्धान, अवलोकन, अन्तर्वार्ता, तथ्य, अध्ययन मार्फत सूचना संकलन गर्न लगाउने। ङ) यी तथ्य तथ्याङ्क सूचनाका आधारमा सुदूरपश्चिम प्रदेशको समग्र इतिहास समेटिएको आधिकारिक, प्रमाणिक, अनुसन्धानमा आधारित पुस्तक अभिलेखको रुपमा तयार गर्ने। रंगीन फोटो राम्रो कागज प्रयोग गर्ने। च) पुस्तक तयार गर्नु अघि समग्र विषयको प्रमाणिकता जाँचका लागि सम्बन्धित विषयका विज्ञ तथा प्राज्ञसँग अन्तरक्रिया गरी निर्विवादित हुने गरी मात्रै पुस्तकाकार दिने। छ) पुस्तकलाई डिजिटल स्वरुपमा पनि रुपान्तरण गरी ऐतिहासिक दस्तावेजको रुपमा अर्काइभमा सुरक्षित राख्ने।	इतिहासको संरक्षण सम्वर्धन र प्रचार प्रसार भएको हुने।

ज) विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा अध्ययन सामग्रीको रुपमा प्रयोग गर्न प्रतिष्ठानले नियमानुसार उपलब्ध गराउन सक्ने।	
३६. मन्त्रालयको कार्यक्षेत्र भित्रका विभिन्न नीति कानुन तथा मापदण्ड तर्जुमा	
क) शिक्षा नीति, शिक्षा योजना, युवा नीति, खेलकुद नीति लगायतका नीति योजना तर्जुमा गरिने । ख) मन्त्रालयको जनशक्ति, सम्बन्धित सरोकारवाला क्षेत्रका विज्ञ सम्मिलित समिति गठन गरी नीति तथा योजनाहरुको मस्यौदा तयार गर्ने। ग) मस्यौदा उपर सरोकारवालाको सुझाव लिइ परिमार्जन गर्ने। घ) विषयगत मन्त्रालयको राय लिने । ङ) प्रदेश सरकार मन्त्रिपरिषद्बाट नीति तथा योजनाहरु स्वीकृत गर्ने।	• विषय क्षेत्रगत नीति तथा योजनाहरुको मस्यौदा तर्जुमा भएको हुने । • मस्यौदा उपर सरोकारवालाको सुझाव लिइएको हुने। • प्रदेश सरकार मन्त्रिपरिषदबाट नीति तथा योजना स्वीकृत गरिएको हुने ।
३७. एक पालिका एक खेलमैदान निर्माण (कार्यविधि अनुसार)	
क) मन्त्रालयले एक पालिकामा एक खेल मैदान निर्माण सम्बन्धी कार्यविधि तयार गर्ने। ख) कार्यविधि अनुसार कार्यक्रम कार्यान्वयन गर्न सम्बन्धित सामाजिक विकास कार्यालयहरुमा अख्तियारी हस्तान्तरण गर्नु पर्ने।	• कार्यविधि तर्जुमा भएको हुने। • सामाजिक विकास कार्यालयमा अख्तियारी हस्तान्तरण • साविका बाट कार्यान्वयन भएको हुने ।
३८. निजामती आवासीय विद्यालय (प्रदेश नमूना विद्यालय) पुँजीगत कार्यक्रम	

क) शिक्षा विकास निर्देशनालयमा अख्तियारी हस्तान्तरण गर्ने । ख) निजामती आवासीय विद्यालयको डिपीआर अनुसार बाँकी रहेका भौतिक पूर्वाधार जस्तै घेराबार, फिल्ड निर्माण, मर्मत सम्भार, खानेपानी, खेलमैदान निर्माण, गेट निर्माण, लगायत बाँकी अत्यावश्यक पूर्वाधार निर्माण गर्ने । ग) निर्देशनालयले लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधि भित्र रही कार्यान्वयन गर्नु पर्ने । घ) यसै आव भित्र निर्माण सम्पन्न हुने खालका पूर्वाधार निर्माण गर्नु पर्ने ।	• निजामती आवासीय विद्यालयका बाँकी पुर्वाधार निर्माण भएको हुने ।
३९. विद्यालय दिवा खाजा कार्यक्रम सुदृढीकरणका लागि सुदूरपश्चिम प्रदेशका सबै जिल्लामा नमूना भान्छाकोठा निर्माण आयोजना ।	
क) दिवा खाजा कार्यक्रम सञ्चालनमा रहेका, भवनको अभाव भएका, विद्यार्थी संख्या बढी भएका, भान्छाकोठाको आवश्यकता भएका क्षेत्रका विद्यालयहरुमा कार्यक्रम कार्यान्वयन गर्ने । ख) कार्यक्रम आवश्यक पर्ने विद्यालयका लागि प्रस्ताव पेश गर्न मन्त्रालयले सार्वजनिक सूचना गरी सामाजिक विकास कार्यालय मार्फत प्रस्ताव संकलन गर्ने । ग) कार्यालयले प्रस्तावको छानबिन गरी मन्त्रालयमा जिल्लागत सूची पेश गर्नु पर्ने । घ) उक्त सूचीबाट मन्त्रालयले विद्यालयको आवश्यकता,खानेपानी तथा सरसफाइ निर्माणस्थलको उपलब्धता, पोषण तथा खाद्य सुरक्षाको अवस्था, भौगोलिक तथा सामाजिक समावेशिता, विद्यार्थीको संख्या, प्रयोगमा नभएका कक्षा कोठालाई भान्छाकोठाको रूपमा प्रयोग गर्न सकिने अवस्था हेरी आवश्यकताको आधारमा बजेटको सीमा भित्र रही विद्यालयहरु छनौट गर्ने । ङ) विद्यालयको आवश्यकता अनुसार प्रति विद्यालय लागत निर्धारण गरी सम्बन्धित सामाजिक विकास कार्यालयमा कार्यान्वयनका लागि अख्तियारी तथा छनौट भएका विद्यालयको सूची पठाउने । च) मन्त्रालयबाट तयार गरि गत आवमा कार्यान्वयन गरिएको भान्छा कोठाको ड्रइङ डिजाइन अनुसार लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन तथा नियम र आर्थिक मामिला मन्त्रालयको बजेट सम्बन्धी मार्गदर्शनको परिधि भत्रि रही अन्य भौतिक पुर्वाधार निर्माण प्रक्रिया जस्तै यो कार्यक्रम सामाजिक विकास कार्यालयहरुले कार्यान्वयन गर्ने ।	• भान्छाकोठा निर्माणका लागि सार्वजनिक सूचना • साविकामा प्रस्ताव पेश • विद्यालय छनौट • अख्तियारी हस्तान्तरण साविकाबाट कार्यक्रम कार्यान्वयन भई विद्यालयमा भान्छाकोठा निर्माण भएको हुने ।

४०. २४ महिने औद्योगिक प्रशिक्षार्थी Apprenticeship तालिम/ २४ महिने औद्योगिक प्रशिक्षार्थी तालिम Apprenticeship कार्यक्रम सञ्चालन तथा व्यवस्थापन	
क) औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप) प्रशिक्षार्थी छनौट- भर्ना र मूल्याङ्कन निर्देशिका (संशोधन सहित)- २०८० अनुसार तालिम सञ्चालन गर्ने। ख) आ.व. २०८१/०८२ मा भर्ना भएका विद्यार्थीहरुको निर्देशिका अनुसारको बाँकी लागत व्यहोरिने। यसका लागि कार्यक्रम कार्यान्वयन गरि रहेका संस्थाहरुको अनुगमन गरी शैक्षिक संस्थाबाट प्रतिवेदन प्राप्त गर्ने। विद्यार्थी संख्याको आधारमा सम्बन्धित विद्यालयबाट कागजात, विल भर्पाइ, प्रतिवेदन प्राप्त गरेपछि निकासा दिने। ग) चालु आ.व.मा नयाँ भर्ना कार्यक्रम निर्देशकाको प्रावधान भित्र रही संचालन गर्ने। बजेट सीमा हेरी कोटा निर्धारण गर्ने। विषय र संस्था छनौट गर्दा बजारको माग विद्यार्थीको रुचि र आकर्षण, सरोकारवालाको सुझाव, केन्द्रीय निकायका मार्गदर्शनका आधारमा सम्बन्धित समितिहरुको बैठकबाट निर्णय गर्ने। घ) निर्देशिकाले तोके अनुसार मन्त्रालयको सम्बन्धित समितीहरुको बैठकबाट निर्णय गरि माथि (ख) मा उल्लेखित प्रक्रियाका आधारमा प्रथम किस्ता निकासा दिइने।	• Apprenticeship तालिम कार्यसञ्चालन भएको हुने । • नयाँ कार्यक्रमका लागी कोटा, विषय र संस्था छनौट भएको हुने । • चालु आवमा नयाँ व्याचको पठनपाठन सुचारु भएको हुने ।
४१. पूर्वसिकाइको मान्यता Recognition of Prior Learning (RPL) विधिबाट सीप परीक्षण	
क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् CTEVT प्रदेश कार्यालय धनगढीसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने। ख) CTEVT प्रदेश कार्यालयमा अख्तियारी हस्तान्तरण गर्ने । ग) CTEVT प्रदेश कार्यालयले कार्यक्रम सञ्चालन गरी अन्तिम प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्ने । ग) मन्त्रालयबाट कार्यक्रम कार्यान्वयनको अनुगमन गर्नु पर्ने ।	• पूर्वसिकाइको मान्यता विधिबाट सीप परीक्षण गरी अन्तिम प्रतिवेदन मन्त्रालयमा प्राप्त भएको हुने ।
उच्च शिक्षा तर्फका कार्यक्रम	
४२. विश्वविद्यालय तथा क्याम्पसको सहकार्यमा उच्च शिक्षामा अध्ययनरत विद्यार्थीलाई स्वयंसेवा तथा इन्टर्नसिप कार्यक्रम/सुदूरपश्चिम विश्वविद्यालयलाई स्वयंसेवा तथा इन्टर्नसिप कार्यक्रम सञ्चालन गर्न चालु अनुदान	

क) स्वयंसेवा तथा इन्टर्नसिप कार्यक्रम सञ्चालन कार्यविधि स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।	स्वीकृत कार्यविधि, सम्झौता, रकम निकास विवरण, इन्टर्नसिपमा खटाईएका विद्यार्थीहरूको विवरण , प्रतिवेदन ।
४३. सुदूरपश्चिम विश्वविद्यालय प्राकृतिक स्रोत व्यवस्थापन संकाय, स्कुल अफ नेचुरल रिसोर्स म्यानेजमेन्ट धनगढी कैलालीको प्रयोगशाला व्यवस्थापन अनुदान	
क) मन्त्रालयले सामाजिक विकास कार्यालय कैलालीमा अख्तियारी हस्तान्तरण गर्ने। ख) कार्यालयले प्राकृतिक स्रोत व्यवस्थापन संकाय, स्कुल अफ नेचुरल रिसोर्स म्यानेजमेन्ट धनगढी कैलालीसँग कार्यक्रम कार्यान्वयन गर्न सम्झौता गर्ने। ग) सम्झौता अनुसार क्याम्पसले प्रयोगशाला सामग्री (उपकरण, किट्स, केमिकल आदि) र प्रयोगशालाको फर्निचर फिक्चर्स लगायत सार्वजनिक खरिद ऐन नियम अनुसार खरिद गर्ने। घ) क्याम्पसले खरिद कार्य सम्पन्न गरी विल, भरपाई, कार्य सम्पन्न प्रतिवेदन लगायत सम्झौतामा उल्लेख भएका कागजात पेश गरे पश्चात कार्यालयले सम्झौता बमोजिमको रकम भुक्तानी गर्ने।	सम्झौता, खरिद गरिएका सामाग्री, कार्यसम्पन्न प्रतिवेदन
४४. चिकित्सा शिक्षा तर्फको MBBS र MD अध्ययन लागि प्रदेश स्थित पिछडिएको वर्ग, क्षेत्र , समुदाय तथा जेहन्दार र प्रतिभाशाली विद्यार्थीका लागि छात्रवृत्ति	
क) एकीकृत छात्रवृत्ति व्यवस्थापन निर्देशिका (संशोधन सहित), २०७६ ले निर्धारण गरे बमोजिम गर्ने।	छात्रवृत्ति सम्बन्धी सूचना, छनौट गरिएका विद्यार्थीहरूको विवरण, कवुलियतनामा, रकम निकासा विवरण।
इ) पुँजीगत तर्फका कार्यक्रम	

४५. बर्दगोरिया कलेज भवन निर्माण बर्दगोरिया गाउँपालिका कैलाली	
क) सार्वजनिक खरीद सम्बन्धी प्रचलित कानून तथा आर्थिक मामिला मन्त्रालयको आ.व.२०८३/८४को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन बमोजिम गर्ने।	स्वीकृत ड्रइङ डिजाइन, लागत अनुमान, ठेक्का सम्झौता,कार्य स्वीकार/सम्पन्न प्रतिवेदन, नापी किताव, निर्मित संरचना निकासा विवरण।
४६. घोडाघोडी सामुदायिक माध्यमिक विद्यालय भवन निर्माण (नमुना आवासीय विद्यालय भौतिक पूर्वाधार)	
क) सार्वजनिक खरिद सम्बन्धी प्रचलित ऐन कानून बमोजिम गर्ने।	• कलेज भवन निर्माण भएको हुने ।
४७. अमरगढी बहुप्राविधिक शिक्षालय डडेलधुरा	
क) सार्वजनिक खरिद सम्बन्धी प्रचलित ऐन कानून बमोजिम गर्ने।	• शिक्षालयको पुर्वाधार तयार भएको हुने ।
४८. मल्टिपर्पोज कभर्डहल निर्माण महेन्द्रनगर कंचनपुर	
क) सार्वजनिक खरिद सम्बन्धी प्रचलित ऐन कानून बमोजिम गर्ने।	• कभर्डहलको डिपीआर अनुसारको पुर्वाधार तयार हुने ।

ङ) शिक्षा विकास निर्देशनालय दिपायलबाट आ.व.२०८३/०८४ मा कार्यान्वयन हुने कार्यक्रमहरुको कार्यान्यवन प्रक्रिया

क्रियाकलाप	उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया	प्रगति सूचक
१.युवाहरुलाई रोजगारी र रोजगारदाताबीच समन्वय गर्न प्रदेश स्तरीय रोजगारमेला आयोजना		

क) स्वीकृत कार्यक्रम तथा विनियोजित बजेटको सीमाभित्र रही रोजगार मेलाको सम्वन्धमा प्रदेशका रोजगार सेवा केन्द्रहरु, स्थानीय तह, निजी क्षेत्र, उद्योग वाणिज्य संघ, रोजगारदाता तथा तालिम प्रदायक संस्थासँग समन्वय गरी कार्ययोजना तयार गर्ने। ख) रोजगार मेलाको स्थान, समय र अवधि तोकि सरोकारवालालाई सहभागिताका लागि सूचना प्रकाशित गर्ने। ग) स्वीकृत बजेटको सीमाभित्र रही वजेट बाँडफाँट निर्देशनालयको निर्णयानुसार गर्ने।	• सहभागी रोजगारदाता तथा रोजगारी खोज्ने व्यक्तिहरूको संख्या। • स्वीकृत कार्यक्रमअनुसारको खर्च विवरण, बिल भरपाइ, सहभागी विवरण तथा कार्यक्रम सम्पन्न प्रतिवेदन।
२. स्टार्टअप तथा नवउद्यम प्रवर्धनका लागि प्रत्येक जिल्लामा उद्यमी तालिम, पिचिङ तथा कोचिङ्ग कार्यक्रम सञ्चालन	
क) प्रदेशका सम्बन्धित निकाय तथा स्थानीय तहसँग समन्वय गरी प्रत्येक जिल्लामा कार्यक्रम सञ्चालनको कार्ययोजना तयार गर्ने। ख) सम्भावित उद्यमी, नवउद्यमी, युवा तथा नवीन व्यावसायिक सोच भएका व्यक्तिहरूबाट आवेदन आह्वान गरी सहभागी छनोट गर्ने। ग) उद्यमशीलता, बजार अध्ययन, व्यावसायिक योजना, लेखा व्यवस्थापन, वित्तीय पहुँच, डिजिटल प्रविधि, कानुनी प्रक्रिया तथा जोखिम व्यवस्थापन सम्बन्धी वजेटको परिधि भित्र रहि आवश्यकता अनुसार तालिम सञ्चालन गर्ने। घ) सहभागीलाई आफ्नो व्यावसायिक सोच तथा योजनाको प्रस्तुतीकरण (Pitching) गर्ने अवसर प्रदान गर्ने। ङ) विज्ञ तथा अनुभवी उद्यमीमार्फत व्यक्तिगत वा समूहगत कोचिङ तथा परामर्श उपलब्ध गराउने। च) सम्भावना भएका उद्यमीलाई बैंक तथा वित्तीय संस्था, लगानीकर्ता, व्यवसाय विकास सेवा प्रदायक र सम्बन्धित सरकारी निकायसँग समन्वय गराउने।	• रोजगारीमा रहेका र रोजगारीको खोजी गरि रहेका वा स्वरोजगारीमा रहेका नवयुवाहरुलाई स्टार्टअप उद्यमको लागि तालिम प्रदान गरी क्षमता विकास गरिएको तथा युवा उद्यमीका उद्यम तथा नवीन विचारहरुको प्रदर्शनीमार्फत उत्प्रेरणा वृद्धि भएको हुने ।
३. दृष्टि सम्वन्धी अपांगता भएका व्यक्तिहरुका लागि कम्प्युटर तालिम	

क) दृष्टि सम्वन्धी अपांगता भएका व्यक्तिहरुका लागि कम्प्युटर सम्बन्धि तालिम प्रदायक संघ संस्था र दृष्टिविहिन अपाङ्गता भएका संघ संस्था संगको समन्वयमा तालिम संचालन गर्ने। ख) बजेटको परिधि भित्र रहि निर्देशनालयले कार्यशर्त तयार गरी आवश्यकता अनुसार तालिम संचालन गर्ने।	• सहभागीहरूको कम्प्युटर तथा डिजिटल प्रविधि प्रयोगसम्बन्धी सीप अभिवृद्धि भएको हुने।
४. कर्मचारी क्षमता विकास सम्बन्धी तालिम	
क) विनियोजित बजेटको परिधि भित्र रही मन्त्रालय एवम् मन्त्रालय मातहतका कर्मचारीको क्षमता विकासका लागि कम्प्युटर तालिम, पेशागत क्षमता विकास तालिम, AI लगायतका क्षेत्रमा कर्मचारीहरुको मागमा आधारित क्षमता अभिवृद्धि हुने तालिम प्रदान गर्ने। ख) तालिमका लागि सहभागी छनौट गर्दा कार्यालयको काममा बाधा नपर्ने गरी खटाउने।	• सहभागी हाजिरी, खर्चको विल भरपाई
५. शैक्षिक वुलेटिन प्रकाशनका लागि तयारी, निर्माण, छपाई र वितरण	
क) निर्देशनालयका शैक्षिक क्षेत्रमा गरेका असल अभ्यास, शैक्षिक गतिविधि र उपलब्धि सम्बन्धी सामग्री संकलन गर्ने। ख) प्रचलित कानुन तथा सार्वजनिक खरिदसम्बन्धी प्रक्रियाअनुसार छपाइको व्यवस्था गर्ने। ग) प्रकाशित बुलेटिन मन्त्रालय, निर्देशनालय, स्थानीय तह, विद्यालय, शिक्षक तथा सम्बन्धित शैक्षिक निकायमा वितरण गर्ने। घ) पहुँच विस्तार गर्न सम्भव भएसम्म बुलेटिनको डिजिटल प्रति तयार गरी निर्देशनालयको आधिकारिक वेबसाइट वा उपलब्ध डिजिटल माध्यमबाट समेत सार्वजनिक गर्ने।	• छपाई गरीएको वुलेटिन, भुक्तानी विवरण, वितरण गरीएको भरपाई।
६. सिकाई उपलब्धी न्युन भएका माध्यमिक विद्यालयका शिक्षकहरुलाई उच्च सिकाई उपलब्धी भएका विद्यालयका शिक्षकहरुसंग अनुभव आदान प्रदान कार्यक्रम	

क) प्रदेशको जिल्ला स्थित कुनै स्थानीय तहका एउटा कमजोर नतिजा भएका विद्यालयका शिक्षक, प्र अ, विव्यस सम्बन्धित पदाधिकारीहरु र सोहि स्थानीय तह वा नजिकको अन्य स्थानीय तहको उत्कृष्ट एबम् असल अभ्यास भएको विद्यालयमा विद्यालयका शिक्षक, प्र अ, विव्यस पदाधिकारीहरुले पदाधिकारीहरु, संभव भएमा शिक्षा विकास निर्देशनालयका कर्मचारीहरु, शि.वि.स.ए. प्रमुख, सामाजिक विकास कार्यालयका प्रमुखको उपस्थितिमा विद्यालयमा भ्रमण गरि/गराई राम्रा अभ्यासहरु आदान प्रदान गर्न कार्यक्रम आयोजना गर्ने।	• सिकाई उपलब्धी न्युन भएका माध्यामिक विद्यालयको शिक्षण सिकाइ सुधार भएको हुने।
७. प्रदेश सभा निर्वाचन क्षेत्र नमूना विद्यालय कार्यक्रम अनुगमन, निरीक्षण र सहजीकरण	
क) प्रदेश सभा निर्वाचन क्षेत्रका नमूना विद्यालयहरुले तयार गरेको गुरुयोजना र चालु आ.व.को कार्यक्रमका आधारमा विद्यालयहरुको भौतिक, शैक्षिक तथा व्यवस्थापकीय पक्षको अनुगमन गर्ने। ख) अनुगमन पश्चात विद्यालयहरुलाई पृष्ठपोषण प्रदान गर्ने ।	• नमुना विद्यालयहरुको भौतिक, शैक्षिक तथा व्यवस्थापकीय पक्षको अनुगमन भइ विद्यालयहरुलाई पृष्ठपोषण प्राप्त हुने ।
८. कार्यक्रम कार्यान्वयन पुस्तिका, मापदण्ड तथा निर्देशिका सम्बन्धमा छलफल, निर्माण , अभिमुखीकरण एवम् प्रकाशन	
क) सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र र सामाजिक विकास कार्यालयका कर्मचारीहरूको सहभागितामा कार्यक्रम कार्यान्वयन कार्यविधि निर्माण कार्यशाला संचालन गर्ने। ख) कार्यशाला संचालन पश्चात बाँकी रहेको बजेटको परिधि भित्र रही मन्त्रालय तथा निर्देशनालयबाट जारी हुने मापदण्ड तथा निर्देशिकाहरुको छलफल गरी निर्माण गरिएको मापदण्ड/निर्देशिकाको सरोकारवालाहरुलाई अभिमुखीकरण गर्न सकिने ।	• मापदण्ड तथा निर्देशिकाहरुको छलफल एवम् निर्माण गरी सरोकारवालाहरुलाई अभिमुखीकरण भएको हुने ।
९. सुदूरपश्चिम प्रदेश स्मार्ट शिक्षा अभियान(Smart Education Mission)	

क) बजेटको परिधि भित्र रही Online Platform (Zoom, Google meet, Paid AI tools, Teams) लगायतका सेवा खरिद गरी सञ्चालन गर्ने। ख) Develop the online sharing platform for good practice (Lesson Study, Action Research, SDP, including current crosscutting Issue.) ग) प्रदेश नमूना विद्यालयहरुलाई यस Platform मा जोडेर नियमित अनुभव आदान प्रदान, प्रगति, Digital शैक्षिक सामाग्रीहरू राख्ने र प्रयोग गर्ने।	• Online Platform for sharing good practices.
१०. विज्ञान तथा प्रविधि र प्राविधिक विषयको पठन पाठन हुने विद्यालयको सुदृढीकरण	
क) प्रदेशभित्र विज्ञान, प्रविधि तथा प्राविधिक विषयको पठनपाठन हुने विद्यालयहरुलाई तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नका लागि १५ दिने सूचना प्रकाशन गर्ने। सो प्रस्तावहरु सम्वन्धित जिल्लाको सामाजिक विकास कार्यालयमा पेश गर्ने। सामाजिक विकास कार्यालयहरुले प्रस्ताव पेश गर्ने विद्यालयहरूले विगतमा उक्त कार्यक्रमको लागि अनुदान प्राप्त गरे नगरेको विषय उल्लेख गरी सिफारिस सहित प्रस्तावहरु निर्देशनालयमा पठाउने। ख) स्वीकृत बजेटको सीमाभित्र रही विद्यालयमा उपलब्ध विज्ञान प्रयोगशालाको अवस्था, प्राविधिक उपकरण, शिक्षक विद्यार्थी संख्या , शिक्षण सिकाइ सामग्री तथा अन्य पूर्वाधारको अवस्थाको आधारमा मूल्याङ्कन गर्ने। ग) पेश भएको प्रस्ताव अनुसार विनियोजित बजेटको परिधि भित्र रही सामाग्री खरीद गर्न निर्देशनालयले विद्यालयसँग सम्झौता गर्ने। सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार विद्यालयले सामग्री खरिद तथा व्यवस्थापन गर्नुपर्ने। विद्यालयले स्वीकृत बजेटको बढिमा १० प्रतिशत सम्म रकम Lab कक्षमा फर्निचर फिक्चर्स लगायतका काममा खर्च गर्न सक्ने। घ) विद्यालयलाई उपलब्ध सामग्री तथा उपकरणको अभिलेख, नियमित प्रयोग, मर्मतसम्भार र दिगो व्यवस्थापनको सुनिश्चितता सहितको विव्यसको निर्णय लगायत आवश्यक कागजातका आधारमा नियमानुसार भुक्तानी दिने।	• विद्यालयको संख्या। • उपलब्ध गराइएका उपकरण तथा शिक्षण सामग्रीको विवरण र संख्या। • प्रयोगात्मक कक्षा सञ्चालन गर्ने विद्यालय तथा शिक्षकको संख्या।

११. वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा निर्देशनालय, सामाजिक विकास कार्यालयहरु, शिक्षा विकास तथा समन्वय इकाइहरु लगायतलाई अभिमुखीकरण	
क) शिक्षा विकास तथा समन्वय इकाइका इकाइ प्रमुखहरु, सामाजिक विकास कार्यालयका कार्यालय प्रमुखहरु, निर्देशनालयका कर्मचारीहरु, मन्त्रालय एवम् अन्य सरोकारवालाहरुका लागि निर्देशनालय, शिक्षा विकास तथा समन्वय एकाई र सामाजिक विकास कार्यालयहरुको चालु आ.व.को वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा अभिमुखिकरण कार्यक्रमको आयोजना गर्ने। ख) कार्यक्रमको मिति, स्थान र समय निर्देशनालयको निर्णयानुसार हुने। ग) विनियोजित बजेटबाट प्रचलित खर्चको नर्म्स अनुसार कार्यक्रम संचालन गर्ने।	• वार्षिक बजेट तथा कार्यक्रमका सम्बन्धमा मुख्य सरोकारवालाहरुलाई जानकारी भएको हुने ।
१२. सामुदायिक तथा सार्वजनिक पुस्तकालय सुदृढीकरण कार्यक्रम	
क) निर्देशनालयले कम्तीमा १५ दिने सूचना प्रकाशन गरी सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूबाट अनुदानका लागि प्रस्ताव माग गर्ने। ख) सम्वन्धित जिल्लाको सामाजिक विकास कार्यालयमा प्रस्ताव पेस गर्ने र सामाजिक विकास कार्यालयहरुले प्रस्ताव पेश गर्ने पुस्तकालयहरूले विगत वर्षहरूमा उक्त कार्यक्रमको लागि अनुदान प्राप्त गरे नगरेको विवरण उल्लेख गरी सिफारिस सहित प्रस्तावहरु निर्देशनालयमा पठाउने। ग) विनियोजित बजेट तथा अनुदान माग गर्ने पुस्तकालयहरूको संख्याका आधारमा निर्देशनालयको निर्णयअनुसार अनुदान रकम निर्धारण गर्ने। घ) छनोट भएका पुस्तकालयसँग निर्देशनालयले सम्झौता गर्दा र अन्तिम भुक्तानी दिँदा सम्बन्धित जिल्लाका सामाजिक विकास कार्यालयहरूबाट सेवा प्रवाह गर्ने व्यवस्था गर्ने। ङ) सम्झौताबमोजिम कार्य सम्पन्न भएपछि नियमानुसार आवश्यक बिल—भरपाइ तथा अन्य कागजातका आधारमा नियमानुसार रकम भुक्तानी गर्ने।	• सामुदायिक तथा सार्वजनिक पुस्तकालयको संस्थागत क्षमता तथा सेवा प्रवाहमा सुधार भएको हुने। • पुस्तक, पत्रपत्रिका तथा अन्य अध्ययन सामग्रीको उपलब्धता र उपयोगमा वृद्धि भएको हुने। • बालबालिका, विद्यार्थी, युवा तथा सर्वसाधारणको पुस्तकालय सेवामा पहुँच विस्तार भएको हुने।

१३. एस.इ.इ.परीक्षा उ.पु. ढुवानीका लागि जिल्लाहरूलाई थप रकम	
क) राष्ट्रिय परीक्षा वोर्डबाट एस.इ.इ.परीक्षा उ.पु. ढुवानीका लागि रकम अभाव हुने जिल्लाहरुलाई जिल्ला सदरमुकामबाट परीक्षा केन्द्र रहेको स्थान, दुरी र ढुवानी गर्नु पर्ने उ.पु. संख्याका आधारमा भौगोलिक आवश्यकता अनुसार प्रति केन्द्र बढीमा रु ५ हजार सम्म शिक्षा विकास तथा समन्वय इकाइहरुमा थप रकम प्रदान गर्ने।	• सबै परीक्षा केन्द्रहरूमा सहज रूपमा परीक्षा सामाग्री ढुवानी हुने।
१४. परीक्षा संचालन तथा व्यवस्थापन खर्च	
क) यस शिर्षकमा विनियोजन भएको बजेट माध्यामिक शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापनको कार्यलाई स्वच्छ, निष्पक्ष तथा व्यवस्थित गर्न आवेदन/रजिष्ट्रेसन फाराम छपाई, समष्टिगत फाराम छपाई, अभिलेख रजिष्ट्रर छपाइ, विभिन्न वर्षका विद्यार्थीहरुको नतिजा रहेको ढड्डा बाइण्डिङ्ग, प्रमाणपत्रको प्रतिलिपि/सच्याउने निवेदन फाराम, अभिलेख राख्ने ऱ्याकहरुमा पेन्टिङ्ग, परीक्षा शाखाको लागि इन्भर्टर, व्याट्री खरीद, आवश्यक ल्यापटप ,डेस्कटप कम्पुटर, प्रिन्टर, हार्ड डिस्क खरिद एवम् मर्मत संभार, उत्तरपुस्तिका छपाइ तथा ढुवानीमा अपुग रकम खर्च लगायत परीक्षा शाखा संग सम्बन्धित कार्यमा खर्च गर्ने। साथै परीक्षा संचालन तथा व्यवस्थापनको सिलसिलामा नपुग हुन आउने एवम् अत्यावश्यक अन्य कार्यमा समेत खर्च गर्ने।	• SEE परीक्षालाई व्यवस्थित संचालन गर्नुको साथै परीक्षा शाखाको अभिलेख व्यवस्थित हुने।
१५. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यान्वयनका लागि स्थानीय तहहरुसँग समन्वय (विद्यार्थी भर्ना अभियान,विद्यार्थी निरन्तरताका लागि प्रचारप्रसार, जनचेतना अभिवृद्धि तथा बैठक संचालन)	
क) स्थानीय तहको समन्वयमा आफ्नो गाउँ/नगर तथा सेवा क्षेत्र भित्र विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भर्ना गराउन तथा वर्ष भरी टिकाइ राख्न विद्यालयले सचेतना अभियान, सडक नाटक जस्ता कार्यक्रम संचालन गर्न लगाउने, पर्चा, पम्पलेट र ब्यानर छपाई गर्ने। कार्यक्रम सफल बनाउने कार्यका लागि सबैलाई आव्हान गर्न ९ वटै जिल्लाका विद्युतीय र छापा संचार माध्यमहरुमा प्रकाशन एवम् प्रसारण गराउने।	• विद्यालय बाहिर रहेका बालबालिकाको संख्यामा कमी आइ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यान्वयनमा सहयोग पुगेको हुने ।

ख) वडा तथा स्थानीय तहहरुलाई कुनै पनि बालबालिकाहरु विद्यालय बाहिर नरहेको घोषणा गर्न उत्प्रेरित गर्ने। यसका लागि स्थानीय एफएम, पत्रपत्रिकाहरु, अनलाइन पत्रिकाहरुमा प्रचारप्रसार, व्यानर (फ्लेक्स प्रिन्ट) बनाइ वितरण गरी प्रचारप्रसार गर्ने, विद्यार्थी भर्ना अभियानका सन्दर्भमा एफएमहरुमा अन्तर्वार्ता संचालन, सन्देशमुलक सूचना प्रसारण, सामाजिक विकास कार्यालय, शिक्षा विकास तथा समन्वय इकाइहरुसँग समन्वय तथा बैठक संचालन कार्यमा खर्च गर्ने । ग) मन्त्रालय र सामाजिक विकास कार्यालयमा रहेको अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन कार्यक्रमको परिपूरकको रुपमा यस कार्यक्रमलाई कार्यान्वयन गर्ने।	
१६. निजामती कर्मचारी आबासिय विद्यालय दिपायलको संचालन अनुदान	
क) निजामती कर्मचारी आवासीय विद्यालय दिपायलको बजेट माग गरिएको पत्रका आधारमा विनियोजित बजेट रकम एकमुष्ट विद्यालयको खातामा निकासा दिने।	• निजामती कर्मचारी आबासिय विद्यालय दिपायलको संचालन तथा व्यवस्थापन भएको हुने।
१७. सामुदायिक क्याम्पसहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शैक्षिक जनशक्ति व्यवस्थापन कार्यक्रम	
क) मन्त्रालयबाट स्वीकृत कार्यविधि अनुसार गर्ने।	• क्याम्पसहरूको शैक्षिक कार्यक्रम सञ्चालन तथा गुणस्तर सुधारमा सहयोग पुगेको हुने ।
१८. वि. व्य. स. महासंघको सहकार्यमा क्षमता विकास कार्यक्रम	

क) वि.व्य.स महासंघको सहकार्यमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सबै जिल्लाका वि.व्य.स.अध्यक्षहरुको प्रतिनिधित्व हुने गरी अन्तरक्रिया/गोष्ठी संचालन गर्ने। ख) कार्यक्रममा विद्यालयको विकास र उन्नति प्रगतिका लागि विद्यालयमा देखा परेका समस्या र समाधानका उपायहरु पहिल्याउने र असल विद्यालय विकास गर्न उत्प्रेरित गर्ने। ग) कार्यक्रमको मिति, स्थान र समय निर्देशनालयको निर्णयानुसार हुने।	• सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि वि.व्य.स.सँग अन्तर्क्रिया भएको हुने
१९. प्राविधिक धार र प्राविधिक डिप्लोमा संचालित विद्यालयका प्र.अ.हरु बीच गुणस्तर अभिवृद्धि सम्वन्धी अन्तर्क्रिया कार्यक्रम	
क) प्राविधिक धार तथा प्राविधिक डिप्लोमा कार्यक्रम सञ्चालन भएका विद्यालयका प्र.अ.को विवरण सामाजिक विकास कार्यालयहरू तथा सम्बन्धित प्राविधिक शिक्षा प्रदायक निकायसँग समन्वय गरी सबै जिल्लाका सबै प्रकारका विद्यालयको प्रतिनिधित्व हुने गरी बजेटको परिधि भित्र रही सहभागी छनोट र कार्यक्रम सञ्चालनको व्यवस्था मिलाउने। ख) सहभागी विद्यालयका सफल अभ्यास, प्रमुख समस्या तथा सुधारका उपायहरू प्रस्तुतिकरण र छलफल गर्ने। ग) कार्यक्रमको मिति, स्थान र समय निर्देशनालयको निर्णयानुसार हुने।	• प्राविधिक धार तथा प्राविधिक डिप्लोमा सञ्चालित विद्यालयका प्रधानाध्यापकहरूबीच अनुभव तथा असल अभ्यासको आदानप्रदान भएको हुने।
२०. निर्देशनालय र सामाजिक विकास कार्यालय लगायतको अर्ध वार्षिक तथा वार्षिक प्रगति समिक्षा	
क) सामाजिक विकास कार्यालयका कार्यालय प्रमुखहरु, इन्जिनियर/सवइन्जिनियर, निर्देशनालय, मन्त्रालयका कर्मचारीहरु तथा अन्य सरोकारवालाहरुको लागि गत आ.व.को वार्षिक प्रगति समिक्षा गर्ने। वार्षिक प्रगति समिक्षा पश्चात बजेट पुग्ने भएमा चालु आ.व.को अर्ध-वार्षिक समिक्षाको आयोजना गर्न सकिने। ख) कार्यक्रमको मिति, स्थान र समय निर्देशनालयको निर्णयानुसार हुने।	• पृष्ठपोषणका आधारमा कार्यक्रम संचालनमा सुधार आउने।
२१. सिक्दै-कमाउदै कार्यक्रमका लागि प्राविधिक विद्यालयहरुलाई प्रस्तावका आधारमा अनुदान	

क) स्वीकृत कार्यक्रम तथा बजेटको सीमाभित्र रही सिक्दै—कमाउँदै कार्यक्रम सञ्चालन गर्न इच्छुक प्राविधिक विद्यालयहरूबाट कम्तीमा १५ दिनको सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्ने। ख) प्रस्तावमा समेटिएका कार्यक्रमको सम्भाव्यता, विद्यार्थीको सहभागिता, उपलब्ध प्राविधिक जनशक्ति, प्रयोगशाला तथा उपकरण, स्थानीय स्रोतसाधन, बजारको सम्भावना र दिगोपनाको आधारमा मूल्याङ्कन गरी विद्यालय छनोट गर्ने। ग) छनोट भएका विद्यालयसँग कार्यक्रम सञ्चालनको लागि सम्झौता गर्ने। घ) सम्झौताअनुसार कार्य सम्पन्न भएपछि प्रगति प्रतिवेदन, आवश्यक प्रमाण तथा बिल भरपाइका आधारमा नियमानुसार अनुदान रकमको भुक्तानी तथा फछ्यौंट गर्ने।	• विद्यार्थीले आफ्नो अध्ययनसँग सम्बन्धित उत्पादनमूलक कार्य वा सेवा सञ्चालनको अनुभव प्राप्त गरेका हुने। • विद्यालयमा उपलब्ध प्राविधिक स्रोतसाधनको उपयोग तथा अभ्यासमा आधारित सिकाइमा सुधार भएको हुने।
२२. प्रदेशको स्काउट विकास तथा सुदृढीकरण कार्यक्रम	
क) प्रदेश/जिल्ला स्काउट कार्यालयसँग समन्वय गरी माध्यमिक तह सञ्चालन भएका विद्यालयमा स्काउट समूह गठन तथा सुदृढीकरण गर्ने। ख) बजेटको परिधि भित्र रही निर्देशनालयले जिल्लागत बजेट बाँडफाँट गर्ने। ग) विद्यालयमा गठन गरिएका स्काउट समूहलाई तालिम सञ्चालन गर्ने।	• सहभागी विद्यार्थी तथा युवामा नेतृत्व, अनुशासन, सहयोग, स्वयंसेवा र सामाजिक उत्तरदायित्वसम्बन्धी सीप अभिवृद्धि हुने र स्काउट प्रशिक्षक, स्वयंसेवक तथा विद्यालयको क्षमता विकासमा सहयोग पुग्ने।
२३. सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा TECS सुदृढीकरण कार्यक्रम	
क) प्रदेशभित्रका TECS कार्यक्रम संचालन भएका विद्यालयहरुलाई प्रस्ताव पेश गर्नका लागि १५ दिने सूचना प्रकाशित गर्ने।	• प्राविधिक विषयको प्रयोगात्मक सिकाइका लागि आवश्यक सामग्री, उपकरण र सिकाइ

ख) प्रस्तावहरु सम्वन्धित जिल्लाको सामाजिक विकास कार्यालयमा पेश गर्ने। सामाजिक विकास कार्यालयहरुले विगत वर्षहरूमा अनुदान पाए नपाएको विवरण सहित प्रस्तावहरु सिफारिस गरी निर्देशनालयमा पठाउने। ग) विद्यार्थी संख्या र सञ्चालनको दिगोपना सुनिश्चितताका आधारमा सम्भव भएसम्म सबै जिल्ला समेटिने निर्देशनालयले विद्यालय छनौट गर्ने। घ) छनौट भएका विद्यालयहरूलाई बढीमा रु. २ लाखका दरले विनियोजित बजेटको परिधि भित्र रही विद्यालयले पेस गरेको प्रस्ताव बमोजिम गर्न निर्देशनालयले विद्यालयसँग सम्झौता गर्ने। ङ) सो प्रस्तावमा आवश्यक शिक्षण सामग्री तथा उपकरणको व्यवस्थापन लगायत विद्यालयका लागि आवश्यक अन्य कुराहरु पनि समावेश गर्न सकिने छ। च) सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार कार्य गर्नुपर्ने। छ) कार्यसम्पन्न भए पश्चात विव्यसको निर्णय प्रतिवेदन, खर्चको विवरण, विल भर्पाइ लगायत अन्य आवश्यक कागजात पेश भए पछि नियमानुसार भुक्तानी दिने।	वातावरणमा सुधार भई विद्यार्थीको व्यावहारिक सीप, समस्या समाधान गर्दै प्राविधिक शिक्षाको गुणस्तर सुधार भएको हुने।
२४. सचेतना तथा जानकारी एवं सुचनामूलक सन्देश प्रकाशन/प्रशारण तथा सम्प्रेषण/वितरण	
क) विद्यालयमा विद्यार्थीहरुलाई टिकाइ राख्न, शैक्षिक क्षति न्यूनिकरण गर्न, सामाजिक कुरितीहरुका विरुद्ध सचेतना तथा जानकारी एवं सुचनामुलक सन्देशहरुको एफएम र पत्रपत्रिकाहरुबाट प्रकाशन/प्रशारण गर्ने तथा पम्पलेट/पोष्टरहरुको छपाइ गरी वितरण गर्ने।	• सचेतना तथा जानकारी एवं सुचनामूलक सन्देश प्रकाशन/प्रशारण भइ जनचेतना अभिवृद्धि गर्न सहयोग पुगेको हुने।
२५. दिपायल बहुउद्देश्यीय रंगशाला निर्माण दिपायल सिलगढी २ डोटी	
क) दिपायल सिलगढी नगरपालिकालाई वित्तीय हस्तान्तरण गर्ने। ख) दिपायल सिलगढी नगरपालिकाले प्रचलित खरिद कानुन बमोजिम निर्माण गरी सञ्चालन गर्ने।	• स्वीकृत DPR तथा निर्माण सम्झौताअनुसार रंगशालाको पूर्वाधार निर्माणमा प्रगति हुने।

ग) चालु आ. व. मा नै निर्माण सम्पन्न हुने गरी समयमै खरिद प्रक्रिया सञ्चालन गर्ने । आगामी आ. व. मा दायित्व सिर्जना हुने गरी खरिद कार्य नगर्ने नगराउने।	
२६. नास्ट भवन निर्माण भिमदत्त कंचनपुर	
क) सम्बन्धित नगरपालिकाले भवन निर्माण स्थलको जग्गाधनी प्रमाणपुर्जा वा नेपाल सरकारबाट प्राप्त भोगाधिकार पत्र प्राप्त भए पछि खरिद कार्य शुरु गर्ने। ख) नास्टले उपलब्ध गराएको स्वीकृत DPR बमोजिम निर्माण कार्य गर्ने। ग) नास्टको भवनको डिपिआरका आधारमा सार्वजनिक खरीद ऐन २०६३ तथा सार्वजनिक खरीद नियमावली २०६४ बमोजिम निर्माण कार्य गर्ने।	• संस्थाको कार्य सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधार विकासमा सहयोग पुग्ने।

च) शिक्षा तालिम केन्द्र, दिपायल, डोटीबाट आ. व. २०८३/०८४ मा कार्यान्वयन हुने कार्यक्रमहरुको कार्यान्वयन प्रक्रिया

क्रियाकलाप	उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया	प्रगति सूचक
१. तालिम सञ्चालन तथा व्यवस्थापन सुधारका लागि कार्यमूलक अनुसन्धान सञ्चालन		
क) प्रशिक्षक, रोष्टर प्रशिक्षक र कर्मचारीबाट अनुसन्धान प्रस्तावना माग गर्न १५ दिने सुचना प्रकाशित गर्ने। प्राप्त प्रस्तावको आवश्यक मुल्याङ्कन गरी स्वीकृत गर्ने। ख) अध्ययन अनुसन्धान गर्ने। ग) अनुसन्धान प्रतिवेदन तयार गरी छपाई गर्ने र वेवसाईटमा प्रकाशन गर्ने।		• अध्ययन प्रतिवेदन • वेव पेजमा प्रकाशित सामग्री
२. आधारभुत तह (१-५) सम्म शिक्षण गर्ने शिक्षकहरुका लागि टिपिडी तालिम		
क) शिक्षक पेसागत विकास प्रारुप, २०८० अनुसार १ महिने (१५+१५) प्रमाणीकरण तालिमका लागि स्थानीय तहबाट तालिम अप्राप्त शिक्षकहरुको नामावली तयार गर्ने। ख) स्थानीय तहगत रुपमा रहेको संख्याका आधारमा कोटा निर्धारण गर्ने ।		• तालिम प्राप्त शिक्षकको अभिलेख • तालिम सञ्चालन प्रतिवेदन

ग) तालिम अप्राप्त शिक्षकको नियुक्तिको जेष्ठताका आधारमा स्थानीय तहले शिक्षक छनौट गर्ने । घ) स्वीकृत तालिम पाठ्यक्रमका आधारमा तालिम केन्द्र/ साविक शैक्षिक तालिम उपकेन्द्रमा आधारित १५ दिने कार्यशाला सञ्चालन गर्ने । ङ) विद्यालयमा आधारित परियोजनाको प्रस्तुतिकरण कार्यशाला (अनलाइन/अफलाइन) सञ्चालन गर्ने । च) दुवै चरणको तालिममा सफल सहभागीहरुको नतिजा प्रकाशन गर्ने । छ) अभिलेख प्रमाणीकरणका लागि शिक्षा विभाग पठाउने । ज) लेजर प्रमाणीकरण गरी प्रमाणपत्र वितरण गर्ने ।	
३. तालिम सञ्चालन अवधिमा स्थलगत प्राविधिक सहयोग र वार्षिक प्रतिवेदन तयारी	
क) पहिलो चरणको तालिम कार्यक्रम सञ्चालन पश्चात दोस्रो अवधिको विद्यायलमा आधारित परियोजना कार्य सञ्चालनको अविधमा स्थलगत अनुगमन र प्राविधिक सहयोग गर्ने । ख) तालिम प्राप्त शिक्षक रहेका विद्यालयमा स्थलगत भ्रमण गरी आवश्यक प्राविधिक सहायता प्रदान गर्ने । ग) विद्यालयमा आधारित परियोजना प्रस्तुतिकरणका दौरान प्राविधिक सहायता प्रदान गर्ने ।	• भ्रमण प्रतिवेदन र स्थिति प्रतिवेदन • स्थलगत सहायता प्रतिवेदन ।
४. बालविकास शिक्षकहरुका लागि टिपिडी प्रमाणिकरण तालिम संचालन	
क) स्थानीय तहगत रुपमा कोटा निर्धारण गर्ने । ख) तालिम अप्राप्त २५ जना शिक्षक छनौट गर्ने । ग) शिक्षा विभागबाट स्वीकृत तालिम पाठ्यक्रमका आधारमा १५ दिने प्रमाणिकरण तालिम सञ्चालन गर्ने । घ) तालिममा सफल भएका सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्ने ।	• तालिम प्राप्त शिक्षकको अभिलेख • तालिम सञ्चालन प्रतिवेदन
५. टिपिडी तालिमका लागि ५ दिने प्रशिक्षक प्रशिक्षण कार्यक्रम	
क) शिक्षक पेसागत विकास प्रारुप, २०८० मा उल्लेख भएको मापदण्डका आधारमा शिक्षा तालिम केन्द्रमा	• रोष्टर प्रशिक्षक अभिलेख

सुचिकृत भएका रोष्ट्रर प्रशिक्षक तथा शिक्षा सेवाका कर्मचारी छनौट गर्ने । ख) शिक्षा विभागबाट स्वीकृत नयाँ टिपिडी तालिम पाठ्यक्रम अनुसार प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने । ग) तालिम सम्पन्नताको प्रमाणपत्र वितरण गर्ने ।	• तालिम सञ्चालन प्रतिवेदन
६. आधारभूत र माध्यमिक तहका प्रधानाध्यापकहरुका लागि १ महिने नेतृत्व क्षमता विकास तालिम	
क) सहभागि छनौटका लागि ९ वटै शिक्षा विकास तथा समन्वय एकाइ र स्थानीय तहसँग समन्वय गर्ने । ख) शिक्षा विभागबाट स्वीकृत तालिम पाठ्यक्रमका आधारमा १५ दिने प्रमाणिकरण तालिम सञ्चालन गर्ने । ग) विद्यायलमा आधारित परियोजना सञ्चालन अवधिमा स्थलगत सहायता प्रदान गर्ने । घ) तालिम सम्पन्नताको प्रमाणपत्र प्रदान गर्ने ।	• तालिम अभिलेख र तालिम सञ्चालन प्रतिवेदन
७. शिक्षक तालिमहरुको परीक्षा व्यवस्थापन	
क) टिपिडी प्रमाणिकरण तालिम र प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिमको प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परिक्षण, परियोजना मूल्याङ्कन, नतिजा प्रकाशन र प्रमाणिकरण अभिलेख तयारी लगायतका शीर्षकमा खर्च गर्ने । ख) प्रमाणिकरण नतिजालाई वेव पेजमा प्रकाशन गर्ने ।	• प्रश्नपत्र, • मूल्याङ्कन अभिलेख, • नतिजा अभिलेख • प्रमाणिकरण अभिलेख
८. प्रदेश सभा निर्वाचन क्षेत्र नमुना विद्यालयका शिक्षकहरुलाई मानवीय मूल्य शिक्षा,योग,ध्यान ,विपश्चना साधना,आधात्मिकता सम्बन्धी प्रयोगात्मक प्रशिक्षक प्रशिक्षण	
क) तालिम सञ्चालनका लागि प्रदेश भित्र रहेका नमुना विद्यालका शिक्षक तथा कर्मचारी छनोट गर्ने । ख) मानविय मुल्य शिक्षा,योग,ध्यान ,विपश्चना साधना,आधात्मिकता सम्बन्धी ४ दिनको तालिम पाठ्यक्रम निर्माण गरी प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने । ग) सहभागीहरुलाइ तालिम सम्पन्नताको प्रमाणपत्र प्रदान गर्ने ।	• तालिम प्राप्त सहभागीको अभिलेख • तालिम सञ्चालन प्रतिवेदन

९. बहिरा बालबालिका अध्ययनरत विद्यालयका शिक्षकहरुलाई सांकेतिक भाषा तालिम सञ्चालन	
क) सामुदायिक विद्यालयहरुमध्ये बहिरा विद्यालय स्रोतकक्षा सञ्चालन गर्ने विद्यायललाई सहभागी छनौटका लागि पत्राचार गर्ने। ख) सांकेतिक भाषा सम्बन्धी ५ दिने तालिम पाठ्यक्रम निर्माण गरी स्वीकृत गर्ने। ग) सहभागीहरुलाई ५ दिने साङ्केतिक भाषा तालिम सञ्चालन गर्ने। घ) सहभागीहरुलाई तालिम सम्पन्नताको प्रमाणपत्र वितरण गर्ने।	• तालिम प्राप्त सहभागीको अभिलेख • तालिम सञ्चालन प्रतिवेदन
१०. वृत्ति मार्गदर्शन सम्बन्धी तालिम	
क) स्थानीय तहका लागि कोटा निर्धारण गर्ने। ख) प्रदेश नमूना विद्यालय रहेका स्थानीय तहले उक्त विद्यालयबाट प्रतिनिधित्व गराउने गरी पत्राचार गर्नु पर्ने। ग) स्थानीय तहहरुबाट प्राप्त विवरण मध्ये २५ जना माध्यमिक शिक्षकहरु छनौट गर्ने। घ) शिक्षा विभागबाट स्वीकृत पाठ्यक्रमका आधारमा ५ दिने तालिम सञ्चालन गर्ने। ङ) तालिम सम्पन्नताको प्रमाण पत्र प्रदान गर्ने। च) शिक्षा तालिम उपकेन्द्र धनगढीमा रहेको प्रदेश वृत्ति मार्गनिर्देशन सेवा केन्द्रका जनशक्ति, स्रोत साधन र पाठ्यक्रम समेत तालिममा प्रयोग गर्ने। छ) वृत्ति मार्गनिर्देशन सेवा विद्यालयमा प्रवाह गरे नगरेको अनुगमन गर्ने।	• तालिम प्राप्त शिक्षकको अभिलेख • तालिम सञ्चालन प्रतिवेदन
११. प्रारम्भिक बालविकास केन्द्रका शिक्षकहरुका लागि शैक्षिक सामग्री निर्माण तथा प्रयोग सम्बन्धी तालिम	
क) स्थानीय तहका लागि कोटा निर्धारण गर्ने। ख) स्थानीय तहलाई पत्राचार गरी २५ जना बालविकास शिक्षकहरु छनौट गर्ने।	• तालिम प्राप्त शिक्षकको अभिलेख • तालिम सञ्चालन प्रतिवेदन

ग) सामग्री निर्माणसम्बन्धी ५ दिने तालिम सञ्चालन निर्देशिका तयार गर्ने र तालिम सञ्चालन गर्ने। घ) तालिम सम्पन्नताको प्रमाणपत्र वितरण गर्ने। ङ) तालिम प्राप्त शिक्षकको अभिलेख तयार गर्ने।	
१२. सबै प्रकारका तालिम सामग्री छपाई	
क) अनुसन्धान प्रतिवेदन, समाचार तथा बुलेटिन, तालिम पाठ्यक्रम, तालिम प्रमाणपत्र, तालिम निर्देशिका लगायतका सामाग्रीहरु नियमानुसार तयार गरी छपाउने र वितरण गर्ने।	छपाइ सामग्री तथा प्रकाशित सामग्री

छ) आ. व. २०८३/०८४ मा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण गरिएका कार्यक्रमहरुको कार्यान्वयन प्रक्रिया

कृयाकलाप	उपकृयाकलाप र कार्यान्वयन प्रक्रिया	अपेक्षित उपलब्धी
१. २ कोठे/४ कोठे विद्यालय भवन/केन्द्रीकृत भान्छा घर निर्माण/चर्च निर्माण/चमेना गृह/छात्रावास/प्रशासनिक भवन/ सामुदायिक पुस्तकालय / मन्दिर निर्माण/ स्व. वि. यु. भवन/ सभाहल/ संस्कृति गृह/ बालमैत्री शौचालय /वास भवन/ल्याटी भवन निर्माण/रिसर्च सेन्टरको भौतिक निर्माण लगायतका आदि		
क) २ कोठे/४ कोठे विद्यालय भवनको हकमा सामाजिक विकास मन्त्रालय बाट स्वीकृत गरिएको ड्रइङ डिजाइन प्रयोग गर्ने, अन्यको हकमा स्थानीय तहबाट स्वीकृत ड्रइङ डिजाइन प्रयोग गर्ने। तर, प्रदेश नमूना विद्यालयमा कुनै योजना कार्यान्वयन गर्नु पर्ने अवस्थामा यस अघि स्वीकृत गरिएको डिपीआरमा उल्लिखित ड्रइङ डिजाइन अनुसार चालु आवमा सम्पन्न हुन सक्ने पूर्वाधारको निर्माण गर्ने। ख) सो अनुसारको लागत अनुमान सम्बन्धित स्थानीय तहले तयार गर्ने। ग) प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र आर्थिक मामिला मन्त्रालयको आ.व.२०८३/८४को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन अनुसार खरिद प्रक्रिया सञ्चालन गर्ने। घ) निर्माण कार्य गर्न जग्गाको प्राप्ति तथा उपयोग सम्बन्धी प्रचलित कानुन बमोजिम जग्गा उपलब्ध भएको हुनुपर्ने।	•

ङ) चालु आ. व. मै निर्माण सम्पन्न हुने गरी समयमै खरिद प्रक्रिया सञ्चालन गर्ने। अर्को आ व मा दायित्व सिर्जना हुने गरी खरिद कार्य नगर्ने नगराउने। च) विद्यालयको हकमा विद्यालय व्यवस्थापन समितिले अनुगमन समिति गठन गरी सो समितिबाट नियमित अनुगमन गरी गराइ भुक्तानीका लागि सिफारिस गरेको हुनु पर्ने। अन्यको हकमा लाभग्राही समूहबाट अनुगमन समिति गठन गरी नियमित अनुगमन गरी गराई प्रतिवेदन लिने। छ) स्थानीय तहले निर्माण कार्यको नियमित अनुगमन गरी तोकिएको ड्रइङ डिजाइन र गुणस्तर कायम गराउने। ज) स्थानीय तहले प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ को अनुसूची २ बमोजिम ढाँचामा प्रतिवेदन तयार गरी त्रैमासिक रुपमा निर्देशनालय र मन्त्रालयमा पेश गर्ने।	
२. ICT कार्यक्रम/ICT Lab/ICT तथा फर्निचर कार्यक्रम/स्मार्ट बोर्ड जडान	
क) विद्यालय/संस्थाको आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञबाट Specification र लागत अनुमान तयार गर्ने। ख) ICT तथा फर्निचर संयुक्त रुपमा रहेको कार्यक्रमको हकमा विद्यालयको आवश्यकता अनुसार विव्यसले निर्णय गर्ने र सोही आधारमा कार्यान्वयन गर्ने। घ) फर्निचर लागत अनुमान तयार गर्दा स्थानीय स्रोत, साधन, सीपको प्रयोग र निर्मित सामग्रीको दिगोपनालाई प्राथमिकता दिनु पर्ने। ङ) प्रचलित खरिद ऐन तथा नियम अनुसार खरिद कार्य गर्ने। घ) स्वीकृत Specification अनुसारका सामग्री खरिद भई प्रयोगमा आएको सम्बन्धित विषयको विज्ञको प्रतिवेदन, खरिद सम्बन्धी कागजात र विल भरपाई, दाखिला प्रतिवेदन, सामग्रीहरू स्पष्ट देखिने रंगिन फोटाहरू, वि.व्य. स. को कार्य सम्पन्न प्रतिवेदनका आधारमा नियमानुसारको करकट्टी गरी भुक्तानी गर्ने। च) कार्यक्रम कार्यान्वयन सम्बन्धमा स्थानीय तहले अनुगमन गर्ने गराउने ।	• विद्यालयमा ICT व्यवस्थापन भई शिक्षण सिकाइमा प्रयोग गरिएको हुने । • बालमैत्री फर्निचर तयार भई प्रयोगमा ल्याइएको हुने ।
३. Play Station खरिद तथा निर्माण	

क) जलवायु मैत्री स्थानीय सामग्री प्रयोग गरी टिकाउ, सुरक्षित र बालबबालिका, ज्येष्ठ नागरिक, अपाङ्गतामैत्री पार्क निर्माण गर्न सम्बन्धित विद्यालय/संस्थासँगको समन्वयनमा कार्यालयले बाल उद्यान निर्माण/चिल्ड्रेन पार्क/प्लेस्टेसनको ड्रइङ डिजाइन तयार गरी सो अनुसार लागत अनुमान स्वीकृत गर्ने। ख) निर्माण कार्य गर्न जग्गाको प्राप्ति तथा उपयोग सम्बन्धी प्रचलित कानुन बमोजिम जग्गा उपलब्ध भएको हुनुपर्ने। ग) ग) विद्यालय तथा संस्थासँग उपयुक्त आकारको जग्गा हुनु पर्ने। विद्यार्थीका लागि फुटबल, भलिबल लगायत विविध खेल खेल्न तथा प्रार्थना सत्रमा सबै विद्यार्थी उपस्थित हुन परिसरको अभाव नहुने गरी छुट्टै सुरक्षित स्थानमा निर्माण गर्नु पर्ने। घ) निर्माण गर्न सकिने सामग्री जस्तैः • Balance Track, Stepping Path, Mud Play Area, पिङ, व्यायामशाला आदि बनाउन सकिने। • प्राकृतिक छायाँदार विश्रामस्थल बनाउने। • स्थानीय परम्परागत घरका नमूना, चौतारी, स्थानीय वास्तुकलाका प्रदर्शनी हुने गरी माटो र ढुङ्गाको Mini Village क्षेत्र बनाउन सकिने। • यसरी निर्माण गरिएको क्षेत्रमा वरीपरि प्राकृतिक वा स्थानीय कच्चा पदार्थको प्रयोग गरी सुरक्षित घेरबार गर्ने। • काठ तथा बाँसको खेल संरचना। • प्राकृतिक झुला तथा चिप्लेटी काठको रोटे पिङ। • ढुङ्गा तथा माटोका खेल संरचना। • बालमैत्री हरित उद्यान। • स्थानीय कला र सिर्जनात्मक क्षेत्र।	• विद्यालयमा पर्यावरणमैत्री Play Station निर्माण भई बालबालिकालाई खेलका माध्यमबाट सिर्जना अभिव्यक्तिशीलता शारीरिक तथा मानसिक विकास भएको हुने ।

ङ) निर्माण तथा खरिद गर्दा सुरक्षा मापदण्ड अनिवार्य पालना गर्ने। बालबालिकामा हुन सक्ने चोटपटकका सम्बन्धमा ध्यान दिने। च) यी निर्माण सामग्री खरिद गर्न, मजदुरको ज्याला र अन्य कच्चा पदार्थ खरिद गर्न वि.व्य.स.को निर्णय अनुसार सार्वजिनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद तथा व्यवस्थापन कार्य गर्ने। छ) खरिद गरिएका सामग्री तथा निर्मित संरचनाको कार्यालयबाट अनुगमन गर्नु पर्ने। ज) अनुगमन प्रतिवेदन, खरिद प्रक्रियाका कागजात, बाल उद्यान निर्माण/चिल्ड्रेन पार्क/प्लेस्टेसनको स्पष्ट फोटो विव्यसको निर्णय सहितका कागजात प्राप्त भए पश्चात नियमानुसार करकट्टी गरी विद्यालय/संस्थालाई अन्तिम भुक्तानी दिने। झ) प्रचलित सार्वजनिक खरिद ऐन तथा नियम र आर्थिक मामिला मन्त्रालयको आ. व. २०८३/८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन अनुसार खरिद प्रक्रिया सञ्चालन गर्ने। ञ) चालु आ. व. मा नै निर्माण सम्पन्न हुने गरी समयमै खरिद प्रक्रिया सञ्चालन गर्ने। आगामी आ. व. मा दायित्व सिर्जना हुने गरी खरिद कार्य नगर्ने नगराउने। ट) कार्यालयले निर्माण कार्यको नियमित अनुगमन गरि स्वीकृत ड्रइङ डिजाइन अनुसार गुणस्तरीय निर्माण कार्य गराउने।	
४. अधुरा भवन/अधुरो खेलमैदान/अधुरो भवन र घेराबार निर्माण/आँगन निर्माण कार्यक्रम	
क) प्राविधिकले स्थलगत अवलोकन र नापजाँच गरी निर्माण गर्नुपर्ने थप कार्य प्राविधिक रुपले उपयुक्त भए नभएको जाँचबुझ गरी प्रतिवेदन पेश गर्ने। ख) निर्माण गर्न उपयुक्त भएको हकमा ड्रइङ/डिजाइन स्वीकृत गरी लागत अनुमान तयार गर्ने। ग) अधुरो भवनको बाँकी कार्य गर्न प्राविधिक रुपले उपयुक्त भएमा विनियोजित बजेटको परिधि भित्र रही सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र आर्थिक मामिला मन्त्रालयको आ.व.२०८३/८४को बजेट कार्यान्वयन सम्बन्धि मार्गदर्शन बमोजिम निर्माण कार्य गर्ने ।	• अधुरा भौतिक संरचनाहरु समयमै गुणस्तरीय रुपमा निर्माण भई प्रयोग योग्य हुने ।

च) चालु आ. व. मा नै निर्माण सम्पन्न हुने गरी समयमै खरिद प्रक्रिया सञ्चालन गर्ने । आगामी आ. व. मा दायित्व सिर्जना हुने गरी खरिद कार्य नगर्ने नगराउने । छ) लाभग्राही समूह/उपभोक्ता समिति/वि.व्य.स.ले अनुगमन समिति गठन गरी नियमित अनुगमन गरी गराइ प्रत्येक किस्ता भुक्तानी हुनु पूर्व भुक्तानीका लागि सिफारिस गरेको हुनु पर्ने। ज) निर्माण कार्यको नियमित अनुगमन गरी स्वीकृत ड्रइङ डिजाइन अनुसारको निर्माण कार्य र गुणस्तर कायम गराउने। झ) स्थानीय तहले प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ को अनुसूची २ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरी त्रैमासिक रुपमा निर्देशनालय र मन्त्रालयमा पेश गर्ने ।	
५. म्युरल आर्टिफिकेशन/ग्राफिटी कलाकरण निर्माण कार्यक्रम (धनगढी उपमनपा लगायतमा)	
क) सामुदायिक विद्यालय वा सार्वजनिक स्थलका ठूला भित्ता तथा कक्षाकोठाका सतहहरुमा चित्रकला, भित्तेचित्र, कलात्मक आकृति, स्थानीय संस्कृति, इतिहास, प्रकृति र शैक्षिक सन्देशहरु सहित सिंगार पटार गरी निर्माण गरिने म्युरल आर्ट र भित्ताहरुमा अक्षर, शब्द, चित्र, प्रतीक, आकृति तथा सन्देशहरुलाई कलात्मक शैलीमा प्रस्तुत गरिने ग्राफिटी कलाकरणको लागत अनुमान तयार गरी स्वीकृत गर्ने। ख) सार्वजिक खरिद ऐन तथा नियमानुसार Artist हरूबाट सामग्री निर्माण गर्ने गराउने । ग) म्युरल आर्ट अन्तर्गत निम्न लिखित आर्टहरु बनाउन सकिने। • गणित, विज्ञान, अंग्रेजी विषय लगायतका शैक्षिक म्युरल आर्ट। • स्थानीय संस्कृति, भेषभुषा, जात्रा, परम्परा, सम्पदाहरुका साँस्कृतिक म्युरल आर्ट। • पर्यवरणीय म्युरल आर्टः वनजंगल, नदी नाला, वन्यजन्तु आदि। • हिमाल, पहाड, तराई नदी नाला स्थानीय जीवनशैली झल्किने स्थानीय पहिचानयुक्त म्युरल आर्ट। • बालअधिकार तथा प्रेरणादायी कला। • सिर्जनात्मक भित्तेचित्र।	• शैक्षिक पर्यावरणीय चेतनामूलक सिर्जनात्मक र प्रेरणादायी सुन्दर कलाहरुले विद्यालय तथा सार्वजनिक स्थल सिंगारिएको हुने ।

• शैक्षिक उद्दरण र महानवाणीहरु लेखन । घ) ग्राफिटी कलाकरण अन्तर्गत निम्न नमूनाहरु बनाउन सकिने । • Inspirational Graffiti • Educational Graffiti • Environmental Graffiti • Cultural Graffiti • Social Awareness Graffiti • Creative Typography ङ) निर्मित सामग्रीहरु लागत अनुमान अनुसार काम भए नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने ।	
६. उद्यमशीलता तथा वित्तीय साक्षरता कार्यक्रम (आदर्श डोटी लगायत)	
क) उद्यमशीलता तथा वित्तीय साक्षरता तालिममा सहभागी हुन चाहने युवा तथा उद्यमीहरुका लागि स्थानीय तहले सार्वजनिक सूचना गर्ने । ख) विपन्न दलित, महिला, जनजाति, अपाङ्गता भएका व्यक्ति, एकल महिला लगायत लक्षित वर्गका युवाहरुलाई प्राथमिकता दिइ बजेटको सीमा हेरी सहभागी संख्या निर्धारण गर्ने । ग) कम्तिमा ७ दिनको उद्यमशीलता विकास र वित्तीय साक्षरता सम्बन्धी तालिम कार्यक्रमको पाठ्यक्रम स्थानीय तहले स्वीकृत गरी कार्यान्वयन गर्ने । घ) प्रशिक्षकको रुपमा सम्बन्धित विषय र क्षेत्रका विज्ञहरुलाई परिचालन गर्ने । ङ) स्थानीय उत्पादनमा आधारित उद्यमशीलता, स्थानीय उत्पादन उपयोग, बजारीकरण, भण्डारण, प्याकेजिङ, लेवलिङ, ब्रान्डिङ, पेटेन्ट राइट, स्थानीय रोजगारी तथा वित्तीय साक्षरताको परिचय, आय तथा खर्च व्यवस्थापन, बचत तथा लगानी बैङ्किङ तथा डिजिटल वित्तीय सेवा ऋण तथा कर्जा व्यवस्थापन उद्यमशीलता र स्वरोजगार वित्तीय जोखिम तथा बीमा जस्ता विषयबस्तुहरुमा युवाहरुलाई प्रशिक्षित तुल्याउने गरी विषयवस्तु छनौट गर्ने । च) अर्थ मन्त्रालयबाट स्वीकृत नर्म्स अनुसार खर्च गर्ने ।	• युवाहरूलाई उद्यमशीलता र वित्तीय साक्षरता विषयको तालिम दिइ सक्षम र सीपयुक्त बनाइएको हुने ।

७. कक्षा ११ र १२ मा अतिरिक्त कक्षा संचालन (टिकापुर न.पा. लगायत)	
क) कक्षा ११/१२ मा अतिरिक्त कक्षा सञ्चालन गर्न इच्छुक सम्बन्धित विद्यालयबाट प्रस्ताव माग गर्ने । ख) स्थानीय तहले प्रस्ताव मूल्याङ्कन गर्ने । ग) अतिरिक्त कक्षाको संख्या, विषय, कक्षा सञ्चालन समय, समूह स्थानीय तहले प्रस्तावका आधारमा निर्धारण गर्ने। घ) प्रति कक्षा प्रति विषय प्रति समूहको दर निर्धारण गर्ने। ङ) विद्यालय वा विद्यालय बाहिरका विज्ञ शिक्षक प्रयोग गरी विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन गर्ने। च) कक्षा चले नचलेको सम्बन्धमा स्थानीय तह, वि.व्य.स. र विद्यालय प्रशासनबाट नियमित अनुगमन गर्ने। छ) अतिरिक्त कक्षामा सहभागी विद्यार्थी र शिक्षकको हाजिरी, बिल भरपाई, विव्यस निर्णय र अन्य आवश्यक कागजातको आधारमा भुक्तानी सम्बन्धित शिक्षकको बैङ्क खातामा निकासा गर्ने।	• कक्षा ११ र १२ मा अतिरिक्त कक्षा सञ्चालन सुचारु भई शिक्षाको गुणस्तर र परीक्षाको नतिजमा सुधार भएको हुने ।
८. खेलमैदान/क्रिकेट ग्राउण्ड निर्माण/रंगशाला निर्माण/फुटसल निर्माण	
क) निर्माण कार्य गर्न जग्गाको प्राप्ति तथा उपयोग सम्बन्धी प्रचलित कानुन बमोजिम जग्गा उपलब्ध भएको हुनुपर्ने। ख) खेलमैदान तथा फिल्ड निर्माण गर्दा विनियोजित बजेटबाट निर्माण सम्पन्न पश्चात् तत्काल प्रयोगमा आउने कार्य तथा संरचनालाई प्राथमिकता दिने । ग) प्रचलित सार्वजनिक खरिद ऐन तथा नियम र आर्थिक मामिला मन्त्रालयको आ.व.२०८३/८४को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन अनुसार खरिद प्रक्रिया सञ्चालन गर्ने । घ) चालु आ. व. मा नै निर्माण सम्पन्न हुने गरी समयमै खरिद प्रक्रिया सञ्चालन गर्ने । आगामी आ. व. मा दायित्व सिर्जना हुने गरी खरिद कार्य नगर्ने नगराउने । ङ) लाभग्राही समूह/उपभोक्ता समितिबाट नियमित अनुगमन गरी गराइ प्रत्येक किस्ता भुक्तानी हुनु पूर्व भुक्तानीका लागि सिफारिस गरेको हुनु पर्ने । च) निर्माण कार्यको नियमित अनुगमन गरी स्वीकृत ड्रइङ डिजाइन अनुसारको निर्माण कार्य र गुणस्तर कायम गराउने।	• खेलमैदान निर्माण भई प्रयोगयोग्य भएको हुने ।

झ) स्थानीय तहले प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ को अनुसूची २ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरी त्रैमासिक रुपमा निर्देशनालय र मन्त्रालयमा पेश गर्ने ।	
९. घेरवार निर्माण/घेराबार र फिल्ड निर्माण/घेराबार र बाटो निर्माण/गेट निर्माण/पर्खाल निर्माण/घेराबार र शौचालय निर्माण	
क) निर्माण कार्य गर्न जग्गाको प्राप्ति तथा उपयोग सम्बन्धी प्रचलित कानुन बमोजिम जग्गा उपलब्ध भएको हुनुपर्ने । ख) विद्यालय/सम्बन्धित संस्थासँगको समन्वयमा स्थानीय तहले ड्रइङ डिजाइन र लागत अनुमान तयार गर्ने । ख) विनियोजित रकमबाट सम्पूर्ण संरचनामा घेरवार सम्पन्न हुने खालको (तारजाली प्रयोग, जैविक घेराबारका लागि बोटबिरूवा रोप्ने जस्तैः बाँस, निगालो, टिमुरका बोट आदि) घेरावार निर्माणलाई प्राथमिकता दिने । ग) प्रचलित सार्वजनिक खरिद ऐन तथा नियम र आर्थिक मामिला मन्त्रालयको आ.व.२०८३/८४को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन अनुसार खरिद प्रक्रिया सञ्चालन गर्ने । घ) जग्गा प्राप्तिको सुनिश्चितताका लागि आवश्यक जग्गाको जग्गाधनी पूर्जा वा सम्बन्धित स्थानीय तहको भोगाधिकार सम्बन्धी कागजात आवश्यक हुने । ङ) चालु आ. व. मानै निर्माण सम्पन्न हुने गरी समयमै खरिद प्रक्रिया सञ्चालन गर्ने । आगामी आ. व. मा दायित्व सिर्जना हुने गरी खरिद कार्य नगर्ने नगराउने । च) विद्यालय व्यवस्थापन समितिबाट नियमिन अनुगमन गरी गराइ अन्तिम किस्ता भुक्तानी हुनु पूर्व भुक्तानीका लागि सिफारिस गरेको हुनु पर्ने । छ) स्थानीय तहले निर्माण कार्यको नियमित अनुगमन गरी स्वीकृत ड्रइङ डिजाइन अनुसारको निर्माण कार्य र गुणस्तर कायम गराउने । ज) स्थानीय तहले प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ को अनुसूची २ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरी त्रैमासिक रुपमा निर्देशनालय र मन्त्रालयमा पेश गर्ने ।	• गुणस्तरीय पुर्वाधार निर्माण भई प्रयोगमा रहेको हुने ।

झ) कुनै विद्यालय वा संस्थामा फरक प्रकृतिका एकभन्दा बढी पूर्वाधार निर्माण गर्नु पर्ने अवस्थामा विद्यालय/संस्थाको आवश्यकता अनुसार अनुसार विनियोजित बजेटलाई बाँडफाँड गरी पूर्वाधारहरु निर्माण गर्नु पर्ने।	
१०. डिजिटल मार्केटिङ र AI तालिम/ डिजिटल मार्केटिङ र साइबर सुरक्षा तालिम	
क) स्थानीय तहले सार्वजनिक सूचना मार्फत १८ देखि ३५ बर्ष उमेर समूहका, बेरोजगार तथा रोजगारीको खोजीमा रहेका, उद्यमी तथा स्वरोजगार गर्न चाहने, विद्यार्थी तथा IT मा रुचि राख्ने, स्थानीय व्यवसाय सञ्चालन गरि रहेका युवालाई लक्षित गरी सहभागी छनौट गरी यो कार्यक्रम सञ्चालन गर्ने। ख) बजेटको सीमा हेरी २५ देखि ३० जना सहभागीलाई ३० दिने (१२० घण्टा) तालिम सञ्चालन गर्ने। ग) तालिमका लागि प्रदेश युवा परिषद, जिल्ला युवा सशक्तिकरण समितिका पदाधिकारीसँग समन्वय गर्ने। घ) सम्बन्धित विषयका विज्ञहरुलाई प्रशिक्षकको रुपमा परिचालन गर्ने। ङ) विषयगत विज्ञबाट निम्न पक्षहरु समेटी पाठ्यक्रम तयार गर्न लगाउने र स्थानीय तहबाट स्वीकृत गराइ कार्यान्वयन गर्ने। • Digital Marketing (40 hour) • Artificial Intelligence (40 hour) • Cyber Security (40 hour) च) पाठ्यक्रम निर्माण, प्रशिक्षक व्यवस्थापन, विशेषज्ञ प्रशिक्षक पारिश्रमिक तालिम सामग्री र स्टेशनरी Software Subscription, खाजा व्यवस्थापन प्रयोगात्मक अभ्यास प्रमाणपत्र अनुगमन प्रतिवेदन मा विनियोजित रकम स्थानीय तहबाट बाडफाँट गरी कार्यान्वयन गर्ने।	• लक्षित युवाहरुमा गुणस्तरीय तालिम सञ्चालन भई Digital Awareness AI Digital Marketing बारे सिपयुक्त जनशक्ति उत्पादन हुने।
११. तला थप	
क) निर्मित भवनको हकमा तला थप गर्नु परेमा स्थानीय तहको प्राविधिक/इन्जिनियरले स्थलगत अवलोकन र नाँपाजाँच गरी थप निर्माण कार्य गर्न प्राविधिक रुपले उपयुक्त भए नभएको जाँचबुझ गरी प्रतिवेदन पेश गर्ने।	• तला थप गर्न उपयुक्त संरचनामा गुणस्तरीय रुपमा तला थप गर्ने

ख) निर्माणाधीन अधुरो संरचनाको स्थलगत अवलोकन गरी स्वीकृत ड्रइङ्ग डिजाइन, नर्म्स एवम् स्पेसिफिकेसन बमोजिम लागत अनुमान तयार गर्न लगाउने । घ) अधुरो भवनको बाँकी कार्य गर्न उपयुक्त भएमा विनियोजित बजेटको परिधि भित्र रही सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र आर्थिक मामिला मन्त्रालयको आ.व.२०८३/८४को बजेट कार्यान्वयन सम्बन्धि मार्गदर्शन बमोजिम निर्माण कार्य गर्ने । च) चालु आ. व. मा नै निर्माण सम्पन्न हुने गरी समयमै खरिद प्रक्रिया सञ्चालन गर्ने । आगामी आ. व. मा दायित्व सिर्जना हुने गरी खरिद कार्य नगर्ने नगराउने । छ) लाभग्राही समूह/उपभोक्ता समिति/वि.व्य.स.ले अनुगमन समिति गठन गरी नियमित अनुगमन गरी गराइ प्रत्येक किस्ता भुक्तानी हुनु पूर्व भुक्तानीका लागि सिफारिस गरेको हुनु पर्ने । ज) स्थानीय तहले निर्माण कार्यको नियमित अनुगमन गरी स्वीकृत ड्रइङ डिजाइन अनुसारको निर्माण कार्य र गुणस्तर कायम गराउने । झ) स्थानीय तहले प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ को अनुसूची २ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरी त्रैमासिक रुपमा निर्देशनालय र मन्त्रालयमा पेश गर्ने ।	कार्य सम्पन्न भई प्रयोगमा आएको हुने ।
१२. प्रदेश भलिबल/भानु गोल्डकप/महिला क्रिकेट प्रतियोगिता सञ्चालन	
क) प्रतियोगिता सञ्चालनमा जिल्ला खेलकूद समिति, स्थानीय खेलकूद समिति, क्लब खेलकूद संघहरु सहयोग लिने । ख) बजेटको सिमा हेरी स्थानीय तह स्तरीय जिल्ला स्तरीय प्रदेश स्तरीय प्रतियोगिता सञ्चालन गर्ने । ग) खेलाडी छनौट प्रशिक्षक छनौट र व्यवस्थापन तथा खेलकूद संचानल र निर्णय प्रक्रियामा पारदर्शिता निष्पक्षता खेल भावना अनुशासन कायम गर्ने । घ) खेलकुद सञ्चालनको नर्म्स र खर्च व्यवस्थापन स्थानीय खेलकूद समिति, जिल्ला खेलकूद समिति, प्रदेश खेलकूद परिषद, राष्ट्रिय खेलकुद परिषदको खर्च व्यवस्थापन सम्बन्धी नियम कानुन अनुसार गर्ने ।	• निर्विवादित रुपमा खेलकूद प्रतियोगिता सञ्चालन भई खेल क्षेत्रको विकास भएको हुने ।
१३. बालमैत्री चिल्ड्रेन पार्क तथा सामग्री खरिद कार्यक्रम	

क) जलवायु मैत्री स्थानीय सामग्री प्रयोग गरी टिकाउ, सुरक्षित र बालबबालिका, ज्येष्ठ नागरिक, अपाङ्गतामैत्री पार्क निर्माण गर्न सम्बन्धित विद्यालय/संस्थासँगको समन्वयनमा कार्यालयले बाल उद्यान निर्माण/चिल्ड्रेन पार्क/प्लेस्टेसनको ड्रइङ डिजाइन तयार गरी सो अनुसार लागत अनुमान स्वीकृत गर्ने। ख) विद्यालय तथा संस्थासँग उपयुक्त आकारको जग्गा हुनु पर्ने। विद्यार्थीका लागि फुटबल, भलिबल लगायत विविध खेल खेल्न तथा प्रार्थना सत्रमा सबै विद्यार्थी उपस्थित हुन परिसरको अभाव नहुने गरी छुट्टै सुरक्षित स्थानमा निर्माण गर्नु पर्ने। ग) निर्माण गर्न सकिने सामग्री जस्तैः • Balance Track, Stepping Path, Mud Play Area, पिङ, व्यायामशाला आदि बनाउन सकिने। • प्राकृतिक छायाँदार विश्रामस्थल बनाउने। • स्थानीय परम्परागत घरका नमूना, चौतारी, स्थानीय वास्तुकलाका प्रदर्शनी हुने गरी माटो र ढुङ्गाको Mini Village क्षेत्र बनाउन सकिने। • यसरी निर्माण गरिएको क्षेत्रमा वरीपरि प्राकृतिक वा स्थानीय कच्चा पदार्थको प्रयोग गरी सुरक्षित घेरबार गर्ने। • काठ तथा बाँसको खेल संरचना। • प्राकृतिक झुला तथा चिप्लेटी काठको रोटे पिङ। • ढुङ्गा तथा माटोका खेल संरचना। • बालमैत्री हरित उद्यान। • स्थानीय कला र सिर्जनात्मक क्षेत्र। घ) निर्माण तथा खरिद गर्दा सुरक्षा मापदण्ड अनिवार्य पालना गर्ने। बालबालिकामा हुन सक्ने चोटपटकका सम्बन्धमा ध्यान दिने।	• स्थानीय स्रोत साधन र सिपमा पर्यावरणमैत्री बालउद्यान तथा चिल्ड्रेन पार्क निर्माण तथा व्यवस्थापन भई प्रयोगमा आएको हुने।

ङ) यी निर्माण सामग्री खरिद गर्न, मजदुरको ज्याला र अन्य कच्चा पदार्थ खरिद गर्न वि.व्य.स.को निर्णय अनुसार सार्वजिनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद तथा व्यवस्थापन कार्य गर्ने । च) खरिद गरिएका सामग्री तथा निर्मित संरचनाको कार्यालयबाट अनुगमन गर्नु पर्ने । छ) अनुगमन प्रतिवेदन, खरिद प्रक्रियाका कागजात, बाल उद्यान निर्माण/चिल्ड्रेन पार्क/प्लेस्टेसनको स्पष्ट फोटो विव्यसको निर्णय सहितका कागजात प्राप्त भए पश्चात नियमानुसार करकट्टी गरी विद्यालय/संस्थालाई अन्तिम भुक्तानी दिने । ज) प्रचलित सार्वजनिक खरिद ऐन तथा नियम र आर्थिक मामिला मन्त्रालयको आ. व. २०८३/८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन अनुसार खरिद प्रक्रिया सञ्चालन गर्ने । झ) चालु आ. व. मा नै निर्माण सम्पन्न हुने गरी समयमै खरिद प्रक्रिया सञ्चालन गर्ने । आगामी आ. व. मा दायित्व सिर्जना हुने गरी खरिद कार्य नगर्ने नगराउने । ठ) कार्यालयले निर्माण कार्यको नियमित अनुगमन गरि स्वीकृत ड्रइङ डिजाइन अनुसार गुणस्तरीय निर्माण कार्य गराउने ।	
१४. भौतिक पूर्वाधार निर्माण/पूर्वाधार विकास निर्माण	
क) विद्यालय संस्थासँग समन्वय गरी निर्माण गर्नु पर्ने भौतिक पुर्वाधारको ड्रइङ डिजाइन स्थानीय तहबाट स्वीकृत गर्ने । ख) सो अनुसार लागत अनुमान स्थानीय तहले स्वीकृत गर्ने । ग) प्रचलित सार्वजनिक खरिद ऐन तथा नियम र आर्थिक मामिला मन्त्रालयको आ.व.२०८३/८४को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन अनुसार खरिद प्रक्रिया सञ्चालन गर्ने । घ) निर्माण कार्य गर्न जग्गाको प्राप्ति तथा उपयोग सम्बन्धी प्रचलित कानुन बमोजिम जग्गा उपलब्ध भएको हुनुपर्ने । ङ) चालु आ व मै निर्माण सम्पन्न हुने गरी समयमै खरिद प्रक्रिया सञ्चालन गर्ने । अर्को आ व मा दायित्व सिर्जना हुने गरी खरिद कार्य नगर्ने नगराउने ।	• गुणस्तरीय भौतिक पुर्वाधार निर्माण कार्यक्रम कार्यान्वयन भई प्रयोगयोग्य भौतिक पुर्वाधार तयार भएको हुने ।

च) विद्यालयको हकमा विद्यालय व्यवस्थापन समितिले अनुगमन समिति गठन गरी सो समितिबाट नियमित अनुगमन गरी गराइ भुक्तानीका लागि सिफारिस गरेको हुनु पर्ने। अन्यको हकमा सम्बन्धित वडाबाट सिफारिस गर्ने। छ) स्थानीय तहले निर्माण कार्यको नियमित अनुगमन गरी तोकिएको ड्रइङ डिजाइन र गुणस्तर कायम गराउने। ज) स्थानीय तहले प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ को अनुसूची २ बमोजिम ढाँचामा प्रतिवेदन तयार गरी त्रैमासिक रुपमा निर्देशनालय र मन्त्रालयमा पेश गर्ने।	
१५. पुस्तकालय विकास/ पुस्तकालय व्यवस्थापन	
क) पुस्तकालय व्यवस्थापनका लागि पुस्तक पत्रपत्रिका खरिद, ऱ्याक दराज लगायतका भौतिक पुर्वाधार, पुस्तकालयका लागि कम्प्युटर खरिद लगायतका कार्य गर्न विद्यालय तथा संस्थासंग समन्वय गरी स्थानीय तहले लागत अनुमान तयार स्वीकृत गर्ने। ख) सार्वजनिक खरिद ऐन तथा नियमानुसार खरिद तथा निर्माण कार्य सम्बन्धित विद्यालय तथा संस्थाले संचालन गर्ने। ग) खरिद कार्यको स्थानीय तहबाट अनुगमन गरी प्रतिवेदन लिने। घ) वि व्य स तथा समितिको निर्णय, खरिद अनुगमन प्रतिवेदन खरिदका कागजात पुस्तक तथा सामाग्रीको स्पष्ट फोटो सहित फाइल पेश भए पछि नियमानुसार करकट्टी गरी भुक्तानी दिनु पर्ने। ङ) आवश्यकताअनुसार इ-पुस्तकालय समेत व्यवस्थापन गर्न सकिने।	• पुस्तकालय व्यवस्थापन भई प्रयोगमा आएको हुने।
१६. युवा सशक्तिकरण कार्यक्रम (धनगढी उपमनपा)	
क) प्रदेश युवा परिषद जिल्ला युवा सशक्तिकरण समिति सँगको समन्वयमा स्थानीय तहले युवा सशक्तिकरण कार्यक्रम संचालन गर्ने । ख) युवा उद्यमशीलता डिजिटल साक्षरता ICT, AI को प्रयोग Digital Marketing जस्ता कार्यक्रम कार्यान्वयन गर्न सकिने । ग) यसै पुस्तिकाको माथि बुँदा नं ६ र बुँदा नं १० मा उल्लेख भए अनुसार गर्ने ।	• युवाहरुलाई विविध समसामयिक विषयमा सिप र दक्षतायुक्त बनाइ सक्षम युवा जनशक्ति तयार भएको हुने ।

१७. फर्निचर निर्माण/फर्निचर खरिद/फर्निचर तथा कार्यालय व्यवस्थापन	
क) विद्यालय तथा संस्थासँगको समन्वयमा स्थानीय तहले फर्निचर निर्माण तथा खरिदका लागि लागत अनुमान तयार गर्ने । ख) स्थानीय काठको प्रयोग गर्ने गरी फर्निचरको लागत अनुमान तयार गर्ने । ग) फर्निचर कार्यक्रमलागि छनौट भएका विद्यालय तथा संस्थासंग स्थानीय तहले सम्झौता गर्ने । घ) विद्यालय तथा संस्थाले सार्वजनिक खरिद सम्बन्धी कानुन अनुसार खरिद कार्य सम्पन्न गर्नु पर्ने । ङ) स्थानीय तहले कार्यक्रम कार्यान्वयनको गुणस्तर समय समयमा अनुगमन गर्ने । च) कार्यसम्पन्न प्रतिवेदन विव्यसको निर्णय खरिद प्रक्रियाका कागजात नापी किताव विल भर्पाई र मर्मत कार्यको फोटो सहितको फाइल प्राप्त भए पश्चात विद्यालय/ संस्थालाई नियमानुसार करकट्टी गरी भुक्तानी दिनु पर्ने ।	• गुणस्तरीय फर्निचरको व्यवस्थापन भै बसाइ व्यवस्थापनमा सहज भएको हुने ।
१८.भवन मर्मत/भौतिक पूर्वाधर मर्मत/विद्यालय मर्मत रंगरोगन/साइकल स्टयाण्ड मर्मत	
क) मर्मत गर्नु पर्ने संरचनाको मर्मत कार्यको इस्टिमेट, लागत अनुमान स्थानीय तहका प्राविधिकहरुले तयार गरी स्थानीय तहबाट स्वीकृत गर्ने । ख) उक्त लागत अनुमान अनुसार निर्माण कार्य गर्न विद्यालय / संस्थासँग सम्झौता गर्ने । ग) विद्यालय तथा संस्थाले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार मर्मत तथा रंगरोगन कार्य सञ्चालन गर्ने । घ) स्थानीय तहले कार्यक्रम कार्यान्वयनको गुणस्तर समय समयमा अनुगमन गर्ने । ङ) कार्यसम्पन्न प्रतिवेदन विव्यसको निर्णय खरिद प्रक्रियाका कागजात नापी किताव विल भर्पाई र मर्मत कार्यको फोटो सहितको फाइल प्राप्त भए पश्चात विद्यालय /संस्थालाई नियमानुसार करकट्टी गरी भुक्तानी दिनु पर्ने ।	• निर्मित भौतिक पुर्वाधारको मर्मत भै दिगो र प्रयोगयोग्य पूर्वाधार संरचना तयार हुने ।
१९. विज्ञान प्रयोगशाला व्यवस्थापन (सिगास, गोदावरी, जोशीपुर लगायत)	

क) प्रयोगशाला स्थापना गर्नु पर्ने विद्यालयबाट प्रस्ताव माग गर्नु पर्ने । ख) प्रयोगशालाको विद्यमान स्थिति थप आवश्यकता खरिद तथा निर्माण गर्नु पर्ने आवश्यक कार्यहरुको लागत अनुमान विद्यालयले सम्बन्धित विषयका शिक्षकहरुको सहयोगमा तयार गरी प्रस्ताव स्थानीय तहमा पेश गर्नु पर्ने । ग) प्रयोगशालामा आवश्यक पर्ने उपकरणहरु, प्रयोगात्मक सामग्री, केमिकलहरु, भौतिक रासायनिक जीव विज्ञानको प्रयोगात्मक कक्षामा आवश्यक पर्ने अन्य सामग्रीहरु खरिद तथा प्रयोगशालामा आवश्यक फर्निचर तथा फिक्स्चर खरिद तथा व्यवस्थापन कार्य सञ्चालन गर्न सकिने । घ) खरिद कार्य सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार सञ्चालन गर्नु पर्ने । ङ) समय समयमा स्थानीय तहबाट कार्यसञ्चालनको अनुगमन गर्नु पर्ने । च) अनुगमन प्रतिवेदन, विव्यसको निर्णय, खरिद कागजात, विल भरपाई, खरिद तथा निर्मित सामग्रीको स्पष्ट देखिने तस्बीर सहितको फाइल प्राप्त भए पश्चात नियमानुसार करकट्टी गरी विद्यालयलाई भुक्तानी दिनु पर्ने ।	• विज्ञान प्रयोगशालाको व्यवस्थापन भई प्रयोगात्मक रुपमा शिक्षण सिकाइ सञ्चालन गरिएको हुने ।
२०. विद्यालयमा खानेपानी ट्याङ्की व्यवस्थापन/विद्यालयमा पिउने पानी व्यवस्थापन (घोडाघोडी नपा र टिकापुर नपा लगायत)	
क) विद्यार्थी संख्या, खानेपानीको स्रोतको उपलब्धता, निर्माण तथा खरिद आवश्यकताको आधारमा कार्यसँचालन गर्नु पर्ने विद्यालय तथा संस्थाको आवश्यकताको आधारमा स्थानीय तहले निर्माण तथा खरिद कार्यको लागत अनुमान तयार गरी स्वीकृत गर्ने। ख) कार्यक्रमका लागि छनौट भएका विद्यालय तथा संस्थाबाट प्रस्ताव माग गर्न सार्वजनिक सूचना गर्ने । कार्यक्रम सञ्चालनका लागि विद्यालय तथा संस्था छनौट गर्नु पर्ने अवस्थामा मूल्याङ्कन गरी सबैभन्दा बढी आवश्यकता भएका विद्यालय तथा संस्थालाई प्राथमिकता दिइ छनौट गर्ने। ग) विद्यालय तथा संस्था संग कार्यसञ्चालन सम्झौता गर्ने। घ) विद्यालय तथा संस्थाले सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद कार्य सञ्चालन गर्नु पर्ने। ङ) समय समयमा स्थानीय तहबाट कार्यसञ्चालनको अनुगमन गर्नु पर्ने।	• विद्यालय तथा संस्थाको आवश्यकता अनुसार शुद्ध पिउने पानीको व्यवस्थापन गुणस्तरीय रुपमा सम्पन्न भै प्रयोगमा आएको हुने ।

च) अनुगमन प्रतिवेदन, विव्यसको निर्णय, खरिद कागजात, विल भरपाई, खरिद तथा निर्मित सामग्रीको स्पष्ट देखिने तस्बीर सहितको फाइल प्राप्त भए पश्चात नियमानुसार करकट्टी गरी विद्यालयलाई भुक्तानी दिनु पर्ने।	
२१. शैक्षिक सामग्री खरिद तथा व्यवस्थापन (थलारा गा पा लगायत)	
क) स्थानीय तहले कार्यक्रमका लागि छनौट भएका विद्यालय तथा शैक्षिक संस्थासँग प्रस्ताव पेश गर्न सार्वजनिक सूचना गर्ने। ख) विद्यालयका शिक्षक विव्यसको बैठकबाट विद्यालयमा आवश्यक पर्ने शैक्षिक सामग्री तथा तिनको अनुमानित बजार मूल्य सम्मिलित लागत अनुमान स्वीकृत गरी प्रस्ताव सँगै पेश गर्नु पर्ने। ग) शैक्षिक सामग्रीको सूची तयार गर्दा पर्यावरणमैत्री Eco Friendly र Greenery सामग्री चयन गर्ने । प्लाष्टिक, रबर, फलामको सट्टा काठबाट बनेका, स्थानीय कच्चा पदार्थबाट निर्मित टिकाउयुक्त प्रयोगयोग्य तथा बालमैत्री सामग्री समेट्नु पर्ने। घ) शिक्षण सिकाइमा बढी प्रयोग हुने बहु विषय शिक्षणमा उपयोगी सामग्रीलाई प्राथमिकता दिनु पर्ने। ङ) शैक्षिक सामग्रीको सूची तयार गर्दा सम्बन्धित विषयका विज्ञ शिक्षक तथा प्राध्यापकहरुको सहयोग लिनु पर्ने। च) स्थानीय तहले विद्यालयसंग कार्यसञ्चालन सम्झौता गर्ने। छ) विद्यालय तथा संस्थाले सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद कार्य सञ्चालन गर्नु पर्ने। ङ) समय समयमा स्थानीय तहबाट कार्यसञ्चालनको अनुगमन गर्नु पर्ने। च) अनुगमन प्रतिवेदन, विव्यसको निर्णय, खरिद कागजात, विल भरपाई, खरिद तथा निर्मित सामग्रीको स्पष्ट देखिने तस्बीर सहितको फाइल प्राप्त भए पश्चात नियमानुसार करकट्टी गरी विद्यालयलाई भुक्तानी दिनु पर्ने।	• गुणस्तरीय र पर्यावरणमैत्री शैक्षिक सामग्री व्यवस्थापन भई शिक्षण सिकाइमा प्रयोग गरिएको हुने ।
२२. सुधारिएको चुलो वितरण (डिलाशैनी गापा लगायत)	
क) कम दाउरा खपत गर्ने कम धुँवा फाल्ने, टिकाउ युक्त, भान्छामा प्रयोग गर्न सहज जस्ता मापदण्डको आधारमा सुधारिएको चुलोको लागत अनुमान बजार अध्ययन गरी स्थानीय तहले स्वीकृत गर्ने । ख) सार्वजिनक खरिद ऐन तथा नियमावली अनुसार स्थानीय तहले सुधारिएको चुलो खरिद गर्ने ।	• गुणस्तरीय टिकाउयुक्त सुधारिएको चुलो खरिद भई उपयुक्त लक्षित वर्गका लाभग्राहीहरुलाई वितरण गरी

ग) स्थानीय विपन्न तथा गरिब परिवार, दलित, जनजाती, सिमान्तकृत समुह, एकल महिला, स्वच्छ उर्जाको पहुँचमा नपुगेका क्षेत्र, दाउरामा निर्भर परिवार, बनजंगलको नजिकका बस्ती, धुँवाका कारण रोगको जोखिममा परेका व्यक्तिहरुका लागि प्राथमिकता दिने गरी सुधारिएको चुलो वितरण सम्बन्धी कार्यविधि निर्माण गरी स्थानीय तहबाट स्वीकृत गर्ने । घ) उक्त कार्यविधि वडा कार्यालय वेवसाइट, फेसबुक पेज वा अन्य सञ्चार माध्यमबाट सार्वजनिक गर्ने । ङ) सुधारिएको चुलो प्राप्त गर्न इच्छुक व्यक्तिहरुका लागि सार्वजनिक सूचना जारी गर्ने । सो सूचनाको स्थानीय तहका सबै वडा कार्यालय वा अन्य माध्यमबाट प्रचार प्रसार गरी आवश्यक कागजात सहित आवेदन पेश गर्न लगाउने । च) स्वीकृत कार्यविधिका आधारमा स्थानीय तहबाट उपयुक्त लाभग्राही छनौट गर्ने । छ) छनौट भएका लाभग्राहीलाई सुधारिएको चुलो वितरण गर्ने । ज) सुधारिकएको चुलोको प्रयोग सम्बन्धी लाभग्राहीहरुलाई एक दिने अभिमुखीकरण स्थानीय तहले सञ्चालन गर्ने ।	प्रयोग गरिएको हुने । • दाउराको खपत कम भएको हुने । • प्रयोग कर्ताको स्वास्थ्य अवस्थामा सुधार भएको हुने ।
२३. शिशु कक्षा व्यवस्थापन र विद्यालय फिल्ड निर्माण (महाकाली नपा दार्चुला समेत)	
क) कार्यक्रमका लागि छनौट भएका विद्यालयबाट शिशु कक्षा व्यवस्थापनका लागि आवश्यक शैक्षिक सामग्री, सजिसजावटका सामग्री, शिशुकक्षामा आवश्यक पर्ने म्याट, कुशन खेलौना खेल सामग्री आदि आवश्यक सामग्री तथा विद्यालयको फिल्ड निर्माणका लागि लागत अनुमान सहितको प्रस्ताव पेश गर्न सूचना गर्ने । ख) शिशु कक्षाका सामग्री व्यवस्थापन तथा विद्यालयको फिल्ड निर्माणका लागि विद्यालयसँग सम्झौता गर्ने । ग) सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार विद्यालयले खरिद तथा निर्माण कार्य सम्पन्न गर्ने । घ) स्थानीय तहबाट कार्यक्रम कार्यान्वयनको अनुगमन गर्नु पर्ने । ङ) अनुगमन प्रतिवेदन, विव्यसको निर्णय, खरिद कागजात, विल भरपाई, खरिद तथा निर्मित सामग्रीको स्पष्ट देखिने तस्बीर सहितको फाइल प्राप्त भए पश्चात नियमानुसार करकट्टी गरी विद्यालयलाई भुक्तानी दिनु पर्ने ।	• शिशु कक्षा व्यवस्थापन भई सफा आरामदायी र सजिसजावटयुक्त कक्षामा बालबालिकालाई पठनपाठन गरिएको हुने । • सुरक्षित र खेलकुदका लागि उपयुक्त बालमैत्री फिल्ड निर्माण गरिएको हुने ।

प्रकाशकः
सामाजिक विकास मन्त्रालय
शैक्षिक योजना तथा अनुसन्धान महाशाखा
उच्च शिक्षा महाशाखा
युवा तथा खेलकूद महाशाखा
सामाजिक विकास महाशाखा